




# नेपाल समाचारपत्र
नेपाली मनका नेपाली पत्रिका
NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकसेन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



» सोमबार, साउन २३, २०७४ » Monday, August 7, 2017 » www.newsofnepal.com » नेसं ११३७ गुँला थ्व: १५ » वर्ष २३, अंक २०९ » पृष्ठ १२ » मूल्य रू. १०/–







चार बालिकाको मृत्यु प्रकरण

# गरुडा शोकमा, संसद्मा आक्रोश



**नेपाल समाचारपत्र**

काठमाडौं

व्यवस्थापिका-संसद्को आइतबारको बैठकमा सभामुख ओनसरी घर्तीले रौतहटको गरुडामा ४ बालिकाको खाल्डामा डुबेर मृत्यु भएको घटनाबारे नेपाल सरकारको विशेष ध्यानाकर्षण गराउनुभएको छ।

उहाँले व्यवस्थापिका-संसद्को बैठकमा सोबारे जवाफ दिन सरकारलाई निर्देशन दिनुभयो। आइतबारको बैठकको प्रारम्भमा समय माग गर्दै नेकपा एमालेका प्रमुख सचेतक भानुभक्त ढकालले सो सडक निर्माणमा संलग्न ठेकेदारको लापरबाहीको आलोचना गर्नुभएको थियो।

उहाँले आफूहरूले यस्ता घटना हुन नदिनेतर्फ आवश्यक प्रयास गर्न सरकारको पटकपटक ध्यानाकर्षण गराएको तर त्यसको सुनुवाइ नभएको बताउँदै मृतक बालिकाका अभिभावकलाई क्षतिपूर्तिको व्यवस्था गर्न र लापरबाही गर्ने ठेकेदारलाई कारबाही गर्न माग गर्नुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# भ्याट बिलमा ठूला उद्योगी तानिँदै

काठमाडौं, (नेस)

राजस्व अनुसन्धान विभागले नक्कली भ्याट बिल बनाएर करोडौं राजस्व चुहावट गर्ने विषयमा अनुसन्धान थालेको पाइएको छ।



महानिर्देशक

'नक्कली भ्याट बिल बनाएर ठूलै राजस्व चुहावट गरेको विषयमा अहिले प्रारम्भिक अनुसन्धान शुरू गरेका छौं' -राजस्व अनुसन्धान विभागका महानिर्देशन रामकृष्ण सुवेदीले आइतबार आयोजित पत्रकार भेटघाटमा भन्नुभयो।

'अनुसन्धान पूरा भएपछि राजस्व अनुसन्धानको कार्यमा ठूलो परिर्वतन ल्याउने छ। अहिले यति मात्र भन्न सकिन्छ' -महानिर्देशक सुवेदीले भन्नुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# राप्रपा फुट्यो

रामकृष्ण चापागाईं, काठमाडौं

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) फुटेको छ। अध्यक्ष कमल थापाले पार्टी एकलौटी ढंगले सञ्चालन गरेको भन्दै शीर्ष नेता पशुपतिशमशेर राणासहित ७२ जना केन्द्रीय सदस्यहरू फुटेर छुट्टै पार्टी दर्तामा गएका छन्। कुल ३७ जना सांसद रहेको राप्रपामा २२ जना सांसद पनि छुट्टिएका छन्। कुल १ सय ६३ केन्द्रीय सदस्य रहने राप्रपामा केही सदस्य मनोनित गर्न बाँकी थियो।

पछिल्लो समय अध्यक्ष कमल थापाले एकलौटी ढंगले केन्द्रीय सदस्यहरू मनोनित गरेको भन्दै अर्का नेता राणाले चर्को असन्तुष्टि जनाउनुभएको थियो। राप्रपाभित्र वर्तमान सरकारमा सहभागी हुने र नहुने भन्नेबारेमा पनि चर्को विवाद थियो। राप्रपा सरकारमा नआएपछि प्रधानमन्त्री शेरबहादुर देउवाले हालै मात्र राप्रपाबाहेक मन्त्रिपरिषद् विस्तार गर्नुभएको थियो।

एकीकरण भएपछि कुल १ सय ६३ सदस्य रहने केन्द्रीय समितिमा अध्यक्षसहित ६० प्रतिशत केन्द्रीय सदस्य निर्वाचित हुनुपर्ने वैधानिक व्यवस्था बनाइएको थियो। बाँकी केन्द्रीय सदस्य र पदाधिकारी भने अध्यक्षले मनोनित गर्ने व्यवस्था थियो। राप्रपाको विधानमा २४ पदाधिकारीमध्ये ३ जना उपाध्यक्ष, महामन्त्री ३, प्रवक्ता १, कोषाध्यक्ष १, सहमहामन्त्री ५, सहायक महामन्त्री ७, सहायक कोषाध्यक्ष १ र सहायक प्रवक्ता २ रहने व्यवस्था गरिएको थियो।



केन्द्रिय सदस्य राजाराम श्रेष्ठले नेपाल समाचारपत्रलाई जानकारी दिए अनुसार पार्टी फुटेर पशुपतिशमशेर राणाको नेतृत्वमा राष्ट्रिय प्रजातन्त्र पार्टी प्रजातान्त्रिक दर्ताको प्रक्रियामा निर्वाचन आयोग गएको हो। अध्यक्ष थापाको नेतृत्वप्रति असन्तुष्टि जनाएर फुटेर आउने वरिष्ठ नेताहरूमा दीपक बोहोरा, विक्रम पाण्डे, राजाराम श्रेष्ठ, सुनील थापा, नीलकण्ठ काफ्ले, राजेन्द्र गुरुङ दुर्गा श्रेष्ठलगायतका नेताहरू छन्।

अध्यक्ष कमल थापाको नेतृत्वमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल र पशुपतिशमशेर राणाको नेतृत्वमा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी एकीकरण भएर बनेको राप्रपा एकीकरण भएको एक वर्ष नपुग्दै फुटेको हो। त्यति बेला थापाले नेतृत्व गरेको पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको २५ जना र राणाले नेतृत्व गरेको पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टीका १२ जना सांसद थिए। कुल ३७ सांसदसहित राप्रपा मुलुकको चौथो ठूलो शक्ति बनेको थियो। शीर्ष नेताहरू थापा, राणाका साथै लोकेन्द्रबहादुर चन्द र डा. प्रकाशचन्द्र लोहनीबीचको एकतासँगै अघि बढेको राप्रपा एकता महाधिवेशनलगत्तै डा. लोहनी अध्यक्ष थापाले पार्टीलाई निरंकुश ढंगले एकलौटी सञ्चालन गरेको भन्दै छुट्टिएका थिए।

राप्रपाबाट छुट्टिएर जाने सांसदहरूमा पहिले राणाको नेतृत्वमा रहेको राप्रपामा रहेका १२ मध्ये ११ जना छन् भने थापाको नेतृत्वमा रहेको राप्रपा नेपालका ११ जना सांसद छन्। पहिलेको राप्रपाबाट जयन्त चन्द आएका छैनन्। लोकेन्द्रबहादुर चन्दका पुत्रसमेत रहेका जयन्तले हस्ताक्षर नगरेको बताइएको छ। पार्टी फुटेको बारे लोकेन्द्रबहादुर चन्दले नेपाल समाचारपत्रसँग कुरा गर्दै भन्नुभयो- 'आज दिउँसो मात्र हामी शीर्ष तीन नेता (कमल थापा, पशुपति राणा र लोकेन्द्रबहादुर चन्द) बीच छलफल भएको थियो। भोलि (आज सोमबार) पुन: छलफल गर्ने गरी छुट्टिएका हौं। पार्टी फुटेको र नयाँ पार्टी दर्ताको प्रक्रियामा गएको बारेमा मैले बुझ्न पाएको छैन।'

राप्रपाबाट फुटेर जाने अन्य सांसदहरूमा रामकुमार सुब्बा, रेशम लामा, विराज विष्ट, बबिना मोत्तान, सीता लुइँटेल, कमलादेवी शर्मा, लीलादेवी श्रेष्ठलगायतका छन्। यी सबै सांसदहरू पार्टी एकीकरण पहिले कमल थापाको नेतृत्वमा थिए। पार्टी फुटेसँगै नयाँ दल दर्ताका लागि राणाको नेतृत्वमा गएको नेताहरूको टोली साँझ अबेरसम्म निर्वाचन आयोगमा रहेको नेता राजाराम श्रेष्ठले जानकारी दिनुभयो।

१ सय ४५ को जीवनलीला टुंगिएको ठाउँ

# कसरी सिलाउने फाटेको मन ?

नानीराम नेपाल, सिन्धुपाल्चोक

२०७१ साउन १७ गतेको राति जुरेमा पहाडै खस्यो। राम्चेको इटिनी भीर खस्दा मांखा कागुने, ड्यामसाइड र टेकानपुरका १ सय ४५ ले ज्यान गुमाए। कति घाइते र अंगभंग भए। सयौंको घरबास खोसियो। पहाड नै खसेपछि १४ घण्टासम्म सुनकोसी थुनियो। १४ घण्टा सुनकोसी बगेन, जुरेमा आँसु मात्र बगिरह्यो। १ सय ४५ जनाको जीवनलीला समाप्त पार्ने गरी जुरेमा पहाड खसेको तीन वर्ष भएको छ। तीन वर्षका बीच सुनकोसीमा धेरै पानी बगिसकेको छ, पहिरोले उजाड बनाएका भीरपाखामा रुखबिरुवा पलाइसकेका छन्। खण्डहरू बनेको त्यो ठाउँ क्रमश: हरियाली बन्दै छ तर पहिरोका पीडित/विस्थापितका मुहारमा खुसी फर्किएको छैन अझै। पहिरोले विस्थापित बनाएकाहरू अझै पनि विस्थापित जीवन बिताइरहेका छन्। उनीहरू पहिलेकै जग्गाजमिनमा फर्कन सकिरहेका छैनन्। बरु पहिरोमा रुख पलाइसक्यो तर पीडित विस्थापितको जीवनमा खुसी पलाउन सकेन।



तीन वर्षअघि पहिरोमा परिवारका पाँच जनालाई गुमाएका ड्यामसाइडका कृष्णराम श्रेष्ठ आइतबार पहिरो स्थलमै टोलाइरहेका थिए। पहिरोमा परी घाइते भएका उनको घाउ त निको भइसक्यो, तर मनको घाउ निको भएको छैन अझै। पहिरोमा घरभित्रै परेका उनको पेटमा ठूलो चोट लाग्यो। अस्पतालमा उपचार गराए, डाक्टरले च्यातिएको शरीर सिलाइदिए तर फाटेको मन सिलाउन अझै सकिरहेका छैनन् उनी। पहिरोमा पत्नीसहित दुई बालबच्चा र भाइ गुमाएका उनले केही समयअघि विवाह गरे अनि जिन्दगीको नयाँ अध्याय लिएर थातथलो फर्किए। अन्यत्र जग्गाजमिन नभएपछि पहिरोको छेवैमा उनले घर बनाइरहेका छन्। १ सय ४५ को जीवनलीला टुंगिएको त्यही ठाउँमा उनी जीवनको नयाँ अध्याय लिएर फर्किएका हुन्। 'अब त पहिरो आउँदैन होला भनेर यहीं आएँ', सोमबार ड्यामसाइडमा भेटिएका उनी भन्दै थिए- 'जाने ठाउँ कतै छैन, बास त बनाउनै पर्‍यो।'

उनीसँगै थिए कागुनेका रामबहादुर तामाङ। उनी पनि पहिरोले बगाएको आफ्नो घरको निशाना नियालिरहेका थिए। ड्यामसाइडस्थित वनसाँघु माध्यमिक विद्यालय छेउमा बसेर आफ्नो घर जग्गाको भूगोल देखाउँदै थिए उनी पनि। 'ऊ त्यहींनेर थियो घर, तलदेखि माथिसम्म मेरै जग्गा थियो' -भन्दै थिए उनी। २०७१ साउन १७ को त्यो जुरे विनाशलीलामा परिवार गुमाएका मान्छे हुन उनी पनि। पहिरोले उनको घरजग्गाको भूगोल मात्र भत्काएन, परिवार नै भत्काइदियो। पहिरोले परिवारको सुख खोस्यो, खुसी लुटियो। खुसी लुटिएको त्यो क्षण उनी घरिघरि सम्झन्छन् अनि सुस्केरा हाल्छन्। क्रमश: पीडा भुल्दै उनी सामान्य जीवनमा फर्किएका छन् तर जुरेको पहिरो उनको मनमा अमिट बनेर बसिरहेको छ। 'त्यो कालो दिन कसरी भुल्न सकिएला र?' -उनी भन्छन्।

थातथलोमै फर्किएर जाने रहर छैन, जाने ठाउँ पनि कतै छैन।

(क्रमश: पृष्ठ ९ मा)

# इतिहास बन्दै हुलाक

## सूचना प्रविधिले मारेको छलाङ्ले हुलाक सेवामा कार्यरत १८ हजार कर्मचारीलाई नयाँ कामको जिम्मेवारी दिन थालिको छ।

प्रशान्त वली, काठमाडौं

कुनै समय बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म अर्थात् कार्यालयमा हाजिर भएदेखि बिदा नभएसम्म व्यस्त रहने हुलाक कार्यालयका कर्मचारीहरू आजभोलि निकै फुर्सदिला देखिन्छन्। निजी क्षेत्रबाट कुरियर सेवा तथा मोबाइल, इमेल, इन्टरनेटजस्ता आधुनिक प्रविधिको विकासले छलाङ मारेसँगै हुलाकका कर्मचारीहरू फुर्सदिला भएका हुन्। न कार्यालयमा कसैको चिट्ठी आउँछ न त चिट्ठी पठाउनका लागि भ्याईनभ्याई नै हुन्छ।

बढ्दो सचना प्रविधिको विकाससँगै सूचना तथा सञ्चार मन्त्रालय मातहतको हुलाक सेवा विभागको सेवा प्रवाहमाथि अहिले प्रश्न उठ्न थालेको छ। व्यक्तिगत तथा सरकारी निकायका चिट्ठीपत्र आदानप्रदान, डाँक सेवालगायतका कामहरूलाई सूचना प्रविधिले उछिनेपछि सेवा प्रवाहमाथि सबै निकायबाट प्रश्न चिह्न खडा हुन थालेको हो। जसका कारण विभागले नयाँ कामको खोजी शुरू गरेको छ।

जिल्ला तहमा रहेका हुलाक तथा इलाका हुलाकमा चिट्ठीहरू आउनै छोडेको हुलाक सेवा विभागले जानकारी दिएको छ। चिट्ठीपत्र आदानप्रदान गर्ने सशक्त माध्यम हुलाक भए पनि सूचना प्रविधिको तीव्र विकासका कारण हुलाकमा चिट्ठीहरू निकै न्यून मात्रामा आउने गरेको विभागका महानिर्देशक सुरेश अधिकारीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

चिट्ठीपत्रहरू सम्बन्धित पक्षसमक्ष पुऱ्याउने उद्देश्यका साथ हुलाक सेवा विसं १९३५ बाट हुलाक घरका रूपमा स्थापना भएको हो। पछिल्लो समयमा

» हुलाकमा किन आउन चाहँदैनन् कर्मचारी ? महानिर्देशकको जवाफ छ- यहाँ अतिरिक्त पैसा कमाउने बाटो पनि छैन। अनुचित लाभ लिन पनि मिल्दैन।

» न कार्यालयमा कसैको चिठ्ठी आउँछ न त चिठ्ठी पठाउनका लागि भ्याईनभ्याई नै हुन्छ।

» सूचनाको हक कार्यान्वयनका सन्दर्भमा अनुगमन, ५ सय वाट क्षमतासम्मको रेडियो सञ्चालनका लागि नवीकरण अनुमति, जिल्लास्तरकापत्रपत्रिकाको अभिलेख संकलन, लोकसेवा आयोगको फाराम भर्नेलगायतका कामहरू अहिले हुलाककलाई जिम्मेवारी।



महानिर्देशक

हुलाकहरू कामविहीन हुन थालेपछि यसको सेवा विस्तारमा जोड दिन थालिएको छ।

हुलाकमा हाल १८ हजार कर्मचारीहरू कार्यरत छन्। जसमध्ये ८ हजार ८ सय ९ जना कर्मचारी स्थायी रहेका छन् भने १० हजार कर्मचारी अतिरिक्त हुलाक कर्मचारीका रूपमा काम गर्दै आएका छन्। जसको काम चिट्ठीहरू तोकिएको स्थानसम्म पुऱ्याउने रहेको विभागले बताएको छ। हुलाकको महत्त्व कम हुँदै गएपछि अहिले हुलाकमा कर्मचारीहरू आउनै नमान्ने गरेको बताइएको छ।

देशभर ८ सय ४२ वटा इलाका हुलाक कार्यालय रहेका छन्। अहिले ४१ वटा जिल्लामा रहेका हुलाक कार्यालयहरू कार्यालय प्रमुखविहीन अवस्थामा छन्। कर्मचारीहरू हुलाकमा किन आउँदैनन् भन्ने जिज्ञासामा हुलाकका महानिर्देशक अधिकारीले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'यहाँ अतिरिक्त पैसा कमाउने बाटो पनि छैन। अनुचित लाभ लिन पनि मिल्दैन।'

यस आर्थिक वर्षमा हुलाकका लागि ३ अर्ब ३० करोड रुपियाँ बजेट विनियोजन गरिएको छ। जसको ९० प्रतिशत रकम तलब शीर्षक र १० प्रतिशत रकम भौतिक पूर्वाधार विस्तारमा खर्च हुने विभागले बताएको छ।


(क्रमश: पृष्ठ ९ मा)

महानगर

युरोप यात्रा ३

# काठमाडौंलाई सजिलै भियना बनाउन सकिन्छ : प्रभु श्रेष्ठ

## नवनिर्वाचित मेयरहरूका लागि रामवाण सुझाव



अस्ट्रियाको राजधानी भियनामा बसेर पनि चौबीसै घन्टा नेपालको राजधानी काठमाडौंबारे चिन्ता लिइरहने एक युवाको नाम हो प्रभु श्रेष्ठ। उनी नेपाल छोडेर अस्ट्रियामा स्थायी बसोबास गरी बसेको पनि २५ वर्ष नाघिसकेको छ। तर, उनीसँगको कुराकानी र उनले आफ्नो फेसबुकमा हाल्ने स्टाटस हेर्दा उनी विदेशमा बसिरहेका नेपाली हुन् भन्ने अनुभूति नै हुँदैन कहिल्यै। खाली काठमाडौंकै संस्कृति, स्वास्थ्य, सरसफाइ, वातावरण र विकासकै बारेमा कुराहरू लेखिएका हुन्छन् उनको फेसबुक स्टाटसमा। फोटोग्राफीका सौखिन उनी आफ्नो कर्मभूमि भियनाका सुन्दर तस्वीरहरूभन्दा आफ्नो फेसबुकमा जन्मभूमि काठमाडौंकै प्राकृतिक सुन्दरताले भरिएका दृश्य र राजधानीमा देखिने विकृतिहरूका तस्वीर अपलोड गर्नमै व्यस्त भइरहेका हुन्छन्।

एनआरएन अस्ट्रियाका संस्थापक कार्यकारी सदस्य उनले हालै मात्र अर्थात् यही साउन १० गते राजधानीमा बनेका अनियन्त्रित जंगलजस्ता देखिने घरहरूका तस्वीरसहित यस्तो स्टाटस लेखेर आफ्नो फेसबुकमा राखेका छन्– 'यो लोकतन्त्रपछि नर्क बनेको काठमाडौं उपत्यकामा अहिले नै जनघनत्वबारे उचित व्यवस्थापन नगरे केही वर्षपछि निकै भयावह अवस्था आउन सक्छ र त्यसपछि अनिकालदेखि लिएर मानव मूल्य करिब–करिब शून्यमा झर्नेछ, फेरि नर्कजस्तो काठमाडौंमा स्वर्गजस्तो नेपालभरिका मान्छेहरू किन झरेका होलान् ?' यो स्टाटसले पनि उनी राजधानी काठमाडौंप्रति कति चिन्तित रहने गर्छन् भन्ने कुरा दर्साउँछ।

पाँचचोटि भियना पुगिसकेको यस अन्तर्वार्ताकारसँग चारपटक नजिकबाटै उनीसँग त्यहाँ भेटघाट भइसकेको छ। जतिपटक भियना पुग्दा पनि यस अन्तर्वार्ताकारसँग प्रभुले गर्ने प्रश्न नै यिनै हुने गर्दछन्– 'दाइ, हाम्रो राजधानी काठमाडौंमा यति धेरै विकृति कसरी बढेको ? किन राजधानीमाथि नै एकोहोरो अतिक्रमण ?' उनी खालि काठमाडौंकै विषयमा एकोहोरो चिन्ता लिइरहन्छन्। यसपटक झन्डै दुई महिना लामो भियना बसाइमा उनले अस्ट्रियाको राजधानी भियनालाई काठमाडौंसँग तुलना गरी मसँग निकै गहन कुरा गरे। उनले गरेका सबै कुराकानी भर्खरै चुनाव जितेर आएका राजधानीका मेयरहरूका लागि रामवाण सुझाव हुन सक्ने देखिएकाले उनीसँग भएका कुराकानीलाई अन्तर्वार्ताका रूपमा यहाँ पस्कने प्रयास गरेको छु।

### भाइ यति धेरै काठमाडौंप्रति चिन्तित हुनुको कारण ?

प्रभु श्रेष्ठ : म काठमाडौंको कोर एरिया ह्युमत टोलमा जन्मे-हुर्केको मान्छे। आजभन्दा २५ वर्षअघि जुन बेला आफ्नो जन्मभूमि छोडेर पढाइको सिलसिलामा भियना आएँ, त्यस बेलासम्म पनि काठमाडौं स्वर्गजस्तै थियो। म बागमती किनारको विश्वनिकेतन स्कुलमा पढेको विद्यार्थी हुँ। म स्कुलमा पढ्दा बागमती नदी भियनामा बग्ने दुनाउ नदीजस्तो विशाल र स्वच्छ थियो। सानोमा मनोरञ्जनको कुनै साधन नहुँदा पनि इन्द्रजात्राजस्तो चाडपर्वमा कति रमाइलो हुन्थ्यो। राति १२-१ बजेसम्म विना कुनै डर-त्रास ढुक्कसँग काठमाडौं घुम्थ्यौं। गाडी-मोटरसाइकलले किच्ला भन्ने डर हुँदैनथ्यो।

केही वर्ष पहिले काठमाडौं आउँदा म त छानाबाट खसेजस्तै भएँ। विमानस्थलदेखि नै तनाव हुने रहेछ यहाँ त ? ट्राफिक उस्तै कहालीलाग्दो। मानिसहरू पनि कति असभ्य ? कानै खाने गरी बाइकले हर्न दिन्छ, जीउमा ठक्कर लाग्ने गरी मोटरसाइकल हाँक्ने रहेछन्। किन यसो गर्नुभएको भनी सोधेको, झन्डै नहानेको। आफू जन्मे-हुर्केको ठाउँ नै मलाई बिरानोजस्तो लाग्यो। फोहोर उत्तिकै। श्रीमतीको नागरिकता हराएर सरकारी कार्यालय गएको, पैसा नलिई काम नै गर्न मानेनन्। बागमती पनि टुकुचाजस्तो भइसकेको रहेछ।

### तैपनि तपाई हरेक दुई-तीन वर्षमा काठमाडौं आइरहनुहुन्छ त ?

प्रभु श्रेष्ठ : युरोपमा हामीलाई एक महिनाको अनिवार्य बिदा दिइन्छ। त्यो बिदा भनेको परिवारसँग कतै बाहिर घुम्न जाओस् भनेर नै दिइने हो। नेपाल आउने पैसाले अस्ट्रेलिया, अमेरिका वा युरोपका धेरै सुन्दर देशहरू घुम्न सकिन्छ। तैपनि किन-किन मलाई भने आफू जन्मेको ठाउँ कत्तिको विकास भो भनेर नै हेर्न हतार हुन्छ। तर कस्तो विडम्बना ? हाम्रो राजधानी त झन् दिनपरदिन कुरूप हुँदै गइरहेको छ।

### अब म प्रश्न गर्दिनँ। भाइकै कुरा मात्र सुन्छु। भियनाको विकासबाट म पनि अत्यन्त प्रभावित छु। यसै कारण युरोपको अन्य ठाउँमा भन्दा मलाई पनि भियनामै आउन आतुर भइरहेको हुन्छ। तपाई लामो समयदेखि भियनामा बस्दै आउनुभएको छ। यहाँको विकासलाई आफ्नै आँखाले प्रत्यक्ष हेर्नुभएको छ। के भो भने काठमाडौंलाई पनि भियनाजस्तै सुन्दर राजधानी बनाउन सकिएला त ?

प्रभु श्रेष्ठ : हामी सधैं नेताहरूलाई यसो गरेन, उसो गरेन भनी आलोचना गरिरहेका हुन्छौं। हो, इच्छाशक्ति नभएका, स्पष्ट दृष्टिकोण नभएका, राजनीतिलाई सेवाभन्दा कमाइ खाने भाँडो बनाएका नेताहरूका कारण हाम्रो देशको विकास हुन नसकिरहेको कुरालाई केही हदसम्म म पनि मान्छु। तर, हामी जनता पनि यसका लागि कम जिम्मेवार भने छैनौं। आफैंले गर्न सकिने सानातिना कुरा पनि हामी नेताहरूकै मुख ताकेर बस्छौं। आफ्नो घर-आँगनको फोहोर व्यवस्थापन गर्न पनि नगरपालिकाको गाडीलाई नै कुरिरहेका हुन्छौं। आफ्नै घरबाट निस्केका फोहोरलाई पनि हामी अँध्यारोको मौका छोपी यताउता फालिदिन्छौं। यो भनेको हाम्रो शिक्षा र चेतनाको कमी हो।

संयोगले यसपालि काठमाडौं महानगरपालिकाको मेयरमा म पढेकै विश्वनिकेतन स्कुलका विद्यार्थी विद्यासुन्दर श्रेष्ठ मेयर पदमा चुनिएर आउनुभएको छ। खुसी लागेको छ। राजधानीको विकास गर्नमा मेयरहरूले ठूलो भूमिका निर्वाह गर्न सक्छन्। भियनालाई सुन्दर र व्यवस्थित बनाउनमा यहाँका मेयरहरूको ठूलो हात छ। म राजधानीका नवनिर्वाचित मेयर साहेबहरूलाई के अनुरोध गर्न चाहन्छु भने, सबैभन्दा पहिले उहाँहरूले स्कुलदेखिकै पठनपाठनमा सभ्यता सिक्ने अनिवार्य कोर्सका लागि सरकारसँग पहल गर्नुपर्छ। जबसम्म मानिसमा बच्चैदेखि सभ्यता र संस्कार विकासको चेतना हुँदैन, तबसम्म नेता र सिस्टमले मात्र पनि केही गर्न सकिँदैन। अर्को कुरो सबैभन्दा पहिले उहाँहरूले म कुनै एउटा पार्टीका कार्यकर्ताभन्दा पनि हामी पूरै नगरबासीका पिता अर्थात् अभिभावक हौं भन्ने भावनाले काम गर्नुपर्छ। धेरै कार्यक्रमहरूमा सहभागी भएर समय बिताउनुभन्दा शुरूमा कम्तीमा दैनिक १८ घन्टा कार्यालयमै बसेर महानगरको समस्याबारे अध्ययन गर्दै काम गर्नुपर्छ। नेपाली जनता यति सन्तोषी छन् कि उनीहरूको सानो समस्या समाधान हुँदा पनि दंग पर्ने गर्छन्। केही नहुँदा त सहिरहेका छन् भने उनीहरूका समस्या समाधान भए कति फुरुङ्ग होलान् !

महानगरमा अहिले देखिएको सबैभन्दा ठूलो समस्या भनेको थेग्नै नसकिने गरी देशभरबाट ओइरिएको जनसंख्या हो। जसका कारण पानी, फोहोर व्यवस्थापन, ट्राफिक, सार्वजनिक यातायात, बसोबास मुख्य समस्याका रूपमा अगाडि तेर्सिएको छ। यी मूल समस्याको पहिचान भइसकेकाले पहिले यसलाई प्राथमिकतामा राखेर मेयर साहेबहरूले विज्ञहरूलाई राखी योजना बनाउनुपर्छ। योजना बनिसकेपछि व्यावहारिकतामा उतार्न शुरूमा अमेरिकाको न्युयोर्क शहर, युरोपको भियना, इटलीको भेनिस र चेक गणराज्यको प्रागको अध्ययन-भ्रमण गर्न म राजधानीका सबै मेयरलाई हृदयदेखि अनुरोध गर्न चाहन्छु। न्युयोर्कजस्तो विशाल शहर, काठमाडौंजस्तै भियना उपत्यका अनि समुद्रमाथि बनाइएको भेनिस र काठमाडौंजस्तै गल्लीहरू भएका भेनिस र प्रागलाई कसरी त्यहाँका मेयरहरूले त्यति सुन्दर, सफा र आकर्षक बनाउन सफल भए ? किन त्यहाँका जनता ती शहरका मेयरसँग दंगदास छन् भन्ने ती शहरहरूको प्रत्यक्ष अवलोकन हाम्रा मेयरहरूका लागि गहकिलो र व्यावहारिक पाठशाला बन्न सक्छ।

हाम्रा मेयरहरूले बिर्सन नहुने अर्को कुरा भनेको सेवाग्राहीका लागि गरिने छिटो-छरितो काम। तपाईंले धेरैपटक भियना आएर मसँगै यहाँका कैयौं कार्यालयमा हुने कामकाज हेरिसक्नुभो। यस्ता कामका लागि कतै तपाईं ५ मिनेटभन्दा बढी समय कुर्नुपरेको छ ? हो म मान्छु, नेपालमा भनेजस्तो काम गर्न-गराउन त्यति सजिलो छैन। भ्रष्टाचारले नराम्ररी गाँजिसकेको छ हाम्रो समाज। हो, यही समाजलाई चिरेर जनताको वाहवाही लुट्न सक्ने नेता नै भविष्यमा अमर हुने हो।

अस्ट्रियाका नेताहरू जनताबाट के लिनेभन्दा पनि जनतालाई के दिने भन्ने मनसायबाट राजनीति गर्छन्। नेपालका नेताहरूजस्तो नमरुन्जेलसम्म कुर्सीमा टाँसिएर बस्न चाहँदैनन् यहाँका नेताहरू। सकेसम्म राम्रो काम गरी जनताको वाहवाही लुटेर आत्मसन्तुष्टि लिन्छन्, यति गरेर पनि जनताले चित्त बुझाएनन् भने झन् दंग पर्दै राजनीतिबाट बिदावारी भएर आफ्नो बाटो लाग्छन्। मुख्य कुरा राजनीतिलाई जनता झुक्याएर पैसा कमाउने पेसाभन्दा पनि जनसेवामै समर्पित हुने पेसाका रूपमा लिन सक्नुपर्छ।

हेर्नुस्, अस्ट्रियामा भ्रष्टाचारको त कुरै छोडौं, एक जना साथीको कम्पनीलाई नियम विपरीत सहयोग गरेको आरोपमा अस्ट्रियाका एक जना पूर्वअर्थमन्त्री कार्ल हेन्ज ग्रासियरलाई वर्षौंदेखि न जनताले बसिखान दिएका छन्, न त सरकारले नै ? भर्खरका युवानेता ग्रासियर वर्षौंदेखि अनुसन्धानको घेरामा रहेर तनावको जिन्दगी बाँचिरहेका छन् अहिले। कति फरक छ हाम्रो र अस्ट्रियाको राजनीति ? हामीकहाँ म सुन्छु- भ्रष्टाचारको आरोपमा वर्षौं जेल बसेर बदनाम भएका नेतालाई पनि जनता नै अघि सरेर लाखौं रुपियाँको माला लगाई, सिन्दूर जात्रा गरी, बजार परिक्रमा गर्दै स्वागत गर्छन् रे ! अनि कसरी हुन्छ, देशको विकास ?

अस्ट्रियामा इमानदारिताका साथ कर तिरेर बस्ने नागरिकको सबै जिम्मा सरकारले लिएको हुन्छ। उसले जिन्दगीभर तनावरहित जीवन जिउन सक्छ। कानुन सबैका लागि बराबर छ यहाँ। एउटा काममा व्यस्त भएर त्यसको आम्दानीबाट कर तिरेपछि करदाताको मात्र होइन उसका शाखासन्तानकै शिक्षादेखि स्वास्थ्य बिमासम्मको जिम्मा सरकारको हुन्छ। कुनै सन्तान बेरोजगार छ भने काम नपाएसम्म सरकारले नै बेरोजगार भत्ता दिई पालेर राख्छ। केटाकेटीले स्नातकोत्तरसम्म अध्ययन गर्छु भन्यो भने २६ वर्षसम्मका छोरा-छोरीलाई बाबुआमाले एक पैसा खर्च गर्नुपर्दैन, नर्सरीदेखि स्नातकोत्तरसम्म अध्ययनको पैसा सबै सरकारले व्यहोरिदिन्छ। बिरामी हुँदा एक पैसा खर्च गर्नुपर्दैन। अवकाशपछि पेन्सनबाट आउने पैसाले नै आनन्दसँग संसार घुमेर जीवन बिताउन सकिन्छ। बच्चा र बूढाबूढीले सार्वजनिक सवारीसाधन प्रयोग गर्दा नगन्य पैसा तिरे पुग्छ। यस्तो पो समाजवाद।



अव्यवस्थित काठमाडौं शहर

तपाईंले मलाई मात्र बोल्न दिइरहनुभयो। ठीकै छ, म फेरि राजधानीलाई नै व्यवस्थित बनाउने कुरामा फर्कन्छु। यसपटक नेपालमा भएको स्थानीय निर्वाचनमा उठेका मुख्य शहरका प्रायः सबै मेयर उम्मेदवारहरूले राजधानीमा मेट्रो, मोनो रेलको सपना देखाएको पाएँ। कतिले त भूमिगत रेलको पनि कुरा गरेका रहेछन्। सायद उनीहरूको घोषणापत्रमा पनि उल्लेख भएका होलान् यी कुराहरू। थोरै खनेर जमिनमुनि बिच्छ्याउन खोजिएको मेलम्चीको पाइपले राजधानी अस्तव्यस्त भएको वर्षौं बितिसकेको छ। अनुमान गरौं, भूमिगत रेलका लागि सडक खन्ने हो भने के हालत होला हाम्रो राजधानीको ?

त्यसको अर्थ काठमाडौंमा यसो गर्न सकिँदैन अथवा सम्भव छैन भन्न खोजेको होइन। सजिलैसँग सकिन्छ। यहाँ अस्ट्रियामा यस्तो जमिन खनेर गर्ने काम एकैचोटि हुँदैन। जस्तो कि अहिले कलंकीबाट थापाथलीसम्म आकाशे सडक बनाउने कुरा भइरहेको छ। अस्ट्रियामा यसरी सडक बनाउनुपरे एकैचोटि कलंकीदेखि थापाथलीसम्म सडक अस्तव्यस्त बनाई काम गर्दैनन्। पहिले कलंकीबाट रविभवनसम्म बाटो बनाउँछन्। त्यो पनि पहिले यो बाटोबाट हिँड्नुपर्नेहरूलाई अर्को वैकल्पिक बाटो बनाइसकेपछि मात्र। यसरी क्रमशः रविभवनबाट कालिमाटीसम्म र कालिमाटीबाट त्रिपुरेश्वर हुँदै अन्तिममा त्रिपुरेश्वरबाट थापाथली जोडेर कामको अन्त्य गर्छन्। अहिलेजस्तो बाटो फराकिलो गर्ने नाममा त्रिपुरेश्वरदेखि कलंकीसम्म एकैचोटि भत्काएर वर्षौंदेखि जनतालाई दुःख दिने काम यहाँ अस्ट्रियामा हुँदैन। यो मैले राजधानीका मेयरहरूलाई सुझावका रूपमा मात्र राखेको हुँ।

अर्को, सतही कुरा गरेर मात्र हुँदैन। काठमाडौं भूकम्पको अति जोखिमयुक्त शहर हो। फेरि नयाँ पहाडहरू भएको हाम्रो जस्तो देशमा त्यसै त वर्षायाममा पर्ने पानी थेग्न नसकेर ठाउँ-ठाउँमा पहिरो आइरहेको हुन्छ। त्यसैले हाम्रो जमिन भूमिगत रेलका लागि उपयुक्त भए-नभएको कुरा पहिले विज्ञहरूलाई बोलाएर माटोको परीक्षण गराउनुपर्छ। कुनै पनि ठूलो परियोजना बनाउँदा कम्तीमा पनि सय वर्षपछिका लागि सोच्नुपर्दछ।

मेरो विचारमा राजधानीको भूबनोट हेर्दा यहाँ बिजुलीबाट चल्ने ट्राम, बस, मोनोरेल उपयुक्त हुन्छ जस्तो लाग्छ। नेपाल जलविद्युत्मा ठूलो सम्भावनाको देश भएकाले सकेसम्म बिजुली उत्पादन गरेर अरू देशसँग भर पर्नु नपर्ने यातायातका साधनहरूलाई नै जोड दिनुपर्छ। अहिले महानगरपालिकाले साझा यातायातसँगको सहकार्यमा धुलिखेलसम्म साझा बस गुडाउन लागेको सुन्दा खुसी लागेको छ। म महानगरपालिका र साझा यातायात दुवै संस्थालाई यस सुकार्यका लागि धन्यवाद दिँदै यात्रुको सुविधाका लागि एकैचोटि हप्ता, मासिक र वार्षिक टिकट किन्ने सुविधा उपलब्ध गराउन विशेष अनुरोध गर्न चाहन्छु। यसले गर्दा तत्कालै एकमुष्ट रकम उठी यसले अर्को यातायातको साधन थप्न सकिने र कर्मचारीलाई पनि विशेष सुविधा दिएर प्रोत्साहित गर्न सकिन्छ भने अर्कोतिर यात्रुसँग दिनकै पैसा उठाउँदा हुने समयको बर्बादीलाई पनि बचाउन सकिन्छ। यसबाट यात्रुले पाउने लाभ र कन्डक्टरको झन्झटबाट पाइने मुक्ति त छँदै छ।

युरोपमा बसेर संसारका धेरै देश घुमे पनि नेपालजस्तो सुन्दर र विविध संस्कृतिले सम्पन्न देश मैले कतै फेला पार्न सकेको छैन। तसर्थ नेपालले तत्कालका लागि अरू केही गर्न नसके पनि देशलाई मात्र राजनीतिक स्थिरता र शान्ति दिने हो भने वर्षमा लाखौंलाख पर्यटक भित्र्याएर नेपाल मालामाल हुन सक्छ। अहिले संसारको जुन देशमा गए पनि भेटिने पर्यटक भनेकै चिनियाँ र भारतीयहरू हुन्। पहिलेजस्तो गोरा छाला भएकै पर्यटकहरू चाहिने भन्ने छैन। यिनीहरूभन्दा धेरै खर्च गर्ने हैसियत राख्छन् हाम्रा छिमेकी मुलुक भारत र चीनका पर्यटकहरू। उनीहरूका लागि नेपाल सजिलो गन्तव्य पनि हो।

यसका लागि सबैभन्दा ठूलो वातावरण बनाउने काम नेपालका राजनीतिक पार्टी र कर्मचारीतन्त्रको हो। यो कांग्रेस, यो एमाले, यो माओवादी, यो मधेसी, यो पहाडिया नभनी विनाराजनीतिक पूर्वाग्रह जनतालाई सर्वोपरी ठानेर केन्द्रले स्थानीय सरकारलाई काम गर्ने वातावरण बनाइदिनुपर्छ। नवनिर्वाचित मेयरहरूको सम्पूर्ण ध्यान ठाउँ-ठाउँमा व्यवस्थित शौचालय, मन्दिरहरूको उचित जीर्णोद्धार र संरक्षण, पर्यटकको सुरक्षाको ग्यारेन्टी, प्रदूषणमुक्त शहर, हरियाली, सुन्दर पार्कहरू, यातायातको उचित व्यवस्था, नगरपालिकाबाटै सञ्चालन हुने गरी तालिमप्राप्त व्यावसायिक टुर गाइड र बसको व्यवस्था गर्नमा केन्द्रित हुन सके पर्यटन व्यवसायले मात्र नेपालीहरू अस्ट्रियनजस्तै धनी हुन बेर लाउँदैनन्। साथै हाल हनुमानढोका अगाडि रहेको प्रहरी कार्यालय भत्काएर हाम्रो पौराणिक शैलीको ठूलो मञ्च बनाई हाम्रा हरेक ठूला चाडपर्वहरूमा सांगीतिकदेखि विभिन्न कार्यक्रमहरू गरेर पनि पर्यटकहरू तान्न सकिन्छ। यहाँ अस्ट्रियाको संसद् भवन रहेको राथ्सलपाजमा हुने ठूलाठूला कार्यक्रमहरूमा जम्मा हुने लाखौं पर्यटकहरूको भीड तपाईंले देखिसक्नुभएकै छ। आखिर अस्ट्रिया पनि त हाम्रो नेपालजस्तै भूपरिवेष्ठित देश हो नि। उनीहरूले गर्न सक्ने, हामीले चाहिँ किन नसक्ने ?

अब धेरै नबोलौं होला, मैले माथि भनेझैं राजधानीको मुख्य समस्या भनेको धान्नै नसक्ने जनसंख्याको चाप नै हो। बाहिर काम गर्ने अवसर नहुनु र राजधानीको आकर्षणलाई हेर्दा आफ्नै नागरिकलाई यता नआऊ पनि भन्न मिल्दैन। यसको एउटै उपाय भनेको अहिले स्थानीय निर्वाचनमा जितेका राजधानीबाहिरका स्थानीय जनप्रतिनिधिले आफ्नो गाउँ-शहरको विकास गरी आफ्नो ठाउँबाट राजधानी पलायन भएका स्थानीयलाई आफ्नै जन्मभूमिमा फर्कन आकर्षित गर्नु नै हो। अर्को राजधानीका घरहरूमा बहालमा बस्नेसँग बहाल कर उठाएर राजधानीको विकासका लागि खर्च गर्न सकिन्छ। कर तिर्न अनिच्छुकहरूलाई यस्तो व्यवस्थाले अनावश्यकरूपमा राजधानी छिर्न हतोत्साही पनि गर्न सकिन्छ।

दोस्रो कुरा, राजधानीमा जितेका मेयरहरूले अबको विकासलाई राजधानीसँगैका क्षेत्रहरूमा विस्तार गर्नमा प्राथमिकता दिनुपर्छ। राजधानीदेखि कम्तीमा चितवन, वीरगन्ज, पोखरा, त्रिशूली, दोलखा, सिन्धुलीजस्ता जिल्लामा राजधानीबाट दुई-तीन घन्टामा आवतजावत गर्न सकिने सडकहरूको विस्तार गरिदिनुपर्छ। ताकि त्यहाँबाट बिहान राजधानी आई बेलुका सजिलैसँग आफ्नो ठाउँ फर्कन सकियोस्। यति हुनेबित्तिकै निस्सासिने महँगो राजधानीमा को कोच्चिएर बसिरहन्छ ? मैले नेपालबाट अस्ट्रिया घुम्न आउने मन्त्रीदेखि सबै उच्च पदका सरकारी कर्मचारी, कलाकार पत्रकारहरूलाई भियना घुमाउने सन्दर्भमा यस्ता धेरै कुरा राखिसकेको छु। भियनाको विकास देखेर उत्साहित नेता र कर्मचारीहरू नेपाल गएर केही गर्छौं भन्ने आश्वासन पनि दिन्छन्। पछि नेतालाई भेट्दा कर्मचारीले साथ दिएन भन्छन्, कर्मचारी भेट्दा नेताले गर्न दिएनन् भन्छन्। गर्ने के ? त्यसैले हामी जनता आफैं चनाखो नभएसम्म नेता र कर्मचारीको मुख ताकेर मात्र केही हुनेवाला छैन। लौ, अब त पुग्यो पनि होला।

ए 'पख्नुस् ! पख्नुस् !' अन्त्यमा मेरो एउटा भन्नै पर्ने कुरा छ। यसलाई सम्पादन गर्न पाइँदैन है दाइ ? पहिले त मजस्तो एक जना साधारण मान्छेलाई यति धेरै महत्त्व दिएर तपाईंजस्तो ख्यातिप्राप्त वरिष्ठ पत्रकारसामु यति धेरै मेरो मनको बह पोख्ने मौका दिनुभएकोमा म हृदयदेखि आभार व्यक्त गर्न चाहन्छु। त्यति ठूलो हैसियत नभए पनि नेपाली मिडियालाई पनि मेरो एउटा सुझाव छ। तपाईं यति लामो समय भियना बस्नुभो, यहाँ धेरैपटक आइसक्नुभएको छ। तर तपाईंले यहाँ भियनाका पत्रिकाहरूमा राजनीतिलाई त्यति महत्त्व दिएको देख्नुभएको छैन होला। नेपालमा धेरै राजनीति हाबी हुनुमा कतै नेपाली मिडियाकै हात त होइन भन्ने लागिरहन्छ ? तसर्थ म तपाईंमार्फत् नेपाली मिडियालाई राजनीतिभन्दा विकास र सकारात्मक कुराहरूलाई बढी प्राथमिकता दिन विनम्र अनुरोध गर्दछु।

**प्रस्तुति : पुष्करलाल श्रेष्ठ**

अस्ट्रियाका नेताहरू जनताबाट के लिनेभन्दा पनि जनतालाई के दिने भन्ने मनसायबाट राजनीति गर्छन्। नेपालका नेताहरूजस्तो नमरुन्जेलसम्म कुर्सीमा टाँसिएर बस्न चाहँदैनन् यहाँका नेताहरू। सकेसम्म राम्रो काम गरी जनताको वाहवाही लुटेर आत्मसन्तुष्टि लिन्छन्, यति गरेर पनि जनताले चित्त बुझाएनन् भने झन् दंग पर्दै राजनीतिबाट बिदावारी भएर आफ्नो बाटो लाग्छन्। मुख्य कुरा राजनीतिलाई जनता झुक्याएर पैसा कमाउने पेसाभन्दा पनि जनसेवामै समर्पित हुने पेसाका रूपमा लिन सक्नुपर्छ।

राजधानीमा जितेका मेयरहरूले अबको विकासलाई राजधानीसँगैका क्षेत्रहरूमा विस्तार गर्नमा प्राथमिकता दिनुपर्छ। राजधानीदेखि कम्तीमा चितवन, वीरगन्ज, पोखरा, त्रिशूली, दोलखा, सिन्धुलीजस्ता जिल्लामा राजधानीबाट दुई-तीन घन्टामा आवतजावत गर्न सकिने सडकहरूको विस्तार गरिदिनुपर्छ। ताकि त्यहाँबाट बिहान राजधानी आई बेलुका सजिलैसँग आफ्नो ठाउँ फर्किन सकियोस्। यति हुनेबित्तिकै निस्सासिने महँगो राजधानीमा को कोच्चिएर बसिरहन्छ ?



सुन्दर, शान्त र सफा भियना शहर

# सृष्टि नेपाल्स नेक्स्ट सुपर मोडल

राजधानीमा शनिबार सम्पन्न सौन्दर्य प्रतियोगितामा सृष्टि तामाङले *नेपाल्स नेक्स्ट सुपर मोडल-२०१७* को उपाधि चुमेकी छन्। दोस्रो संस्करणमा आफ्ना २९ प्रतिपर्धीलाई पछि पार्दै सृष्टिले *नेपाल्स नेक्स्ट सुपर मोडल*को उपाधि चुमेकी हुन्। उनले ताजसँगै नगद तथा विभिन्न गिफ्ट ह्याम्पर प्राप्त गरेकी छन्।

आरएनआर ग्रुपद्वारा आयोजित यस संस्करणमा दिव्या थापा *फस्ट* र रिजिन तामाङ *सेकेन्ड रनर्सअप* भए।

अधिवक्ता लक्ष्मण महर्जन, ब्युटिसियन एसोसिएसनका अध्यक्ष उज्वलकृष्ण श्रेष्ठ, हिमालय एयरलाइन्सका उज्वला दली, फोटोग्राफर राजभाइ सुवाल, फ्लाइटेकका सीईओ नाजिर हुसैन, पत्रकार डब्बु क्षत्री र मोडल विपना थापा निर्णायक रहेको प्रतियोगितामा पल्लवी श्रेष्ठ *बेस्ट बडी*, कस्मिता वज्राचार्य *मिस पपुलर*, प्रज्ञा तिवारी *भिवर्स च्वाइस* र *मल्टिमिडिया* तथा मन्दिरा राज्यलक्ष्मी शाह *बेस्ट वाक* भए। त्यस्तै, आशिका मगर *फोटोजेनिक*, दृष्टि मानन्धर *बेस्ट स्किन*, दिव्या थापा *मिस पर्सनालिटी*, करणा क्षत्री *बेस्ट हेयर*, प्रदीप्ति अर्याल *मिस कन्जिनियालिटी* र दावा जाङ्मु लामा *बेस्ट स्माइल* भए। प्रतियोगीहरू इन्टरनेसनल बागबजारस्थित इन्स्टिच्युट अफ फेसन टेक्नोलोजी आईआईएफटीका विद्यार्थीले तयार पारेका पहिरनमा स्टेजमा उत्रिएका थिए। हालै सञ्चालनमा आएको आईआईएफटीमा ८१ जना विद्यार्थी डिजानिङ कोर्स गरिरहेका छन्।

रोजिन शाक्यको कोरियोग्राफीमा सम्पन्न *नेपाल्स नेक्स्ट सुपर मोडल* प्रतियोगिता कार्यक्रममा गायक सुसन साम्सोहाङ लिम्बु र दीपा लामाले सांगीतिक प्रस्तुति दिएर दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए।



# आगन्तुकको तीज गीत

*बयर बोटैमा, वनमा फुल्यो फूल, कुन रंगको*जस्ता पप तथा आधुनिक गीतकी चर्चित गायिका आगन्तुक खरेल नयाँ तीज गीत लिएर दर्शक तथा स्रोतामाझ आएकी छिन्। गायक खरेलले *बरीलै रमाइलो तीजमा* बोलको तीज गीत युट्युबमार्फत् सार्वजनिक गरेकी हुन्।

संगीतकार बिजु वज्रद्वारा संगीतबद्ध तथा रचना गरिएको उक्त गीतको म्युजिक भिडियो सङ्सनेपालको युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो। संगीतकार वज्रद्वारा नै निर्देशित म्युजिक भिडियोमा अभिनेत्री नम्रता सापकोटाले आकर्षक नृत्य गरेकी छिन्। भिडियोमा गायिका खरेलले पनि नृत्य गरेकी छिन्। उनलाई सुष्मा थापाले साथ दिएकी छिन्। अजय रेग्मीद्वारा छायांकन गरिएको म्युजिक भिडियोको सम्पादन प्रवीण भट्टले गरेका हुन्।

गायिका खरेलले दुई वर्षअघि पहिलोपटक तीज गीत गाएकी थिइन्। दुई वर्षअघि उनले *आऊ सँगै नाँचौं* बोलको तीज गीत गाएकी थिइन्।



# मनकुमारले ल्याए एल्बम

गीतकार तथा गजलकार मनकुमार लिम्बु 'पारघारी' एकल गीति अडियो एल्बम *मनको सागर*का साथ सार्वजनिक भएका छन्। मनकुमारको यो एल्बमलाई राजधानीमा आयोजित कार्यक्रमबीच सार्वजनिक गरिएको हो।




तेह्रथुमको छथरमा जन्मिएका गीतकार मनकुमारले आफ्नो पहिलो एल्बम सार्वजनिक गरेपछि भने- 'सानैदेखिको मेरो एउटा रहर र इच्छा पूरा भएको महसुस भएको छ।' उनले स्कुल पढ्दैदेखि गीत तथा गजलहरू लेख्ने गरेको सुनाए- 'मेरो गीति तथा गजल सिर्जनाहरू विभिन्न पत्रपत्रिका तथा सञ्चारमाध्यमबाट प्रकाशन एवं प्रसारण भइसकेको छ। तर, एल्बमका रूपमा *मनको सागर* सार्वजनिक गरेको छु।'

बुद्धिसागर खजुम निर्माता रहेको मनकुमारको एल्बम *मनको सागरमा पञ्च है कन्या, बल्ल चिने जिन्दगी, हिमाल हास्छ, कर्मैले डोर्‍याई, पानी भर्ने पँधेरी, खोली बिर्स्यौ, विषलाई पनि र अमृतमा विष तिमी* ८ गीत समावेश छन्। यसका ७ गीतमा गायक तथा संगीतकार कृष्णभक्त राईको संगीत छ भने एक गीतमा अनुज कुलुङले संगीत भरेका छन्। यी गीत राजेशपायल राई, दीपक लिम्बु, मेलिना राई, मनु नेम्वाङ, समीर सिंघक, भमी थापामगर, बीबी लिम्बु र कृष्णभक्त राईले गाएका छन्।

# वेट्रेसको काम गर्थिन् ज्याकलिन

*मर्डर २, हाउसफुल २, रेस २, किक, ढिसुम*जस्ता थुप्रै हिट फिल्मकी नायिका, मोडल तथा सन् २००६ कि *मिस युनिभर्स श्रीलंका* विजेता अभिनेत्री ज्याकलिन फर्नाडिजले हालै आफ्नो एक फोटो इन्स्टाग्राममा शेयर गर्दै विगत खुलाएकी छिन्।

ज्याकलिनले उक्त फोटोसँगै आफ्नो विगतको बारेमा खुलासा गरेकी हुन्। उक्त फोटोमा उनी कम्प्युटरमा काम गर्दै गरेको देखिन्छिन्। उक्त फोटोमा उनले लेखेकी छिन्- 'म एक क्याफेमा पार्टटाइम वेट्रेसका रूपमा काम गर्थें। त्यो बेला म १४ वर्षको थिएँ। पुरानो याद सामने आइरहेको छ। के म तपाईंको अर्डर लिन सक्छु ?'

हाल बलिउड फिल्ममा व्यस्त श्रीलंकन मूलकी उनी २००९ मा भारतमा मोडलिङका क्रममा *अलादिन* नामक हिन्दी नाटकका लागि सफल अडिसन दिएकी थिइन्। ज्याकलिनले उक्त नाटकबाट नै बलिउडमा डेब्यु गरेकी थिइन्।





**म यस्तो फिलिम बनाउँछु** : फिल्म क्षेत्रको यथार्थ गाईजात्रे अवस्था दीपकराज गिरीबाट

**फेसबुक ज्योतिष** : फेसबुकबाटै भविष्यवाणी गर्नेहरूको नालीबेली मनोज गजुरेलबाट

**गीता र समानता सम्बन्धी - विधेक** : शैलेन्द्र सिंखडँको चोटिलो व्यग्य कविता

**हौ लाखे है जवाफ देउ बा** : देशका बा प्रधानमन्त्रीलाई विल्सनविक्रम राई (तक्मे बूढा) को सवाल

**माग्ने शास्त्र** : माग्ने बुढा केदार धिमिरेको आफ्नै शास्त्र

**आधा सवाल, आधा जवाफ** : जितु नेपालबाट

**...किनकि म यो देशको नागरिक हुँ** : सीताराम कट्टेल (धुर्मुस)

**कुम हल्लिने रोग** : कृष्ण उफान

**उखानका बादशाह ओली !** : पेशल आचार्य

**आऊ प्रिये, नयाँ नेपाल बनाऔं !** : गाउँले बलदेव

**साथमा हास्यव्यंग्य लेखकहरूका चोटिला तथा खितखिते व्यंग्य लेख, कविता, मुक्तक, ठोक्कक र गजलहरू।**

कीर्तिकिशोर जोशी, उमेश अधिकारी, देवेन्द्र थुम्केली, राजमान, कार्टुनानन्द, गंगादेवी, सानुराज डंगोल, पदम घले, राजु नेपाल र आएरमबीका काउकुती लगाउने व्यंग्य चित्रहरू।




कामनाको हरेक अंक विशेष अंक

पृष्ठ ९२,
मूल्य रू. १५०/ मात्र

कामनाको गाईजात्रे विशेष अंक अब बजारमा

आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस् !

# विचार

तपाईंले जीवनमा गर्न सक्ने सबभन्दा ठूलो गल्ती हो- गल्ती होला कि भनी डराएर कुनै प्रयास नगर्नु।
- अल्बर्ट हुवार्ड

मस्तिष्क नै त्यो भूमि हो, जसले स्वर्गलाई नरक र नरकलाई स्वर्ग बनाउन सक्छ।
-जोन मिल्टन

## सम्पादकीय

नेपाल समाचारपत्र

# खाल्टा नपुर्दा दुःखद घटना

खाल्टोमा जमेको पानीमा नुहाउन गएका चार बालिका सोही पानीमा डुबेर मृत्यु भएको खबर सार्वजनिक भएपछि आममानिसको चासो उक्त घटनाका बारेमा बढेको छ । रौतहटको गरुडा नगरपालिकामा भएको उक्त घटनापछि अहिले सो क्षेत्र शोकमा डुबेको छ । सडक विभागले सडक विस्तार गर्ने क्रममा खनेको खाल्टो समयमा नै नपुर्दा उक्त घटना हुन पुगेको भन्दै स्थानीयले सडक विभाग र सडक निर्माणको ठेक्का लिएका ठेकेदार कम्पनीलाई दोषी ठहर गरी कारबाहीको मागसमेत गरेका छन् । एकै परिवारका ४ बालिकाको मृत्यु भएपछि सरकारलाई गम्भीर बन्न बाध्य बनाएको छ ।

राजधानीमा पनि सडक निमार्णका लागि खनेको खाल्टोमा परेर एक बालिकाको मृत्यु भएपछि स्थानीय स्तरबाट उक्त घटनाको आलोचना मात्रै भएन, सरकारले तत्कालै राजधानीका खाल्टाखुल्टी पुर्न बाध्य हुनुपरेको थियो । रौतहटको उक्त घटनापछि स्थानीयले दोषीमाथि कारबाही गर्नुपर्ने माग गरे पनि स्थानीय प्रशासन भने मुकदर्शक भएर बसेको छ । घटनापछि सडक निर्माणको ठेक्का लिएको दुर्गा कन्स्ट्रक्सनमाथि कारबाही प्रक्रिया अगाडि बढाउनसमेत कुनै पहलकदमी नचालेको भन्दै स्थानीयले आक्रोश पोखेका छन् । मुलुकमा यस्ता घटना हुनु दुःखद पक्ष हो । सडक निर्माणको लागि खनिएको खाल्टो नपुर्ने ठेकेदार कम्पनीलाई कारबाही गरी मृतकका परिवारलाई उचित क्षतिपूर्ति दिने व्यवस्था मिलाउनेतर्फ सरकारले तत्कालै ध्यान दिनुपर्छ ।

उक्त घटनापछि सरकारले मृतकका परिवारलाई सहानुभूति दिने कामसमेत नगरेको भन्दै स्थानीयले पोखेको आक्रोशलाई स्वाभाविकरूपमा लिनुपर्ने अवस्था सिर्जना हुनुलाई दुःखद पक्षको रूपमा मान्नुपर्छ । सरकारले मृतकका परिवारलाई उचित क्षतिपूर्ति दिएर उनीहरूको दुखेको घाउमा मलहम लगाउनुपर्छ । राज्यले यस्ता लापरबाही गर्नेमाथि कडा कारबाही गर्ने कानुन बनाउनुपर्छ । साथै जो–कोही भए पनि लापरबाही गरेको ठहर भएमा उनीहरूलाई कारबाहीको दायरामा ल्याउनुपर्छ । होइन भने यस्ता घटना भइरहने तर दोषी कारबाहीको दायरामा नआउने प्रवृत्ति हाबी नहोला भन्न सकिन्न । त्यसकारण यस्ता कुरामा सम्बन्धित निकायको बेलैमा ध्यान जानु जरुरी छ ।

**लेखकहरूलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# राजनीतिका बेमौसमी धुनहरू



डा. टीकाराम पोखरेल

बेमौसमका धुनहरू जतिसुकै मेहनत गरेर बजाए पनि ती कर्णप्रिय हुँदैनन्। तर पनि आत्मरतिका लागि बेमौसमी बाजाहरू बज्ने गर्दछन्। राजनीतिमा पनि यस्ता अरुचिकर बेमौसमी बाजाहरू पटक-पटक बज्छन्। राजनीति प्रत्यक्ष समाज र समकालीन सन्दर्भसँग सरोकार राख्ने विषय भएकाले राजनीतिका बेमौसमी बाजाहरू झनै दिक्क लाग्छन्। तर पनि जनताले कान खुला, मुख बन्द र मनमा दिक्दारी पालेर त्यो बेमौसमी बाजाको धुनहरू सुन्नुपरेको छ। यस्ता बेमौसमी धुनहरूले 'काम कुरो एकातिर कुम्लो बोकी ठीमितिर' भन्ने उखानलाई चरितार्थ गरेको मात्र छैन राजनीतिक अन्यौलतालाई झनै बढवा दिएको छ।

नेपालको वर्तमान संविधान २०७२ साल असोज ३ मा घोषणा हुँदा नै ३ तहको निर्वाचन २०७४ माघ ७ भित्र सम्पन्न गराइसक्नुपर्ने भनी गरिएको व्यवस्था स्वयम् ती संविधान निर्मातालाई राम्रोसँग थाहा थियो। तिनीहरूले निद्रामा संविधान घोषणा पक्कै गरेका थिएनन्। संविधान निर्माणदेखि २ वर्षभन्दा बढी समय निर्वाचनका लागि बाँकी भए पनि समय हुँदासम्म दलहरू आपसी विवादमा अल्झिए। जब निर्वाचनको समय घड्किन लाग्यो तब चुनावको चटारो पर्‍यो। कृषिप्रधान देशमा असारको मध्यमा चुनाव गर्ने काम भयो। यस्तो असारको मध्यमा चुनाव त पञ्चायती कालमा समेत भएको थिएन। एकातिर एउटै स्थानीय निकायको चुनाव गर्न ६ महिनासम्मको समयावधि लिने अर्कातिर अब २ वटा चुनाव गर्न समय नपुग्ने भन्दै प्रदेश र केन्द्रको चुनाव एकैपटक गर्ने बहस चलाएर चुनावप्रति अन्यौलता सिर्जना गर्ने काम राजनीतिक दलहरूबाट हुँदै छ।

> कृषिप्रधान देशमा असारको मध्यमा चुनाव गर्ने काम भयो। यस्तो असारको मध्यमा चुनाव त पञ्चायती कालमा समेत भएको थिएन। एकातिर एउटै स्थानीय निकायको चुनाव गर्न ६ महिनासम्मको समयावधि लिने अर्कातिर अब २ वटा चुनाव गर्न समय नपुग्ने भन्दै प्रदेश र केन्द्रको चुनाव एकैपटक गर्ने बहस चलाएर चुनावप्रति अन्यौलता सिर्जना गर्ने काम राजनीतिक दलहरूबाट हुँदै छ।

जति कम समय भए पनि केन्द्रीय संसद् र प्रदेश संसद्को बाँकी २ वटा चुनाव माघ ७ भित्र गराउनु संवैधानिक बाध्यता छ। तर यही बेला संविधान संशोधनको अर्को बेमौसमी बाजा बजाइँदै छ। त्यो पनि समय हुँदा संविधान संशोधनमा त्यति रुचि नदेखाउने जब निर्वाचन मुखमा आउँछ तब संविधान संशोधनले चर्को रूप लिने स्थिति आउँछ। यहाँ पनि 'काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भएको छ। जताबाट पनि चुनावी एजेन्डालाई असर पर्ने बहस चल्छ।

सबै दलको यति बेलाको चासो र चिन्ता संविधान कार्यान्वयनतर्फ हुनुपर्ने हो तर चासो सबै दललाई सत्ताको बढी छ। अहिले पनि संविधान कार्यान्वयनका कुन-कुन काम गरियो, कुन बाँकी छन् भन्ने हिसाब कुनै दलले गरेको छैन। न त संविधान कार्यान्वयनमा मेरो भूमिका के हुन्छ भनेर नै आँकलन गरिएको छ। सबै दल संसद्मा आफ्नो कति सिट छ र अर्को पक्षको कति सिट छ, अथवा स्थानीय निर्वाचनमा आफूले कति सिट जितियो, अर्को पार्टीले कति जित्यो र अब कति सिट जितिन्छ भन्ने हिसाबकिताबमा नै दलरुको ध्यान केन्द्रित छ।

स्थानीय तहको दुई तहको निर्वाचन सम्पन्न भयो। सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुगेको घोषणा पनि गरियो, तर अझै पनि सिंहदरबार भने गाउँलाई अधिकार दिन कन्जुस्याइँ गरिरहेको छ। हिजो एकात्मक राज्यसत्ताले अधिकारको केन्द्रीकृत गर्‍यो भन्नेहरू नै आज तल्लो तहमा अधिकार दिन हिच्किचाइरहेका छन्। संघीयताले अधिकार गाउँमा वितरण गर्ने हो, जनताको घरदैलोमा सेवा पुर्‍याउनु नै संघीयताको मूल मर्म हो। एउटा व्यक्ति र निकायको सट्टा अर्को व्यक्ति र निकायमा अधिकार सुम्पने संघीयताको मनसाय होइन। तर यहाँ त व्यक्ति केन्द्रित भएर अधिकार बाँडफाँड हुने अभ्यास भैरहेको छ। राजनीतिक मैदानमा आफ्नो स्थान जहाँ सुरक्षित हुन्छ, त्यहीं अधिकार केन्द्रित गर्नुपर्ने साँगुरो मानसिकताबाट केही नेताहरू गुज्रिरहेको भान भैरहेको छ। यस्तो संकुचित मानसिकता हुनु अत्यन्तै दुःखद पक्ष हो। स्थानीय तहको निर्वाचन गर्ने अधिकारको वकालत गर्ने तर अधिकार दिने बेला अंकुश लगाउने कामले संघीयतालाई सघाउ पुग्दैन। बरु संघीयतालाई यसले कमजोर बनाउँछ।

वर्तमान व्यवस्थापिका संविधानसभाको रूपान्तरित कामचलाउ व्यवस्थापिका हो। यो विधायिकाको प्रमुख काम संक्रमणकालीन रिक्तता पूरा गर्ने र छिटोभन्दा छिटो नयाँ व्यवस्थापिकाको निर्वाचन सम्पन्न गरेर नयाँ संसद्लाई विधायिकी अधिकार हस्तान्तरण गर्ने हो। तर यो वस्तुसत्य कुरालाई भुलेर वर्तमान व्यवस्थापिकाका सदस्यहरू आजन्म आफू संसद् सदस्य भएझैं गरी काम गरिरहेका छन्। सरकार पनि नयाँ चुनाव गरी ताजा जनादेश लिएर ५ वर्ष सत्ता हाँक्ने आँट गर्नुको सट्टा पुरानै जनादेशको बलमा भागवण्डाको कसरत गरिरहेछ। प्रतिपक्ष पनि त्यही कुर्सी ताकिरहेछ। यसले गर्दा संविधान कार्यान्वयनको एजेन्डा छायामा परिहेको छ। यी सबै गतिविधि हेर्दा कामचलाउ व्यवस्था नै स्थायी व्यवस्थाजस्तो बन्न पुगेको छ।

कामचालाउका एजेन्डा पनि काम चलाउ हुन्छन्। काम चलाउ संसद् र सरकारले सामान्य प्रशासनिक र बाधा अड्काउ फुकाउने बाहेक अरु केही काम गर्दैन। तर 'नमच्चिने पिङको सय झड्का' भनेझैं यहाँ त काम चलाउहरू नै ठूला-ठूला विकास निर्माणका भाषण गर्छन्। तर काम भने सिन्को भाँच्दैनन्। उनीहरू यस्ता उडन्ते भाषण गरेर राजनीतिप्रति नै वितृष्णा जगाइरहेका छन्।

वर्तमान सरकार होस् वा संसद्, त्यसको अधिकतम अवधि अब पाँच महिना हो। यो पाँच महिनाको अवधिमा निर्वाचनलगायत संविधान कार्यान्वयनका धेरै कार्यहरू गर्नुपर्दछ। तर दलहरूको गति हेर्दा चुनावको लागि अझै पाँच वर्ष बाँकी छ कि भनेझैं सुस्त-सुस्त देखिन्छ। हुन त विगतमा पनि बाधा अड्काउ फुकाउने भन्दै जुन बेला चाहियो त्यही बेला आफू अनुकूल व्याख्या गर्दै दलहरूले सत्ता र संविधानसभा नलम्ब्याएका होइनन्। अहिले पनि समय भएसम्म आलटाल गर्दै समय घड्काउने र अनि समय पुगेन भन्दै संविधान संशोधन गरी आफ्नै म्याद आफैंले थप्ने दाउ दलहरूको हुन सक्छ। आफ्नो पदावधि आफैंले थप्न पाउने भएपछि त्यसमा दुई तिहाइ मात्र होइन सर्वसम्मत पनि हुन सक्छ। तर त्यसरी समयमा निर्वाचन नगराएर संविधान संशोधन गर्दै सत्ता लम्ब्याइयो भने दलहरूलाई त्यसको मूल्य निकै भारी पर्ने निश्चित छ। त्यसैले संविधानको मर्मबमोजिम निर्वाचन गर्नुको विकल्प छैन। यसमा पनि बेमौसमी बाजा बजाउन थालियो भने त्यसले हाम्रो लोकतान्त्रित गणतन्त्रलाई नै कुरूप बनाइदिन्छ। आवधिक निर्वाचन लोकतन्त्रको सबैभन्दा महत्वपूर्ण पाटो भएकाले एसमा रत्तिभर तलमाथि गर्नुहुँदैन।

राजनीति समय र परिस्थितअनुसार चल्नुपर्छ तर त्यसको केन्द्रमा भने देश र जनता हुनुपर्छ। जुन राजनीतिज्ञले आफूले टेकेको धरातल चिन्छ त्यो राजनीतिज्ञ नै भविष्यमा सफल हुन्छ। अन्यथा जनतालाई झुक्याउने काम गर्दा कालान्तरमा नेताहरू आफैं झुक्किन्छन्। अर्को पटक सभासद वा मन्त्री हुने वा नहुने पक्का छैन, पाएको बेला खाइहालौं न त भन्ने संकुचित मानसिकता राख्ने हो भने त्यस्तो व्यक्ति भविष्यमा राजनीतिक मैदानबाट 'रिङ आउट' हुन्छ। त्यसैले कसैले पनि बेमौसमी बाजा बजाउनुहुँदैन। बेमौसमी बाजाको परिणाम पनि सकारात्मक आउँदैन। बेमौसमी बाजा नबजाऔं। जुन बेला जे गर्नुपर्ने हो त्यही गरौं। जेलाई प्राथमिकता दिनुपर्ने हो, त्यसैलाई प्राथमिकता दिऔं।

बेमौसमको खेतीले गतिलो फल दिँदैन। कहिलेकाहीं रहरले गरिएका बेमौसमी खेतीले फल दिइहाले पनि त्यो फल झरिलो हुँदैन, टाक्सिएको फल मात्र दिन्छ। यस्ता बेमौसमी खेतीका फलहरू दीर्घकालीन हुन पनि सक्तैनन्। आत्मरतिमा रमाउनेबाहेक बेमौसमी खेती काम लाग्दैन। बेमौसमी काममा जोड गर्नुभन्दा ठीक काम, ठीक समयमा, ठीक व्यक्तिद्वारा, ठीक तरिकाले गर्नु नै बुद्धिमतापूर्ण कार्य हुन्छ। सही तरिकाले सही समयमा गरिएको कामको परिणाम मात्र सही हुन्छ। विगतको लामो समयदेखिको राजनीतिक अस्थिरता ठीक समयमा ठीक तरिकाले काम नगर्दाको परिणाम हो। हामीले विगतका गल्तीबाट सिक्ने हो, दोहोर्‍याउने होइन। तर समस्याको जड नागरिकमा होइन, बरु राजनीतिक नेतृत्वमा छ। यसमा राजनीतिक नेतृत्वको समयमै ध्यान पुग्नु जरुरी छ।

## पाठक पत्र

### खै क्षतिपूर्ति ?

नेपाल दूरसञ्चार प्राधिकरणले पारित गरेको दूरसञ्चार सेवाको गुणस्तरसम्बन्धी विनियमावली २०७३ आएको छ। तर कडाइका साथ कार्यान्वयनमा भने चुनौती छ। सेवाप्रदायकले लापरबाही गरे वा सेवाग्राहीलाई समस्या हुने गरी सेवा अवरुद्ध गरे क्षतिपूर्ति दिनुपर्ने व्यवस्था विनियमालीमा छ। यसमा लाइसेन्स खारेजीसम्मको कडा कानुनी व्यवस्थासमेत राखिएकाले सेवाप्रदायक कम्पनीले यस विषयमा पक्कै पनि गम्भीर हुनेमा दुईमत देखिएको छैन।

अब फोन गर्दागर्दै काटिएमा मोबाइल र टेलिफोन सेवाप्रदायकले ग्राहकलाई त्यसबापत क्षतिपूर्ति तिर्नुपर्ने नयाँ व्यवस्थामा छ। यो नयाँ नियमावलीमा दूरसञ्चार सेवा, टेलिफोन सेवा, मोबाइल सेवा, इन्टरनेट तथा डाटा सेवा, बिलिङ तथा ग्राहकको सेवासम्बन्धी गुनासो सम्बोधन गर्ने सेवाप्रदायकका लागि अहिले थुप्रै कडा नियमहरू ल्याइएको छ। शुरुवातमा मोबाइल तथा इन्टरनेट सेवाप्रदायकले गुणस्तर कायम गर्न नसक्ने भएमा त्यसको आधार, कारण तथा गुणस्तर कायम गर्नका लागि गरेका काम-कारबाहीको विवरण र आवश्यक पर्ने अवधि खुलाएर प्राधिकरणमा निवेदन दिन सक्नेछन्। निवेदन दिएर पन्छिने भन्दा पनि गुणस्तरीय सेवामा ध्यान दिएर लाग्नु जरुरी छ।

प्राधिकरणले सेवाको गुणस्तर कायम गर्न थप अवधि दिन सक्ने व्यवस्था गर्नुपर्छ। प्राधिकरणले दिएको अवधिभित्र पनि सेवाको गुणस्तर सुधार्न नसके सरकारले त्यस्ता सेवाप्रदायकको लाइसेन्स खारेज गर्नुपर्छ। अनि बल्ल सेवाग्राहीले सुविधा पाउँछन्। प्राधिकरणले अब कर्मचारी वा सम्बन्धित विषयको विज्ञबाट यस्ता सेवाको गुणस्तरका सम्बन्धमा नियमितरूपमा गुणस्तर अनुगमन तथा निरीक्षणको काम पनि गरिरहनुपर्छ। अब सेवाको गुणस्तर कायम नगरेको कारणले मोबाइलमा कुरा गर्दागर्दै आफैं फोन कल काटिने (कल ड्रप) भएमा सेवाग्राहीले कुरा गरेको समयावधि (पल्स) बराबरको शुल्क वा फोन कल दर बराबरको रकम सेवाप्रदायकले क्षतिपूर्तिको रूपमा ग्राहकलाई उपलब्ध गराउनुपर्छ।

*- सुविक्षा गिरी, सल्यान*

### फोहोर व्यवस्थापन गरौं

स्वास्थ्य संस्थाहरूलाई मृत्युबाट बचाउन जाने ठाउँका रूपमा लिइन्छ,। तर, तिनै स्वास्थ्य संस्थाबाट निस्कने फोहोरका कारण अर्को कुनै रोग त निम्तिँदैन ? प्रश्न उठ्न थालेको छ। देशकै सबैभन्दा ठूलो अस्पताल मानिने वीर अस्पतालमा पुग्दा त्यहाँ प्लाष्टिकले बेरिएको फोहोरको डंगुर देखिन्छ। सिरिन्जदेखि सलाइन पानीका बट्टा र औषधिका खालि डिब्बाहरू खुल्ला आकाशमुनि अस्पतालको पछाडि भागमा छरपस्ट फालिएको छ। सरसफाइको दृष्टिले अन्य ठाउँभन्दा अस्पताल अझ संवेदनशील मानिन्छ। तर, कतिपय अस्पताल परिसरमा जताततै फोहोर फाल्ने गरिएको हामीले देख्ने गरेका छौं। उपचार गराउने ठाउँमा आउँदा रोग बोकेर फर्कनुपर्ने अवस्था सिर्जना भएको छ।

अस्पताल प्रांगणमा सञ्चालित औषधि पसलअगाडि कन्टेनर रहे पनि पसलेहरूले भुइँमै यत्रतत्र फोहोर फ्याँक्ने गरेको देखिन्छ। अस्पतालमा फोहोर जमेर दुर्गन्ध बढेपछि उपचारका लागि आउने बिरामी, स्थानीय व्यापारी, सर्वसाधारण, अस्पतालकै स्वास्थ्यकर्मी तथा कर्मचारीले समेत नाक छोप्दै हिँड्नुपर्ने अवस्था छ। सम्बन्धित पक्षले बेलैमा चासो नदिँदा विगत लामो समयदेखि दुर्गन्धमा नै बसेर काम गर्नुपरेको त्यहाँका कर्मचारीको पीडा आफ्नो ठाउँमा होला। तर कर्मचारीले पनि यो विषयमा चासो दिएका छैनन्।

वीर अस्पतालको चारैतिर फोहोरैफोहोर थुपारिएको भए तापनि अस्पताल प्रशासनको चरम लापरबाहीका कारण लामो समयदेखि फोहोर व्यवस्थापन हुन सकेको छैन। जो-कोही बिरामी भएपछि उपचारका लागि अस्पतालमा नै गइन्छ। अस्पतालमा सरसफाइदेखि खानपानमा ध्यान नदिँदा कुनै पनि रोगको संक्रमण हुने परामर्शसमेत दिइन्छ। तर अस्पतालमा रोग निको पार्न हैन, रोग भित्र्याउन जाने जस्तो भएको छ। राजधानीकै शिक्षण अस्पताल महाराजगन्ज, कान्ति अस्पताललगायतका अस्पतालहरूमा पनि फोहोरको वैज्ञानिक तरिकाले व्यवस्थापन गरिएको मैले देखेको छैन। केही निजी अस्पतालहरूमा भने फोहोरलाई वैज्ञानिक तरिकाले व्यवस्थापन गर्ने गरिएको पाइएको छ। सरकारी अस्पतालमा व्यवस्थापनको कमजोरीले यो अवस्था सिर्जना भएको छ। यसमा ती अस्पताल प्रशासनले ध्यान पुर्‍याउने पर्छ।

*- प्रविन केसी, भक्तपुर*

### आँखा पर्ने खाल्टा मात्रै पुरिए

प्रधानमन्त्रीले निर्देशन दिएको २० दिन नाघिसक्दा पनि राजधानीका सडकका खाल्टा पुर्ने काम पूरा भएको छैन। यो काम सेलाउन पो थालेको देखिएको छ। खाल्टा पुर्ने जिम्मा पाएका सरकारी निकायका सचिवहरूले निर्देशनअनुरूप काम नगर्दा मुख्य सडकका ठूल्ठूला भ्वाङ जस्ताको तस्तै छन्। प्रधानमन्त्री, राष्ट्रपतिलगायत सरकारी निकायका उच्च कर्मचारीका आँखा पर्ने ठाउँका खाल्टा मात्रै पुरिएको देख्न सकिन्छ। धेरैजसो सडकको अवस्था जस्ताको तस्तै छ। सचिवहरूले खाल्टा पुर्न पर्याप्त जनशक्ति परिचालन र आवश्यक सामग्री जुटाउन नसक्दा काममा प्रगति नभएको हो। कतै-कतै सरकारी निकायका भीआईपीहरू हिँड्ने ठाउँका खाल्टा पुरिए पनि त्यो झारा टार्ने शैलीको मात्रै छ।


बितेका २० दिनको कार्य प्रगति हेर्दा सडकका खाल्टा पुर्ने काम सन्तोसजनक नभएको देखिन्छ। भीआईपी हिँड्ने सडकका खाल्टा केही पुरिएको देखिन्छ भने अरुको अवस्था उस्तै छ। झन् बिग्रँदो अवस्थामा छ। गौरीघाट, चाबहिल-जोरपाटी सडकखण्डमा गहिरा खाल्डा छन्। यी सडकका खाल्टा नपुर्दा सवारीसाधनसमेत बिग्रिने र दुर्घटना हुने गरेका छन्। खाल्टा पुर्ने जिम्मा पाएका निकायले यो समस्यालाई बेवास्ता गरेको छ। १५ दिने म्याद सकिएपछि अहिले तीन निकायका सचिवहरूको ध्यान सडकतिर छैन। उनीहरू सडकमा काम गर्न खटिएका छैनन्।

केयुकेएल, सडक विभाग, पीआईडी, बागमती सभ्यता, धोबीखोला करिडोर आयोजना, विष्णुमति करिडोर आयोजना, काठमाडौं महानगरपालिका र ललितपुर महानगरपालिकाले खाल्टा पुर्ने काम गरिरहेको देखिए पनि त्यो झारा टार्ने जस्तो भएको छ। यी निकायलाई खानेपानी तथा सरसफाइ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले काम गर्न निर्देशन दिइरहेका छन्। तर, कुनै पनि निकायले उत्तरदायी भएर काम गरेको देखिँदैन।

महाराजगन्ज-बूढानीलकण्ठ, तीनकुने-बानेश्वर, तीनकुने-कोटेश्वर, केशरमहल-लाजिम्पाट, रत्नपार्क-सिनामंगल, हात्तीसार-गौशाला, जयबागेश्वरी-कालोपुल, लैनचौर-सोह्रखुट्टे, गौरीघाट-गौशाला, चाबहिल-चुच्चेपाटी, चाबहिल-जोरपाटी, त्रिपुरेश्वर-कलंकी, चाबहिल-गोपीकृष्ण हललगागत सडकका खाल्टा पुरिएका छैनन्। प्रधानमन्त्रीको निर्देशनपछि साउन १ गतेदेखि खानेपानी तथा सरसफाइ मन्त्रालयका सचिव भीमप्रसाद उपाध्याय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव देवेन्द्र कार्की र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव दिनेश थपलियाको नेतृत्वमा काम शुरु भएको खबर आम मिडियामा आएको थियो। सडकका खाल्टाखुल्टीका कारण सवारीसाधन पनि छिटो बिग्रने गरेका छन्। खाल्टे सडकमा साना टायर भएका सवारीसाधन सबैभन्दा बढी बिग्रने गरेको अवस्था छ।

*- दीपक तिवारी, नुवाकोट, हाल : काठमाडौं*

## सामाजिक सञ्जाल



स्वतन्त्र- एमालेले बाँडेको वृद्धभत्ता लिन्न भन्न सक्नुहुन्छ ?
म- कांग्रेसले बनाएको सडकबाट हिंड्दिन भन्न सक्नुहुन्छ ?
(दुवै राज्यले गरेका हुन्)

**Umesh**
**@ptkums**



रेणु दाहाल प्रचण्ड-पुत्री मात्र होइनन्। उनी साहसी नारी पनि हुन्। युद्धकालमा उनले भोगेका पीडा के कम दर्दनाक थिए होलान् ?

**Ansu Acharya**
**@acharya_ansu**



हिजोसम्म टायर बाल्नेलाई सत्ता दिएर
देशको इज्जत फाल्नेलाई सत्ता दिएर
हाम्रो देशको विकास कसरी होला खोई
बलात्कारी र गुन्डा पाल्नेलाई सत्ता दिएर

विष्णु खनाल
**@bishnubsk**

अब जिल्ला शिक्षा कार्यालय काठमाडौंको नाम काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा विभाग रहने भएको छ।

# आफूलाई चरा ठान्छन् राष्ट्रकवि

पवित्र आचार्य, काठमाडौं

*'केही काम नौलो नगरी नजाउ*
*अकालमै हे म मरी नजाउ।*
*आयु देउ, भविष्य देउ,*
*मभित्र जीवन्त मनुष्य देउ।*


राष्ट्रकवि माधव घिमिरेको पुकार भगवान्ले सुने। जीवन्त मनुष्य दिए। त्यो पनि सिर्जनात्मक हृदय भएको। जो हामीले पढ्दा र सुन्दा अनौठौ लाग्ने उमेरसम्म। जुन राष्ट्रकविले पाउनुभएको छ।

कर्मयोद्धा राष्ट्रकवि घिमिरे नेपाली समाज र साहित्यका लागि एक युगिन दस्तावेज हुनुहुन्छ। वि.सं. १९७६ असोज ७ गते लमजुङको कुस्तुङमा जन्मिनुभएका घिमिरेले वि.सं. १९९४ मा पहिलो कृति नवमञ्जरीबाट साहित्यिक यात्रा शुरू गर्नुभएको हो।

वि.सं. २०१४ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य भएपछि आजीवन सदस्य, उपकुलपति, कुलपति भएर प्रज्ञा प्रतिष्ठानमा लामो समय सक्रिय रहनुभयो। उहाँका कृतिहरूले दर्जनौं राट्रिय सम्मान र विभूषण दिलाएका छन्। नेपाली साहित्यका धरोहर राष्ट्रकवि घिमिरे कर्म र साहित्यिक साधनाले खारिएका एक योद्धा हुनुहुन्छ, नेपाली साहित्यका क्षेत्रमा।

जीवनको ९९औं खुड्किलामा पाइला टेक्दै गर्नुभएका राष्ट्रकवि घिमिरेको कलमले आज पनि साहित्यिक क्षेत्रमा उत्तिकै वाहवाही पाइरहेको छ। उहाँलाई भेट्नेहरू आजका दिनमा पनि उहाँलाई उस्तै पाउँछन्। जो हिजोका दिनमा पाउने गर्थे।

आफूलाई मन परेको काममा व्यस्त भइरहन पाउँदा अत्यन्त आनन्द र चराजस्तै सधैं



रुखका हाँगाबिँगामा उडेजस्तै सम्झने गर्नुहुन्छ। 'चिरबिर गर्दै यो हाँगाबाट त्यो हाँगामा पुग्ने पन्छीजस्तै महसुस गर्छु। तर, पहिले जस्तो नहुने। बूढो भइयो' -उहाँले भन्नुभयो।

केही समयअघि सामाजिक सञ्जालमा उहाँको निधनको खबरसमेत फैलियो। जुन सर्वथा गलत थियो। 'अचम्म भो। यही जुनीमा अर्को जुनी पाएँ। लाख-लाख नेपालीको मायाँ

> 'अचम्म भो। यही जुनीमा अर्को जुनी पाएँ। लाख-लाख नेपालीको मायाँ पनि पाएँ', अनुहारमा हाँसो ल्याउँदै उहाँले भन्नुभयो- 'म त त्यो भाग्यमानी रहेछु जो-कोही नहोला। मैले मेरो मृत्यु जीवित हुँदै महसुस गर्न पाएँ।'

पनि पाएँ', अनुहारमा हाँसो ल्याउँदै उहाँले भन्नुभयो- 'म त त्यो भाग्यमानी रहेछु। जो-कोही नहोला। मैले मेरो मृत्यु जीवित हुँदै महसुस गर्न पाएँ।'

'जीवित रहुञ्जेल मसँग रिस भएकाहरू पनि मेरो मृत्युसँगै मर्ने रहेछन्। मलाई साँच्चै नै मायाँ गर्नेहरू हुनुहुँदो रहेछ, म जीवित रहुञ्जेल मेरोअघि मायाको नाटक गर्ने पनि हुनसक्थे तर त्यो पाइनँ। म साँच्चै नै सबैको प्रिय रहेछु। मेरो मृत्युको समाचारपछि मैले ममाथिको मायाँको महसुस गर्न पाएँ। मेरो जीवनमा स्मरणीय घटना हो यो। विश्वभर छरिएर रहेका सम्पूर्ण नेपालीलाई हार्दिक प्रेम प्रकट गर्न चाहन्छु' -उहाँले सुनाउनुभयो।

उमेरले असहज बनाएकाले उहाँ पहिला जस्तो हिँडडुल गर्न सक्नुहुन्न। 'पहिले जस्तो कार्यक्रममा जान भने सक्दिनँ। त्यसैले नबोलाए हुन्थ्यो भन्ने लाग्छ। बोलाउँदा जान पाइएन भने आफैंलाई असहज महसुस हुन्छ' -उहाँले भन्नुभयो।

नेपाली, हिन्दी र संस्कृत भाषामा पोख्त घिमिरेले काव्य अनुवादका साथै गीत रचना पनि उत्तिकै गर्नुहुन्छ। आजका अत्याधुनिक भनिने युवायुवतीको मोबाइलमा पनि उहाँका गीतहरू उसै गरी गुञ्जने गरेका छन्।

नेपाली हामी, फूलको थुंगा, सारंगी रेटे पनि, लाग्दछ मलाई, आज र राति, यो छायाँछवीलगायतका उहाँका चर्चितमध्येमा पर्ने गीत हुन् भने गौरी शोक काव्य उहाँले पहिली पत्नी बितेको शोकमा लेख्नुभएको हो। आजसम्म साहित्यमा उत्तिकै लगाव देखाउने घिमिरेलाई सबैले सम्मान प्रकट गर्छन्।

*(प्रशिक्षार्थी)*

# काठमाडौंको जिल्ला शिक्षा कार्यालय कामपा मातहत

ईश्वरराज ढकाल, काठमाडौं

शिक्षा मन्त्रालयले तत्काल जिल्ला शिक्षा कार्यालयहरू विघटन नहुने जनाइरहेको बेला काठमाडौं महानगरले सो कार्यालय आफ्नो मातहतमा ल्याउने प्रक्रिया शुरू गरेको छ। कामपाले ३ महिनाभित्र जिल्ला शिक्षा कार्यालयमा आफ्नो बोर्ड राख्ने तयारी गरेको छ। अब जिल्ला शिक्षा कार्यालय काठमाडौंको नाम काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा विभाग रहने भएको छ। प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा कर्मचारी समायोजन समितिले कर्मचारी व्यवस्थापन गरेपछि जिल्ला शिक्षा कार्यालयमा कार्यरत कर्मचारी स्थानीय तहमा आउनेछन्। कामपाका प्रवक्ता ज्ञानेन्द्र कार्कीले जिल्ला शिक्षा कार्यालयलाई ३ महिनाभित्र कामपाको मातहतमा ल्याइसक्ने जानकारी गराउनुभयो। उहाँले भन्नुभयो- 'कक्षा १ देखि १० सम्मका शिक्षकको तलब आइसकेको अवस्थामा कर्मचारीलाई आफ्नो मातहतमा ल्याउनु जरुरी छ।' सरकारले घरेलु तथा साना उद्योग कार्यालयमा कामपा नगर कार्यपालिकाको कार्यालय घरेलु उद्योगको बोर्ड राखिसकेको छ।

शिक्षा मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले हाल जिल्ला शिक्षा कार्यालय हस्तान्तरण गर्न समस्या हुने बताउनुभयो। उहाँले स्थानीय निकायले पूर्णरूपमा काम गर्न थाले पनि सम्पत्ति हस्तान्तरण भइसकेपछि मात्रै स्थानीय तहमा जानसक्ने बताउनुभयो। हामी छलफलकै क्रममा रहेका छौं, अहिले नै यसै हुन्छ भन्न सक्ने अवस्था छैन। जिल्ला समन्वय समितिले पूर्णरूपमा काम गर्न थालेपछि मात्र शिक्षा कार्यालय स्थानीय तहमा जाने उहाँको भनाइ थियो। उहाँले सबै जिल्ला शिक्षा कार्यालयललाई स्थानीय तहमा कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा छलफल भइरहेको दाबी गर्नुभयो। अधिकांश स्थानीय तहका जनप्रतिनिधिले जिल्ला शिक्षा कार्यालय आफ्नो मातहतमा हुनुपर्ने जनाउँदै आएका छन्। शिक्षा मन्त्रालयले हालसम करिब ७५ वटा स्थानीय निकायमा शिक्षा हेर्न उपसचिव खटाइसकेको छ। ती उपसचिवहरू हालसम्म कार्यालय गएका छैनन्। एक जना मात्रै कर्मचारी पठाएका स्थानीय तहमा सम्पूर्ण शिक्षाको काम गर्न नसक्ने भन्दै कर्मचारीहरूको माग गरिएको छ। कामपा प्रशासन महाशाखा प्रमुख हरि कुँवरले संविधान प्रदत्त अधिकार प्रत्यायोजनका लागि सम्बन्धित मन्त्रालयका स्थानीय तहमा रहेका कार्यालयहरू समायोजन गर्ने निर्णयअनुसार सम्बन्धित कार्यालय र कर्मचारी समायोजनको काम शुरू गरिएको जानकारी गराउनुभयो।

'हामी शिक्षाको मात्रै होइन, जिल्ला जनस्वाथ्य कार्यालय, सहकारी डिभिजन कार्यालयलगायत आधा दर्जनभन्दा बढी कार्यालयले कामपाको मातहतमा ल्याउन काम शुरू गरिसेकेका छौं, केही महिनाभित्र स्थानीय तहमा सञ्चालित सबै कार्यालय कामपाको मातहतमा आउनेछ' -उहाँले भन्नुभयो। तर, जिल्ला शिक्षा कार्यालयअन्तर्गत काठमाडौं जिल्लामा पर्ने सरकारी र निजी विद्यालय कसले व्यवस्थापन गर्ने भन्ने विषयमा कुनै निर्णय भएको छैन। काठमाडौं जिल्लाभित्र करिब एक दर्जन नगरपालिका छन्।

सिनेमा कर्नर










मााउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

# २७ वर्षपछि दुई बलात्कारी समातिए

काठमाडौं, (नेस)

२७ वर्षअघि एक युवतीलाई करणी गरेर फरार भएका दुई जनालाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले पक्राउ गरेको छ।

२०४७ साल साउन २२ गते रामेश्वर नगरकोटी र अनिल थापाले एक युवतीलाई इन्द्रचोकबाट कीर्तिपुर पुर्‍याइदिने बहानामा त्रिभुवन विश्वविद्यालयको एउटा हलमा लगेर जबरजस्ती करणी गरिरहेको बेला प्रहरी घटनास्थल पुगेको भए पनि अभियुक्तहरू भागेका थिए। प्रहरीले उक्त घटनामा संलग्न रहेका नगरकोटी र थापालाई किटानी जाहेरीसहित जिल्ला अदालतमा मुद्दा दायर गरेको भए पनि उनीहरू फरार रहेका थिए।

ब्युरोले फैसला कार्यान्वयन गराउने सिलसिलामा खोजी गर्दै जाँदा उनीहरूलाई बल्खुबाट पक्राउ गरी जेल भुक्तानीका लागि केन्द्रीय कारागार पठाएको छ।

# पूर्वमन्त्रीद्वारा दुःख व्यक्त

काठमाडौं, (नेस)

रौतहटको गरुडा नगरपालिकामा खाल्डोमा डुबेर चार बालिकाको ज्यान गएको घटनाप्रति पूर्वमन्त्री अजय शंकर नायकले दुःख व्यक्त गर्नुभएको छ।

ठेकेदारले सडक बनाउँदा खाल्डो खनेको र खाल्डो नपुर्दा जमेको पानीमा डुबेर बालिकाहरूको मृत्यु भएको विषय अत्यन्त संवेनदशील भएको भन्दै उहाँले संलग्न ठेकेदारहरूलाई कानुनअनुसार कारबाहीका लागि माग गर्नुभएको छ। उहाँले घटनाबारे स्थानीय प्रशासनसँग बुझी दोषीलाई कुनै पनि हालतमा उन्मुक्ति नदिनुका साथै कारबाहीको दायरामा ल्याउन सम्बन्धित निकायलाई आग्रह गर्नुभएको छ।

# महिला सम्मेलन शुरू

काठमाडौं, (नेस)

दक्षिण एसियामा स्थानीय सरकार र राजनीतिमा महिला सहभागिता लैंगिक समता एवं न्यायका लागि महिला अधिकार संरक्षण तथा प्रवर्द्धन विषयक दुईदिने दक्षिण एसियाली महिला सम्मेलन आइतबार राजधानीमा प्रारम्भ भएको छ।

दक्षिण एसियाली मुलुकका सांसद, नागरिक समाजका अगुवा तथा महिला अधिकारकर्मी गरी करिब ७० जनाको उपस्थिति रहेको सो सम्मेलनको उद्घाटन पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले महिला समानता र निर्णायक तहमा महिलाको सहभागिताको हिसाबले दक्षिण एसियामै नेपाल अगाडि रहेको तर पर्याप्त भने नभएको स्पष्ट पार्नुभएको छ।

# होस्टेल एसोसिएसनमा बाटाजु



ललितपुर, (नेस)

नेपाल होस्टल एसोसिएसन ललितपुरको तेस्रो साधारणसभाले सुनीता बाटाजुको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ। नेहा ललितपुरको अध्यक्षमा सर्वसम्मत तथा निर्विरोधरूपमा पुनः बाटाजु चुनिएकी हुन्।

यसै गरी एसोसिएनको उपाध्यक्षमा सन्तोष दाहाल, सचिवमा निमा श्रेष्ठ, सहसचिवमा रमिला केसी र कोषाध्यक्षमा गीता राई निर्वाचित भए। यस्तै सदस्यहरूमा धन राई, पुकार श्रेष्ठ, देविता क्षत्री, सविता थापा, बनीता थापा र कुमार घिमिरे छन्। नेपाल होस्टल एसोसिएसनमा ललितपुरका करिब १ सय होस्टेल व्यवसायी आबद्ध रहेका छन्।

# विप्लव माओवादीबाट ४ सय ५० बाहिरिए

भक्तपुर, (नेस)

विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टीका ४ सय ५० जना नेता तथा कार्यकर्ताले संयुक्तरूपमा आइतबार पार्टी परित्याग गरेका छन्।

रफत सञ्चार क्लबमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनीहरूले संयुक्तरूपमा पार्टी परित्याग गरेको घोषणा गरेका हुन्।

जनयुद्धको लक्ष्यविपरीत पछिल्लो समय मनोगतवादी चिन्तन, अकर्मण्यतावाद, गोलचक्करवादी कार्यदिशा, अमूर्त दिशाहीन आन्दोलनलगायतका क्रियाकलाप पार्टीभित्र बढ्दै गएका कारण आफूहरूले संयुक्तरूपमा पार्टी परित्याग गरेको अखिल नेपाल क्रान्तिकारी निर्माण मजदुर संघका केन्द्रीय संयोजक युवराज आचार्यले बताउनुभयो।

उहाँले भन्नुभयो- 'पार्टीले पछिल्लो समयमा आफ्नो उद्देश्यलाई भुलेर जसरी परिवर्तनको बाटो अँगालेको छ नेतृत्व पंक्तिले कार्यकर्तामाथि घात गरेकै कारण आफूहरूले पार्टी परित्याग गर्नुपरेको हो।'

आइतबार आचार्यसहित नेपाल कम्युनिस्ट पार्टी इलाका ४ इन्चार्ज जोवान तामाङ, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका भक्तपुर जिल्ला अध्यक्ष विक्रम आचार्यलगायतका जिल्ला तहका ४ सय ५० नेता तथा कार्यकर्ताले पार्टी परित्याग गरेका छन्।

## दुई मिनेट

### आगलागीबाट धनमाल क्षति

काठमाडौं, (नेस)

रौतहट बजिगडिया गाउँपालिका-६ घर भई हाल काठमाडौं महानगरपालिका-१४ कुलेश्वरस्थित फलफूल पसल सञ्चालन गर्ने ४१ वर्षीय सुरजमान गुप्ताको फलफूल पसलमा शनिबार करेन्ट सर्ट भई आगलागी हुँदा करिब १ लाख रुपियाँ बराबरको धनमाल क्षति भएको छ।

स्थानीयबासी र दमकलको सहयोगमा आगो नियन्त्रणमा लिई यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ।

### कुमाल विद्यार्थी सम्मानित

काठमाडौं, (नेस)

कुमाल विद्यार्थी समाजले एसईई मा उत्कृष्ट अंक ल्याउने देशभरका विद्यार्थीलाई सम्मान गरेको छ। समाजले शनिबार औपचारिक कार्यक्रमको आयोजना गरी सम्मान गरेको हो।

समाजका केन्द्रीय अध्यक्ष नवीन कुमालको अध्यक्षता एवं सांसद नागेन्द्र कुमालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो। कार्यक्रममा ३० जनाभन्दा बढी विद्यार्थीलाई प्रमाणपत्रसहित सम्मान गरिएको हो।

समाजका सदस्य नीता कुमालको स्वागतबाट शुरू भएको कार्यक्रमको सहजीकरण सुरेश कुमालले गर्नुभएको थियो।

### पाकेटमार पक्राउ

काठमाडौं, (नेस)

दोलखा भिंग्री-६ घर भई हाल काठमाडौं बौद्ध बस्ने २८ वर्षीय सुभास तामाङ र काभ्रे महादेवस्थान-९ घर भई काठमाडौं जोरपाटी बस्ने २१ वर्षीय धर्मसिंह तामाङलाई आइतबार प्रहरीले पकेटमारेको अभियोगमा पक्राउ गरेको छ।

गोंगबु बसपार्कदेखि पुरानो बसपार्क चल्ने बा१ख ९१६७ नम्बरको बसमा सवार सुभास र धर्मसिंह सिनामंगल ओरालोमा पुग्दा बसमा सवार अन्य यात्रुको गोजीमा हात हाली पकेट मार्ने क्रममा पक्राउ परेका हुन्। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ।

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : शारीरिक सुखको अनुभूति, गरेका काम सफल, स्वास्थ्य लाभ।
**वृष** : राजनीतिमा सफलता, पुरस्कृत-सम्मानितको अवसर, सुखानुभूति।
**मिथुन** : स्वास्थ्य खराबी, धनको क्षति, पढाइ-लेखाइमा बाधा-व्यवधान।
**कर्कट** : धनलाभ, व्यक्तित्व विकास, नेतृत्वमा सफलता, कार्य पूर्णता।
**सिंह** : पैसा प्राप्ति, मुद्दामामिला, परीक्षा, खेलकुद आदिमा जित, सम्मान।
**कन्या** : आँटेका कार्य सफल, आर्थिक लाभ, बौद्धिक क्षमतामा वृद्धि।
**तुला** : पाचन समश्या, आलस्यता, के गरौं के नगरौंको अवस्था, चिन्ता।
**वृश्चिक** : द्रव्यलाभ, मान वृद्धि, व्यापारिक सफलता, ज्ञान वृद्धि।
**धनु** : आर्थिक लाभ, सुख, मानसिक सन्तुष्टि, पेसा-व्यवसायबाट लाभ।
**मकर** : धनलाभ, पुरस्कार-सम्मान प्राप्ति, कार्य सफल, शुभ यात्रा।
**कुम्भ** : आर्थिक अभाव, चोटपटकको भय, आफन्तबाट धोका, विवाद।
**मीन** : आर्थिक लाभ, मिष्ठान्न भोजन, साथीभाइबाट प्राप्तिको सम्भावना।

२०७४, साउन
सोमबार
२३

# नेपाल

राष्ट्रिय मानव अधिकार आयोगले रौतहट जिल्लाको गरुडा नगरपापालिका-४, गौर चन्द्रनिगाहपुर सडकखण्ड छेउको खाल्डोमा डुबी ४ जना बालिकाको मृत्यु भएको घटनाका सम्बन्धमा स्वविवेकमा उजुरी ग्रहण गरी छानविन प्रारम्भ गरेको छ।

## आयोगले थाल्यो छानविन

काठमाडौं, (नेस)

राष्ट्रिय मानव अधिकार आयोगले रौतहट जिल्लाको गरुडा नगरपापालिका-४, गौर चन्द्रनिगाहपुर सडकखण्ड छेउको खाल्डोमा डुबी ४ जना बालिकाको मृत्यु भएको घटनाका सम्बन्धमा स्वविवेकमा उजुरी ग्रहण गरी छानविन प्रारम्भ गरेको छ। उक्त दुःखद घटनाको सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण भएको जारी वक्तव्यमा उल्लेख छ।

घटनाको अनुसन्धानका लागि क्षेत्रीय कार्यालय जनकपुरबाट एक अनुसन्धान टोली घटनास्थलतर्फ आइतबार नै खटाइएको जनाइएको छ।

'विकासको अधिकार मानव अधिकारको अभिन्न अंग हो। आम नागरिकको विकासको अधिकारलाई सुनिश्चत र कार्यान्वयन गर्दा सरकारले मानव अधिकार विकास पद्धतिको अवलम्बन गरी आमनागरिक र विशेष गरी बालबालिका, महिला, वृद्ध, अपांगता भएका व्यक्तिको जीवनको अधिकारको संरक्षण गरिनुपर्ने कुरामा सरकार जिम्मेवार रहनुपर्ने आयोग स्मरण गराउन चाहन्छ' -वक्तव्यमा भनिएको छ।

वक्तव्यमा अगाडि भनिएको छ- साथै, सार्वजनिक निर्माणको क्रममा निर्माण कम्पनीहरूबाट हुने गरेको लापरबाही र सरकारी निकायको उदासीनताको कारण व्यक्तिले जीवनको अधिकार नै गुमाउनुपर्ने अवस्था सिर्जना हुनु अत्यन्त दुःखद स्थिति हो। भविष्यमा यस्ता लापरबाहीपूर्ण कार्य हुन नदिन नेपाल सरकार जिम्मेवार रहनुपर्दछ भन्ने आयोगको निष्कर्ष छ।

## राजपाको केन्द्रीय समिति बैठक शुरू

### असन्तुष्टहरू आए तर मञ्चमा गएनन्

बीपी साह, काठमाडौं

राष्ट्रिय जनता पार्टी (राजपा) नेपालको दोस्रो केन्द्रीय समिति बैठक आइतबारबाट काठमाडौंमा शुरु भएको छ। स्थानीय तहको निर्वाचन तेस्रो चरणको निर्वाचनमा सहभागी हुने अथवा नहुने विषयमा अन्तिम टुंगो लगाउन र पार्टीको सांगाठनिक संरचना तथा जिम्मेबारी बाँडफाँडको विषयमा बैठक केन्द्रित भएको छ।

पदाधिकारी बैठकले निर्वाचनमा सहभागी नहुने राजनीतिक प्रतिवेदन पारित गरे पनि त्यसको अन्तिम टुंगो केन्द्रीय समितिबाट लगाइनेछ। यसै बैठकबाट राजनीतिक समितिसहित असन्तुष्ट नेताहरूलाई थप जिम्मेबारी पनि दिइनेछ। पार्टी पदाधिकारी, केन्द्रीय सदस्य र जिल्ला संयोजक तथा जनवर्गीय संगठनका प्रतिनिधिहरू गरी करिब १ हजारको संख्यामा रहेका सहभागीहरूलाई ३० वटा समूहमा विभाजन गरिएको छ। ती समूहलाई मुख्यरूपमा तीन वटा एजेनडामाथि छलफल गर्न लगाइएको छ।

बैठकमा सहभागीहरूले २ नम्बर प्रदेशमा हुन लागेको स्थानीय तहको निर्वाचनमा सहभागी हुने कि नहुने विषयमा छलफल गर्नेछ। निर्वाचनमा सहभागी भए किन सहभागी हुनुपर्ने अथवा सहभागी नभए किन सहभागी नहुने भन्ने कारणमाथिसमेत छलफल गर्न आग्रह गरिएको छ।

त्यस्तै, पार्टीको संरचना र जिम्मेबारीका विषयमा पनि समूहमा छलफल हुनेछ। समूहमा छलफल भएपछि समूहका नेताहरूले आफ्ना समूहको कुरा राख्नेछन्।

आइतबार उद्घाटन सत्रमा राजपा अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरले सीमाकंनबिनाको संशोधन र बिनाउपलब्धि निर्वाचनमा सहभागी हुनुको औचित्य नरहने प्रस्ट पार्नुभएको थियो। उहाँले देशमा यस्तै द्वन्द्व रहिरहे कुनै पनि बेला विस्फोट हुनसक्ने चेतावनीसमेत दिनुभयो।

पहिलो दिनको बैठकमा प्रदेश नम्बर ५ बाट हृदेयश त्रिपाठी, सर्वेन्द्रनाथ शुक्ला, प्रदेश नम्बर ७ बाट मालामती राणा थारू र प्रदेश नम्बर १ बाट सन्तोष मेहताले आफ्नो धारणा राखेपछि अध्यक्ष मण्डलका सदस्यहरूले बोल्नुभएको थियो।

बैठकमा त्रिपाठीले निर्वाचन रोक्न सक्ने अवस्था नआए निर्वाचनमा सहभागी हुन सुझाव दिनुभयो। मेहताले भने बिनाउपलब्धि निर्वाचनमा सहभागी हुनु उपयुक्त नहुने बताउनुभयो।

आइतबार अबेरसम्म अध्यक्ष मण्डलका सम्पूर्ण सदस्यहरूले धारणा राखेपछि सोमबार बिहान ८ बजेबाट समूहगत छलफल शुरु हुने सचिव सुरेश मण्डलले जानकारी दिनुभयो।

नेतृत्वप्रति असन्तुष्ट हुँदै पदाधिकारी बैठक बहिष्कार गरेका नेताहरू केन्द्रीय समिति बैठकमा सहभागी भएका छन्। नेताहरू हृदयेश त्रिपाठी, सर्वेन्द्रनाथ शुक्ला र बृजेश गुप्तालगायतले पदाधिकारी बैठक बहिस्कार गर्नुभएको थियो।

जसमध्ये त्रिपाठी र शुक्ला केन्द्रीय समिति बैठकमा सहभागी हुनुभएको छ। उहाँहरू बैठकमा सहभागी भए पनि पदाधिकारीको मञ्चमा आसन ग्रहण गर्नुभएन। उहाँहरूलाई आग्रह गर्दा पनि उहाँहरू मञ्चको तल नै बस्नुभएको थियो। पार्टी एकीकरणमा सम्मानजनक स्थान पाउन असफल हुनुभएका त्रिपाठीले असन्तुष्टि जनाउँदै आउनुभएको छ। पार्टी एकीकरण घोषणा कार्यक्रममा पनि उहाँहरू मञ्चमा सहभागी हुनुभएन।

आइतबार केन्द्रीय समिति बैठक शुरु हुनअघि राजपा संयोजक ठाकुरले त्रिपाठी, शुक्लालगायतका नेताहरूसँग छलफल गर्नुभएको थियो।

## शर्माको मुद्दा हेर्दाहेर्दैमा

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले आन्तरिक राजस्व विभागका निलम्बित महानिर्देशक चूडामणि शर्मालाई गैरकानुनीरूपमा थुनामा राखेको भनी दायर गरिएको रिट निवेदनमाथिको सुनुवाई हेर्दाहेर्दैमा बुधबारका लागि तोकेको छ।

न्यायाधीश दीपकराज जोशी, दीपककुमार कार्की, केदारप्रसाद चालिसे, शारदाप्रसाद घिमिरे र अनिलकुमार सिन्हाको बृहत् पूर्ण इजलासमा आइतबार सुनुवाई हुँदाहुँदै नभ्याएपछि बुधबारका लागि राखिएको हो। सो निवेदनमाथि आयोगका तर्फबाट अधिवक्ताहरू परशुराम कोइराला र चेतनाथ घिमिरे र निवेदकका तर्फबाट अधिवक्ता ललित बस्नेतले बहस गर्नुभएको थियो।

गत बुधबार सरकारका तर्फबाट महान्यायाधिवक्ता रमनकुमार श्रेष्ठ र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तर्फबाट अधिवक्ता बोर्णबहादुर कार्की, नरेन्द्रप्रसाद पाठक र यज्ञमूर्ति बन्जाडेले बहस गर्नुभएको थियो।

शर्मालाई विशेष अदालतले पुर्पक्षका लागि थुनामा राखेर अनुसन्धान गर्न आदेश दिएपछि अहिले थुनामा राखिएको छ। मंगलबारदेखि अदालतले शर्मालाई न्यायीक हिरासतमा राख्न आदेश दिएको छ। गत असार ४ गते न्यायाधीशद्वय चोलेन्द्रशमशेर जबरा र प्रकाश राउतको संयुक्त इजलासले शर्माको विशेष अदालतको मुद्दालाई यथास्थितिमा राखी सो मुद्दा पूर्ण इजलासमा पठाउन आदेश दिएको थियो।

शर्माकी पत्नी कल्पना उप्रेतीले विशेष अदालतलाई विपक्षी बनाई शर्मालाई गैरकानुनीरूपमा थुनामा राखेको जनाउँदै गत असार २७ गते बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गर्नुभएको थियो।

कर फछ्र्यौट आयोगका सदस्यसचिवसमेत रहनुभएका शर्माविरुद्ध एनसेलको स्वामित्व बिक्री हुँदा पुँजीगत लाभकर नउठाई एनसेललाई उन्मुक्ति दिएको रू. २१ अर्ब बराबरको रकम कर मिनाहा गर्न भूमिका खेलेकोलगायत आरोप लगाइएको छ।

## सरकारी स्वास्थ्य संस्थालाई प्रभावकारी बनाइने

काठमाडौं, (नेस)

स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेलले आफ्नो कार्यकालमा सम्पन्न गर्ने कार्यको प्रतिबद्धता-पत्र सार्वजनिक गर्नुभएको छ।

आइतबार स्वास्थ्य मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा स्वास्थ्यमन्त्री पोखरेलले २६ बुँदे प्रतिबद्धता सार्वजनिक गर्दै स्वास्थ्य सुशासनलाई कडाइका साथ पालना गर्ने बताउनुभयो। मन्त्री पोखरेलले मन्त्रालयमा भ्रष्टाचारप्रति शून्य सहनशीलता अपनाई स्वास्थ्य क्षेत्रमा अनुगमन र मूल्यांकनलाई समेत विशेष प्राथमिकताका दिने बताउनुभयो।

मन्त्री पोखरेलले सरकारी स्वास्थ्य संस्थाको विकास सुनिश्चित गर्दै हालका पूर्वाधार पुगेका स्वास्थ्य चौकीहरू प्राथमिक स्वास्थ्य केन्द्रमा र प्राथमिक स्वास्थ्य केन्द्रहरू सामुदायिक अस्पतालमा विकसित गर्ने बताउनुभयो। उहाँले वडाभित्र भुगोल र जनसंख्याको आवश्यकताको आधारमा सामुदायिक स्वास्थ्य इकाइको विस्तार गर्ने जानकारी दिँदै स्वास्थ्य व्यवस्थापनमा देखिएका विसंगतिलाई पारदर्शी र व्यवस्थित गर्ने बताउनुभयो।

उहाँले सरकारी स्वास्थ्य संस्थामा नेतृत्व व्यवस्थापनको जिम्मेवारी दिँदा कार्यसम्पादन करार व्यवस्था लागू गर्ने जानकारी पनि दिनुभयो। करारबाट व्यवस्थापनको जिम्मेवारी लिँदा काममा गतिशीलता बढ्ने भन्दै पोखरेलले करारमार्फत् नेतृत्वको विकास गरिने बताउनुभयो।

यसका साथै स्वास्थ्य व्यवस्थापनमा देखिएका विसंगतिलाई पारदर्शी तथा व्यवस्थित गर्ने भन्दै स्वास्थ्यकर्मीहरूको वृत्ति विकास तथा पद व्यवस्थापन कार्यलाई कर्मचारी समायोजन गर्दा उचित र न्यायोचित ढंगले सम्बोधन गरिने जानकारी दिनुभयो।

पत्रकार सम्मेलनमा मन्त्री पोखरेलले यसअधिका स्वास्थ्य मन्त्रीहरूले अगाडि बढाएका औचित्यपूर्ण कार्यलाई पनि प्राथमिकता दिइने स्पष्ट पार्नुभयो। सरकारी प्रणालीलाई व्यवस्थित गर्नुपर्ने भन्दै उहाँले आधारभूत स्वास्थ सेवाको पूरकको रूपमा स्वास्थ्य बीमा कार्यक्रमलाई अगाडि बढाइने बताउनुभयो।

उहाँले स्वास्थ्यलाई अधिकार र दायित्वको रूपमा स्थापित गर्न आवश्यक राज्यको दृढ आर्थिक प्रतिबद्धताका लागि प्रयत्न गर्ने भन्दै 'स्वस्थ्य नेपाल, समृद्ध नेपाल' भन्ने नाराका साथ बहुपक्षीय साझेदारीमा सबै नीतिमा स्वास्थ्य नीतिलाई अगाडि बढाउन स्वास्थ्य मन्त्रालयले संरचनासहितको संयोजनकारी भूमिका निर्वाह गरिने उल्लेख गर्नुभयो।

पोखरेलले चुरोट र मदिरा जस्ता हानीकारक वस्तुहरूमा लाग्ने करमा वृद्धि गराई त्यसबाट प्राप्त हुने रकमले संविधानमा उल्लेखित स्वास्थ्यमा सबैको पहुँचलाई सुनिश्चित गर्न प्रयोग गरिने भन्दै स्वास्थ्य सेवा प्रणाली सुदृढ गर्ने बताउनुभयो।

## साझामा तनाव

काठमाडौं, (नेस)

अनियमितताामा मुछिएका साझा प्रकाशनका अध्यक्ष तथा महाप्रबन्धक डोलिन्द्र शर्माले २०७४ सालको पुस्तक नछापी कभर फेरेर २०७२ सालको पाठ्यपुस्तक बजारमा ल्याउन तयारी गरिरहँदा आफ्नै कर्मचारीले ४ हजार ८ सय थान पाठ्यपुस्तक नियन्त्रणमा लिएका छन्।

अवैध पुस्तक छपाई गरी कार्यालय ल्याउँदै गरेको अवस्थामा आफ्नै कर्मचारीले नियन्त्रणमा लिएपछि शर्माले करारमा राखेका कर्मचारी र स्थायी कर्मचारीबीच झडप भएको थियो। स्थिति तनावपूर्ण बन्दै गएपछि महानगरीय प्रहरी प्रभाग पुल्चोकले पुस्तक र केही कर्मचारीलाई नियन्त्रणमा लिएको थियो। कर्मचारीले सबै पुस्तक महानगरीय प्रहरी परिसर जावलाखेल लगेको थियो।

आफ्नै स्वमित्वमा रहेको अल्पाइन प्रेसमा पुस्तक छपाई गरेको कर्मचारीको आरोप छ। शर्माले साझा प्रकाशनको नाममा छपाई गर्न अर्डर लिने गरेको अधिकांश पाठ्यपुस्तक अल्पाइन प्रेसमा छपाई गर्ने गरेका छन्। शर्माले पछिल्लो ८ महिनामा साझाको नामको पुस्तक अल्पाइनमा छपाई गरी १ करोड ५० लाख रुपियाँ भुक्तानी लिएका थिए। यस पटक पनि २०७४ सालका लागि पुस्तकहरू छाप्न दिइएको थियो। तर, महाप्रबन्धक शर्माको सेटिङमा पुरानो २०७२ सालको पुस्तकको कभर फेरेर २०७४ लेखियो र मूल्य पनि बढाइएको भेटेपछि कर्मचारीले सबै पुस्तक नियन्त्रणमा लिएका थिए।

साझा प्रकाशनले २०७२ सालमा छैटौं संस्करण प्रकाशन गर्दा सबैको नेपाली किताबको मूल्य २ सय ४५ रुपियाँ राखिएको थियो। तर, कभर फेरेर सो पुस्तकलाई २ सय ९९ रुपियाँ लेखाएर ल्याएपछि कर्मचारीले महाप्रबन्धकको अबैध धन्दाको भण्डाफोर गरेका थिए।

## ओभरलोड र चिप्लो बाटो गगुडा दुर्घटना : प्रहरी

डोटी, (नेस)

डोटीको बोगटान गाउँपालिकाको गगुडास्थित काटैगाउँको धारमा शुक्रबार भएको जिप दुर्घटना, ओभरलोडका कारण भएको डोटी प्रहरीले दाबी गरेको छ।

५ जना यात्रु संख्या क्षमताको जिपमा १६ जना चढाउनु, वर्षाद्ले सडक पूरै चिप्लो हुनु नै दुर्घटनाको मुख्य कारण देखिएको जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी प्रवक्ता (डीएसपी) शिवबहादुर सिंहले बताउनुभयो।

उहाँले भन्नुभयो- '५ जनाको ठाउँमा १६ जना यात्रु छन्, त्यसैमा सरसामान पनि छ, बाटो चिप्लो भएकाले गाडीले भार नधान्दा दुःखद दुर्घटना भयो।' त्यस्तै दुर्घटनाको अर्को कारण गाडी चालकले मादक पदार्थ सेवन गरेकाले भएको हुनसक्ने प्रहरीको प्ररम्भिक अनुसन्धानले देखाएको छ।

आयल निगमको जग्गा प्रकरण

## संसदीय समितिबीच नै विवाद

काठमाडौं, (नेस)

नेपाल आयल निगमको जग्गा खरिद प्रकरणमा संसदीय समितिबीच विवाद शुरु भएको छ। निगम प्रकरणमा क्षेत्राधिकार मिचिएको भन्दै ३ समितिबीच विवाद शुरु भएको हो।

संसद्को उद्योग, वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिले पेट्रोलियम भण्डारणका लागि आयल निगमले खरिद गरेको जग्गाका विषयमा सार्वजनिक लेखा समिति र अर्थ समितिले क्षेत्राधिकार मिचेको आरोप लगाएको छ।

समितिको आइतबार बसेको बैठकले निगमको जग्गा खरिदमा अनियमितता भएको सम्बन्धमा स्थलगत अध्ययन गर्ने निर्णय गर्दै क्षेत्राअधिकार मिचिएको बारे सभामुखलाई जानकारी गराउने निर्णयसमेत गरेको छ।

समिति मंगलबारदेखि आयल निगमले किनेको झापा, सार्लाही, चितवन र भैरहवाको जग्गाको अनुगमनमा निस्किने सांसद सुवासचन्द्र ठकुरीले बताउनुभएको छ। जग्गा खरिदमा भएको अनियमितताका सम्बन्धमा प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारीलगायतका सरोकारवाला निकाय र स्थानीयसँग पनि राय लिइने समितिले जनाएको छ। जग्गा खरिद सम्बन्धमा निगमबाट फाइल झिकाएर अध्ययन भइरहेको समितिले जनाएको छ।

यसअघि सार्वजनिक लेखा समितिले आयल निगमको जग्गा खरिद प्रक्रियालाई अनुसन्धान गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पत्राचार गरेको छ। उक्त पत्राचारप्रति उपभोक्ता समितिले आपत्ति जनाएको छ।

त्यस्तै, अर्थ समितिले पनि अनुसन्धान प्रक्रिया अघि बढाएको छ। तर, उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिले भने आफ्नो क्षेत्राधिकारभित्र प्रवेश गरेर अनुसन्धान प्रक्रिया अघि बढाउने, सरकारलाई निर्देशन दिनेलगायतका काम अन्य समितिहरूबाट भएकोमा आपत्ति जनाएको हो।

## १२ नमुना विद्यालय निर्माण

नेपाल समाचारपत्र

काठमाडौं

भूकम्पपछि क्षतिग्रस्त विद्यालय पुनर्निर्माणका क्रममा प्लान इन्टरनेसनल नेपालको सहायतामा भूकम्प प्रभावित ६ जिल्लामा गरी १२ वटा नमुना विद्यालय निर्माण भएका छन्।

अस्ट्रेलिया सरकारको विदेश मामिला तथा व्यापारसम्बन्धी विभाग (डिफ्याट) को आर्थिक सहयोगमा दोलखा, सिन्धुपाल्चोक, सिन्धुली, काठमाडौं, ललितपुर र मकवानपुर जिल्लामा भूकम्प प्रतिरोधी र अपांगतामैत्री कक्षाकोठासहित सुरक्षित विद्यालय बनेका हुन्।

दोलखाको नवीन मावि, भीमेश्वर बहिरा प्रावि र सित्का मावि, सिन्धुपाल्चोकको इन्द्रेश्वरी उच्चमावि, सिपा तीनधारा मावि र हीरादेवी निमावि, मकवानपुरको शान्ति बहिरा तथा सुस्त श्रवण विद्यालय र गीताबोरा निमावि, सिन्धुलीको नवज्योति निमावि र गौरीशंकर उच्चमावि तथा काठमाडौंको गोकर्ण मावि र ललितपुरको मगरगाउँ उच्च माविले नयाँ भवन पाएका छन्। जसबाट ३ हजार ३ सय ४८ विद्यार्थी भूकम्प प्रतिरोधी कक्षाकोठाबाट लाभान्वित हुनेछन्।

सिन्धुपाल्चोकको हीरादेवी निम्नमाविमा कक्षा ७ मा अध्ययनरत १३ वर्षीय विद्यार्थी सुनील भन्छन्- 'म पहिला पढ्ने स्कुल भूकम्प प्रतिरोधी थिएन, यो स्कुल सुरक्षितरूपमा बनाएको थाहा पाएपछि बाबुआमाले मलाई भर्ना गर्नुभएको हो।' प्लान इन्टरनेसनल नेपालका अनुसार, अपाङ्गता भएका विद्यार्थीका लागि सहज हुने गरी कक्षा कोठा, शौचालय र खेलमैदान निर्माण गरिनु नवनिर्मित विद्यालयहरूको विशेषता हो।

अपाङ्गता भएका विद्यार्थीका लागि कक्षाकोठा बाहिर हिँडडुल गर्न ऱ्याप तथा शौचालय प्रयोग गर्दा सहज हुने संरचना बनाइएको छ। विद्यालयको भवन निर्माणबाहेक प्लान इन्टरनेसनल नेपालले खानेपानीको उचित प्रबन्ध, शैक्षिक सामग्री, कम्प्युटर र फर्निचरसमेत सहयोग गरेको छ।

शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयसँगको समन्वयमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिमार्फत् प्लान इन्टरनेसनल नेपालले विद्यालय भवन निर्माणका लागि खर्च गरेको थियो। भूकम्प प्रविधि समाज नेपाल एनसेटको प्राविधिक सहयोगमा सञ्चालित परियोजनाले विपद् जोखिम न्यूनीकरणसम्बन्धी चेतनामूलक गतिविधि सञ्चालन गर्नुका साथै स्थानीय तहमा कामदारलाई सुरक्षित भवन निर्माणका लागि तालिमसमेत प्रदान गरेको थियो।

भूकम्प प्रतिरोधी भवन निर्माण भएपछि विद्यालय, शिक्षक र विद्यार्थीले खुसी व्यक्त गरेका छन्। भूकम्प प्रभावित दोलखाको कालिञ्चोक गाउँपालिकास्थित सित्का माध्यमिक विद्यालयका प्रधानाध्यापक नीलकुमार खुलाल भन्नुहुन्छ- 'नमुना विद्यालयको पूर्वाधार हुँदा हामी निकै खुसी छौं, जसले गुणस्तरीय शिक्षा सुधारका लागि हामीलाई अवसर प्रदान गरेको छ।'

### कसरी...

मांखा कागुनेका बहादुर तामाङको परिवार २ वर्षसम्म लामोसाँघुस्थित नेपाल ओरियन्ट म्याग्नेसाइट परिसरमा पालमै बसे। सडक विभागले जग्गा खाली गर्न भनेपछि उनको परिवार त्यहाँबाट पनि विस्थापित भयो। पहिरोले उनको परिवारलाई कागुनेबाट विस्थापित गरायो, म्याग्नेसाइटबाट सरकारले नै उनको परिवारलाई विस्थापित बनायो र पहिरोमुनिको ड्यामसाइडमा पुऱ्यायो। ड्यामसाइडमा एउटा कुखुरा फर्मलाई भाडामा लिएर बसिरहेका छन् उनी। मासिक १ हजार भाडामा लिइएको त्यही टहरो नै उनको घर हो। पहिरोले जग्गा-जमिन सबै लग्यो, पहिरोको थाप्लोमा रहेको घर पनि भूकम्पमा भत्किएपछि थातथलोमा अब कहिल्यै नफर्कने मनस्थितिमा छन् उनी। 'घर भएको ठाउँ त अहिले झाडी भएको छ, अब त गाउँमा गएर बस्न सकिँदैन', बहादुरकी पत्नी सुनमायाँ भन्छिन्- 'कुखुरा पाल्ने टहरो भाडामा लिएर बसिएको छ।' परिवारको आयस्रोत केही छैन, बहादुरले हलो जोतेर नै ७ जनाको परिवार पाल्दै आएका छन्। 'कमाई छैन, महिनाको १ हजार त भाडा तिरेर बस्नुपर्छ' -सुनमायाँ सुनाउँछिन्।

ड्यामसाइड, जुरेको भूगोल नै बदलिएको छ। घर रहेको जग्गाको निसाना नै हराएपछि पहिरोमा घरसँगै परिवारका ४ सदस्य गुमाएका रुवेन पौडेल अब जुरेमा फर्कने छैनन् सायद। पहिरोमा पत्नीसहित दुई नाबालक छोराछोरी र भाइलाई गुमाए उनले। उनीहरूको शवसम्म नभेटिएपछि कुशको शव बनाई काजकिरिया गरेका थिए उनले। जब-जब जुरेको जग्गामा उनले पाइला टेक्छन्, पहिरोको पीडा बल्झिएर आउँछ। पहिरोले घरसँगै उनको सुखी परिवार नै भत्काइदियो। पहिरोले जिन्दगीका रहरहरू नै सुनकोसीमा बगाइदिएपछि थातथलो नै छाडिदिए उनले। जुरे विनाश लीलापछि थातथलो छाडेर काठमाडौंमा कोठा भाडामा लिएर उनी बसिरहेका छन्। उनी पनि अब अन्यत्रै बसोबासका व्यवस्था गर्नतर्फ लागेका छन्, तर पहिरोमा नफर्कने बताउँछन्। 'मसानघाटमा के भनेर फर्कनु, अब अन्यत्रै बसोबास व्यवस्था गर्छु' -उनी भन्छन्।

३ वर्ष बित्यो, पहिरोका पीडित तथा विस्थापितहरूले सरकारी तहबाट कुनै सहायता पाएनन्। तत्कालीन अवस्थामा संघ-संस्थाहरूले नै जुरेपीडितलाई आवश्यक राहत सहयोग गरे। संघ-संस्थाले दिएका राहत सामग्री नै सरकारी निकायले वितरण गरेको हो। किरियाखर्च र मृतक परिवारलाई राहतबाहेक सरकारी निकायबाट कुनै काम नै भएन। जुरे पहिरोपीडितका लागि देश विदेशबाट संकलन भएको २ करोड २५ लाख रुपियाँ केन्द्रीय दैवी प्रकोप उद्धार समितिको खातामै थन्किएर बसेको छ। जसको नाममा रकम जुट्यो उनीहरूले पाएनन्, सरकारी खातामै रहिरह्यो। बरु भूकम्पपीडित सरह नै निजी आवास पुनर्निर्माण अनुदानको पहिलो किस्ता जुरेपीडितले पाए तर पहिरोपीडितका नाममा सरकारी खातामा जम्मा भएको रकम उनीहरूले पाएनन्। विस्थापित जीवन बिताइरहेका उनीहरूले पहिलो किस्ताको ५० हजार पनि घर व्यवहार धान्नमै खर्चिएका छन्। अब दोस्रो किस्ताको रकम पाएपछि मात्र घर बनाउने सुरमा छन् उनीहरू। 'सरकारले पैसा दिन्छ रे भन्ने सुनिएको छ, पैसा दियो भने घर बनाउने हो' -८० वर्षकी मंगली तामाङ भन्छिन्।

### भ्याट...

'अहिले सबै कुरो भन्न सक्ने अवस्था छैन। विषयको गम्भीरताको हिसाबले र अनुसन्धानलाई प्रभावित हुने हिसाबले त्यसबारे थप जानकारी दिन नसकिने अवस्था भएको हो। यसबारे चाँडै नै निष्पक्ष अनुसन्धान गर्ने छौं' -महानिर्देशक सुवेदीले भन्नुभयो।

विभागका अनुसार यस प्रकरणको अनुसन्धान सफल भएमा बहुराष्ट्रिय कम्पनीसँग जोडिएका ठूल्ठूला उद्योगीहरूलाई पनि कारबाही गर्न सकिने विभागको प्रारम्भिक अनुसन्धानले देखाएको जनाइएको छ।

अनुसन्धानलाई प्रभावकारी र दोषीमाथि कडा कारबाही गर्ने आधार तयार गर्न राजस्व चुहावट ऐन २०५२ लाई संशोधन गर्नुपर्ने खाँचो रहेको भन्दै महानिर्देशक सुवेदीले यसको मस्यौदा तयार गरेर मन्त्रालय पठाएको जानकारी दिनुभयो। ५० लाखभन्दा कम राजस्व छलीको विषयमा विभाग आफैंले अनुसन्धान गरी कारबाही गर्न सकिने गरी ऐनको मस्यौदा तयार गरिएको हो।

राजस्व चुहावटको अनुसन्धानको क्षेत्रलाई प्रभावकारी बनाउन विभागको विभिन्न क्षेत्रको पुनर्संरचना गर्न जरुरी रहेको उल्लेख गर्दै महानिर्देशक सुवेदीले भन्नुभयो- 'ऐनको संशोधन, अनुसन्धान प्रक्रिया, संघीय संरचनाअनुरूप कार्यालयको व्यवस्थापनलगायत विषयमा परिवर्तन गर्न जरुरी रहेको छ।'

'विभागले अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन विभागका अधिकृतहरूको गाडीमा जीपीएस प्रविधि जडान गरेको छ। त्यसले गर्दा गाडी कहाँ-कहाँ गुडिरहेको छ, सबै कुरो थाहा पाउन सकिन्छ' -महानिर्देशक सुवेदीले भन्नुभयो।

राजस्व चुहावटको क्षेत्र बढ्दै गएको बताउँदै महानिर्देशक सुवेदी त्यस्ता जोखिमको क्षेत्र पहिल्याउन विभागले अवधारणा तयार पारेको पनि जानकारी दिनुभयो। अनुसन्धानको क्षेत्रलाई प्रभावकारी बनाउन विभागको विभिन्न क्षेत्रको पुनर्संरचना गर्न जरुरी रहेको बताउँदै उहाँले विभागमा गत आर्थिक वर्ष ५ सय ५२ वटा उजुरी उपर विस्तृत अनुसन्धान सम्पन्न गरेको जनाइएको छ। त्यसै गरी राजस्व चुहावट भएका सूचनाका आधारमा ६ सय ५३ संख्यामा प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ। प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएका राजस्व जोखिमका परिसूचकका आधारमा विस्तृत अनुसन्धान गर्ने व्यवस्था मिलाइएको विभागले जनाएको छ।

### गरुडा...

देशका विभिन्न भागका सडकका खाल्डा नपुरिँदा हालैका दिनमा ११ बालबालिकाको मृत्यु भइसकेको जानकारी पनि उहाँले दिनुभयो।

सांसद ढकालले गरुडा घटनालगायत सडकका खाल्डामा डुबेर ज्यान गुमाएका तथा त्यस्तै प्रकृतिका घटनाका सम्बन्धमा सरकारले सदनलाई जानकारी नदिएसम्म संसद्को कारबाही सञ्चालन गर्न नदिने भनेपछि एमालेका सबै सांसद आ-आफ्नो आसनबाट उभिनुभएको थियो।

विपक्षी दलले उठाएका विषयमा सरकारलाई गम्भीर हुन सभामुखले निर्देशन दिँदै अर्को बैठकमा सरकारबाट जवाफ आउने प्रतिबद्धता व्यक्त गरेपछि एमालेका सांसद आ-आफ्ना आसनमा बस्नुभएपछि बैठक सञ्चालन भएको थियो। त्यस्तै आइतबारको बैठकको शून्य समयमा सांसद् रामहरि खतिवडाले प्रधानमन्त्रीले १५ दिनभित्र काठमाडौंका सडकका खाल्डा पुर्न निर्देशन दिए पनि काम नभएकामा आपत्ति जनाउँदै रौतहटमा ४ बालिकाको मृत्यु हुनु अति पीडादायी घटना हो भन्नुभयो।

सांसद रामनारायण बिडारीले सडकमा खनिएको 'एम्बुसरूपी' खाडलले बालिकाहरूको ज्यान लिएकाले खाल्डा खन्ने तर नपुर्नेलाई कारबाहीको माग गर्नुभयो। सांसद रामअयोध्या यादवले गरुडामा सामान्य असावधानीका कारण बालिकाहरूले जीवन गुमाएकोमा दुःख व्यक्त गर्नुभयो। यसैबीच रौतहट संवाददाताका अनुसार शनिबारको सो घटनापछि गरुडा क्षेत्र शोकमा डुबेको छ।

### इतिहास...

सरकारी कार्यालय, संघ-संस्था तथा विद्यालय र एफएम रेडियोका चिठ्ठी अहिले पनि हुलाकमार्फत् आउने गरेको तर व्यक्तिगत चिठ्ठी भने हुलाकमार्फत् आदान-प्रदान गर्ने चलन हराउँदै गएको छ।

सूचनाको हक कार्यान्वयनका सन्दर्भमा अनुगमन, ५ सयबाट क्षमतासम्मको रेडियो सञ्चालनका लागि नवीकरण अनुमति, जिल्लास्तरका पत्र-पत्रिकाको अभिलेख संकलन, लोकसेवा आयोगको फारम भर्नेलगायतका कामहरू अहिले हुलाकलाई जिम्बेवारी थपिएको विभागले बताएको छ।



# अर्थ

2017, AUG
Monday
7

पूर्वी तराई तथा मध्य तराईका जिल्लाहरू सिराहा, सप्तरी, महोत्तरी, धनुषा, सर्लाही, बारा, पर्सा र रौतहटलगायत अन्य केही जिल्लाहरूमा खडेरीको कारणले धान रोपाई सन्तोषजनक हुन नसकेको अवस्थामा मन्त्रालयले सो कार्यक्रम ल्याएको हो।

ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

RHINO GUARANTEED DUCTILITY Fe 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

NS:191 IS:1786

Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

नेपालको नं. 1 मारुती सिमेन्ट

हामी बनाउँदैछौं नेपाललाई...

# खडेरी प्रभावित जिल्लामा २० करोडको कार्यक्रम

**नेपाल समाचारपत्र**
काठमाडौं

दुई नम्बर प्रदेशका खडेरीबाट प्रभावित जिल्लामा तत्काल राहतका लागि कृषि विकास मन्त्रालयले २० करोड ६८ लाख रुपियाँ बराबरका कार्यक्रम ल्याएको छ।

वरिष्ठ कृषि प्रसार अधिकृत रवीन्द्र सुवेदीको संयोजकत्वमा खटाएको टोलीले ती जिल्लाहरूमा तत्काल राहतका कार्यक्रम ल्याउनुपर्ने आवश्यकता औंल्याउँदै उक्त कार्यक्रमहरू ल्याएको हो। कृषिमन्त्री रामकृष्ण यादवको निर्देशनमा कृषि विकास मन्त्रालयबाट सुख्खाग्रस्त जिल्लाहरूको यथार्थ स्थितिको जानकारी लिई स्थलगत प्रतिवेदन लिनका लागि सो टोली गठन गरिएको हो।

पूर्वी तराई तथा मध्य तराईका जिल्लाहरू सिराहा, सप्तरी, महोत्तरी, धनुषा, सर्लाही, बारा, पर्सा र रौतहटलगायत अन्य केही जिल्लाहरूमा खडेरीको कारणले धान रोपाई सन्तोषजनक हुन नसकेको अवस्थामा मन्त्रालयले सो कार्यक्रम ल्याएको हो। कतिपय ठाउँमा ढिलो रोपाइँ भएका कारण उत्पादनमा केही कमी आउन सक्ने भन्दै मन्त्रालयले विभिन्न चरणमा ९ वटा कार्यक्रमहरू लागू गर्ने जनाएको छ।

कृषिमन्त्री यादवले कृषकको घर-दैलोमा सरकारको उपस्थिति जनाउन तथा तत्काल वस्तुस्थितिको जानकारी लिई सोही आधारमा राहतलगायत विशेष कार्यक्रम कार्यान्वयन गर्न लागेको बताउनुभयो। मन्त्री यादवले खडेरीबाट प्रभावित किसानलाई सम्भावित स्थानमा धान रोपाइँ कार्यलाई अझ बढावा दिन तथा सुख्खा प्रभावित धान खेतमा सिँचाइको व्यवस्थापन गर्ने र धान रोपाइँ गर्न सम्भव नहुने स्थानहरूमा वैकल्पिक बाली लगाई आय आर्जनका क्रियाकलाप सञ्चालन गर्नु आवश्यक रहेको बताउनुभयो।

मन्त्रालयले राहत कार्यक्रम कार्यान्वयन तथा अनुगमन कार्यविधि, २०७१ अनुसार विभिन्न बाली एवं पशुमा क्षतिको परिमाणअनुरूप जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णयअनुसार राहतका लागि कार्यक्रम सञ्चालन गर्ने गराउने व्यवस्था गरिएको मन्त्री यादवले बताउनुभयो। सिँचाइको अभाव समस्यालाई दीर्घकालीनरूपमा समाधान गर्न ती ८ जिल्लाहरूमा स्यालो ट्युबवेल पम्पसेटसहित कम्तीमा प्रतिजिल्ला सय पर्ने गरी प्राथमिकता र आवश्यकताका आधारमा जडान गरिनेछ। १५ सय स्यालो ट्युवेलका लागि कृषि विकास योजना जनकपुरको विनियोजित बजेटबाट कार्यक्रम साशोधनको प्रक्रिया अविलम्ब शुरू गर्ने र थप ५ सय स्यालो ट्युवेलका लागि थप कार्यक्रम प्रस्ताव गरिनेछ।

वैकल्पिक खेती प्रबर्द्धन कार्यक्रमअन्तर्गत ती जिल्लाहरूमा छरुवा धानका उन्नत जातका बीउहरू वितरण गर्ने र बाँझो रहन सक्ने जग्गामा वैकल्पिक बाली तथा तरकारी खेती विस्तारका कार्यक्रम साचालनका लागि हरेक जिल्लामा उन्नत बीउ वितरण गरिने उहाँले बताउनुभयो। मौसमको पूर्वानुमानमा कृषकको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रमअन्तर्गत जलवायु प्रकोप समुत्थान निर्माण आयोजनाअन्तर्गत कृषक समूह र सहकारीका लागि जलवायु परिवर्तनबाट परेको नकारात्मक असरहरू समयानुकूलन गर्न तथा कृषकको क्षमता अभिवृद्धि गर्नका लागि महोत्तरी, सिराहा र सप्तरी जिल्लामा तत्काल ३४ लाख २० हजार रुपियाँ बराबरका मौसम मापनसम्बन्धी उपकरणहरू किसान सिमकार्ड वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

त्यस्तै खाद्य स्वच्छता कार्यक्रमअन्तर्गत पूर्व-पश्चिम लोकमार्गलगायत अन्य राजमार्ग वरपर रहेका होटेल तथा रेस्टुरेन्टहरूमा मोबाइल भ्यान परिचालन गर्ने जनाएको छ। स्टिकर मार्फत् खाद्य स्वच्छता अभिवृद्धि गर्नका लागि करिब ४ लाख रुपियाँ बराबरको कार्यक्रम सञ्चालनका लागि पनि मन्त्रालयले पहल गर्ने मन्त्री यादवले बताउनुभयो। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत् सुपरजोन तथा जोन सञ्चालक समितिको मागमा आधारित ससर्त चालू अनुदान तथा पुँजीगत कार्यक्रम तपसिलको जिल्लाहरूमा करिब ४ करोड ६७ लाख ५ हजार रुपियाँ बराबरको कार्यक्रम यथाशीघ्र सञ्चालन गर्ने तथा तोकिएका सुपरजोन र जोनमा कर्मचारी र विज्ञको अभाव हुन नदिन मन्त्रालयले ३ दिनभित्र यथोचित व्यवस्था गरिने कुरा उल्लेख गरिएको छ।

पर्याप्त रासायनिक मलको व्यवस्था गर्न कृषि सामग्री संस्थानको नियमित डिपोमार्फत् वितरण गर्ने तथा कृषि विभागले सिँचाइ विभागसँग समन्वयन गर्ने जनाएको छ। त्यसका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीनरूपमा के गर्न सकिन्छ, छलफल, परामर्श तथा सहकार्यलाई अघि बढाउने पनि विभागले जनाएको छ। सुनकोशी कमला डाइभर्सन, सप्तरीको महुली खोला सेक्टर सिँचाइ आयोजना जस्ता कार्यक्रम अविलम्ब सञ्चालन गर्न सिँचाइ विभागसँग अनुरोध गर्ने कुरामा पनि मन्त्रालयले पहल थाल्ने जनाएको छ।

# १ अर्बभन्दा बढीको शेयर कारोबार



काठमाडौं, (नेस)

साताको पहिलो दिन शेयर बजार ४ दशमलव ४७ अंकले बढेको छ। अघिल्लो साता १४ अंकले बढेको बजारले आइतबार पनि निरन्तरता पाएको हो।

आइतबार १ हजार ६ सय ६० दशमलव ५८ अंकबाट शुरु भएको कारोबार १ हजार ६ सय ६५ दशमलव शून्य ५ अंकमा पुगेको हो। यसक्रममा बजारमा १ अर्बमाथि कारोबार हुनेक्रमले निरन्तरता पाउँदा एकैदिन ३३ लाख कित्ताभन्दा बढी कित्ता शेयर किनबेच भए।

आइतबार बजारमा १ अर्ब २ करोड ७४ लाख ८३ हजार ४ सय ३३ रुपियाँको कारोबार भयो। सो क्रममा १ सय ५९ कम्पनीका ३३ लाख १८ हजार १ सय १२ कित्ता शेयर किन-बेच भएका थिए। कारोबार रकम गत साताको अन्तिम दिनको तुलनामा १ करोड रुपियाँ कम हो।

बजार परिसूचक बढ्नुमा आइतबार बैंकिङ, उत्पादनमूलक र अन्य समूहको योगदान रह्यो। बढ्नेमा उत्पादनमूलक समूह सबैभन्दा धेरै १७ दशमलव ६९ अंकले बढ्यो। त्यस्तै बैंकिङ र अन्य समूहमा क्रमशः ११ दशमलव शून्य ९ र ५ दशमलव ७९ अंकको सुधार आए।

हिजो बाँकी ५ समूहका परिसूचकमा रातो रङ पोतिए। तीमध्ये बीमा समूह सर्वाधिक ५० दशमलव २७ अंकले ओरालो लाग्यो। चुक्ता पुँजी वृद्धि गर्ने योजना बीमा समितिमा पेस गरेसँगै बढेको बीमा समूहको परिसूचक विगत केही दिनयता थोकेको देखिन्छ। त्यस्तै होटल समूह ३४ दशमलव १९ र विकास बैंक ३ दशमलव १३ अंकले घटे। जलविद्युत् र फाइनान्स समूहमा क्रमशः १६ दशमलव ३३ र ६ दशमलव ९३ अंकको करेक्सन देखिए।

आइतबार बैंकिङ क्षेत्रमा उल्लेख्य सुधार आएको देखिएको छ। सूचकसँगै कारोबार रकममा पनि बैंकिङ क्षेत्रले नै अग्रता लिएको छ। बैंकहरूले गत आवको वार्षिक प्रतिवेदन सार्वजनिक गर्न जारी राख्दा लगानीकर्ता राम्रो लाभांश दिने कम्पनीतर्फ लगानी आकर्षित भएका हुन्। आइतबार बैंकिङ क्षेत्रको मात्र ३५ करोड रुपियाँभन्दा बढीको कारोबार भयो।

आइतबार सबैभन्दा बढी नेसनल हाइड्रोपावर कम्पनीको ५ लाख ६८ हजार कित्ता शेयर ८ करोड ४४ लाख ४० हजार ८३ रुपियाँ बराबरका शेयर खरिद-बिक्री भए। १ सय ४५ रुपियाँ प्रतिकित्ताबाट कारोबारको शुरुआत गरेको कम्पनीको मूल्य १ सय ५६ रुपियाँसम्म उक्लिएको थियो।

आइतबार ललितपुर फाइनान्सका शेयरधनीले सबैभन्दा बढी ९ दशमलव ६३ प्रतिशत कमाए। त्यसै गरी ९ दशमलव ८ प्रतिशत शेयर मूल्य गुमाउँदै गण्डकी विकासका लगानीकर्ताले सर्वाधिक गुमाए।

# राष्ट्र बैंकका कर्मचारी आन्दोलनमा

काठमाडौं, (नेस)

नेपाल राष्ट्र बैंकका कर्मचारी आन्दोलन उत्रिएका छन्। कर्मचारी विनियमावलीबाट ३० वर्षे सेवा अवधिको प्रावधान हटाउन खोजिएकोमा उनीहरू आन्दोलित भएका हुन्।

आन्दोलनका क्रममा उनीहरूले बैंकको केन्द्रीय कार्यालय बालुवाटार, थापाथली तथा सबै शाखा कार्यालयमा आइतबार बिहान १ घण्टा कामकाज ठप्प पारेका हुन्। आन्दोलन नेपाल राष्ट्र बैंक कर्मचारी संघको आह्वानमा आयोजना भएको थियो।

संघले कर्मचारीको सहमतिबिना जबरजस्ती ३० वर्ष पुरानो प्रावधान हटाउन खोजेको आरोप लगाएको छ। व्यवस्थापनले यो चेतावनी नसुनी पुरानो प्रावधान हटाएमा आफूहरू जस्तोसुकै हदसम्म पुग्न तयार रहेको उनीहरूको भनाइ छ।

वित्तीय क्षेत्र सुधारका लागि भन्दै राष्ट्र बैंकले नयाँ पुस्तालाई बैंकमा आकर्षित गर्न ३० वर्षे सेवा अवधि लागू गरिएको थियो। यो व्यवस्था हटे पेन्सन पकाउन लागेका बैंक ३ सय कर्मचारीको जागिर लम्बिनेछ। त्यसै कारण यो व्यवस्थाको विरोध भइरहेको हो।

# सहयोग गर्न कर्मचारीलाई आग्रह

काठमाडौं, (नेस)

भौतिक पूर्वाधार तथा यातायातमन्त्री वीरबहादुर बलायरले यातायात व्यवस्था विभागका तीन निकायमो निरीक्षण गर्नुभएको छ। मन्त्री बलायरले यातायात व्यवस्था विभागको मुख्य कार्यालयसहित सवारी चालक अनुमति कार्यालय एकान्तकुना र इम्बोस्ड नम्बर प्लेटको कारखनाको निरीक्षण गर्नुभएको हो। यातायातमा लाइसेन्सको सेवा प्रभावकारी नभएको गुनासो व्यापक भएपछि आइतबार मन्त्री बलाएरले विभाग र त्यस सम्बद्ध कार्यालयको निरीक्षण गर्नुभएको बताइएको छ।

अनुगमनका क्रममा मन्त्री बलायरले यातायात कार्यालयको सेवा निकै कमजोर तथा सेवाग्रहीलाई दुःख दिने किसिमको मात्रै भएको भन्दै असन्तुष्टि पोख्नुभएको थियो। मन्त्री बलायरले कार्य सुधारका लागि निर्देशन दिँदै सबै विकृति अन्त्य गर्न आफूलाई सहयोग गर्न विभाग सम्बद्ध सबै कर्मचारीलाई आग्रह गर्नुभएको थियो।

## हकदावीको सूचना

काठमाण्डौ जिल्ला महानगरपालिका वडा नं २७ बस्ने श्री नारायण प्रसाद श्रेष्ठको छोरा, श्रीमती ईश्वरी श्रेष्ठको श्रीमान पावन प्रसाद श्रेष्ठको मिति २०७४/०२/२१ गतेका दिन मृत्यु भएकोले निजको नाममा त्यस बैंकमा रहेको बचत खाता नं. ०३६०५२६०२५०४२९ मा भएको सम्पूर्ण रकम उपलब्ध गराई पाउँ भनी निजको श्रीमती ईश्वरी श्रेष्ठले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदिका बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ८१ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जान ब्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank
(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त संस्था)

शाखा कार्यालय, लाजिम्पाट
फोन नं. : ४००५०५८, ४००५०५९/६९
फ्याक्स : ४००५०६५

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ असार २३ जुलाई ७ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०१।४४ | १०२।०४ |
| युरो १ का रु. | ११९।४३ | १२०।१४ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३२।२७ | १३३।०५ |
| स्विस फ्रन्क १ का रु. | १०४।२६ | १०४।८८ |
| अस्ट्रेलियन डलर १ का रु. | ८०।४० | ८०।८८ |
| क्यानाडियन डलर १ का रु. | ८०।२१ | ८०।६८ |
| सिङ्गापुर डलर १ का रु. | ७४।५४ | ७४।९८ |
| जापानी यन १० का रु. | ९।१६ | ९।२२ |
| चिनियाँ युआन १ का रु. | १५।०७ | १५।१६ |
| साउदी अरब रियाल १ का रु. | २७।०५ | २७।२१ |
| कतारी रियाल १ का रु. | २७।८६ | २८।०३ |
| थाई भाट १ का रु. | ३।०५ | ३।०७ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।६२ | २७।७८ |
| मलसियन रिङ्गिट १ का रु. | २३।७१ | २३।८५ |
| दक्षिण कारियन वन १०० का रु. | ८।९९ | ९।०४ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।४५ |
| डनिस क्रानर १ का रु. | १६।०५ |
| हङकङ डलर १ का रु. | १२।९७ |

**नोट:** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## SHARE MARKET

**6 AUGUST SUNDAY, 2017**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 18930.00 | 456.00 | 450.00 | 454.00 | 1.00 |
| 2 | Api Power Company Ltd. | 5719.00 | 668.00 | 650.00 | 652.00 | -3.00 |
| 3 | Arun Finance Limited | 820.00 | 187.00 | 184.00 | 185.00 | -5.00 |
| 4 | Arun Kabeli Power Ltd. | 3548.00 | 411.00 | 402.00 | 407.00 | -3.00 |
| 5 | Arun Valley Hydropower Dev Co. Ltd. | 3610.00 | 277.00 | 270.00 | 272.00 | -2.00 |
| 6 | Asian Life Insurance Co. Limited | 5172.00 | 1600.00 | 1575.00 | 1587.00 | -24.00 |
| 7 | Bank of Kathmandu Ltd. | 20499.00 | 489.00 | 476.00 | 486.00 | 1.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 100.00 | 265.00 | 265.00 | 265.00 | -5.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 770.00 | 304.00 | 295.00 | 295.00 | -4.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 10.00 | 7150.00 | 7150.00 | 7150.00 | 140.00 |
| 11 | Butwal Power Company Limited | 3607.00 | 669.00 | 652.00 | 652.00 | -14.00 |
| 12 | Central Finance Co. Ltd. | 69.00 | 209.00 | 205.00 | 205.00 | -8.00 |
| 13 | Century Commercial Bank Ltd. | 18533.00 | 270.00 | 263.00 | 265.00 | 0.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 5733.00 | 1695.00 | 1643.00 | 1679.00 | -10.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 10396.00 | 355.00 | 300.00 | 316.00 | -7.00 |
| 16 | Chilime Hydropower Company Limited | 9823.00 | 820.00 | 797.00 | 800.00 | -5.00 |
| 17 | Citizen Bank International Limited | 30233.00 | 392.00 | 385.00 | 391.00 | 5.00 |
| 18 | Citizen Investment Trust | 4801.00 | 4651.00 | 4510.00 | 4581.00 | -69.00 |
| 19 | Civil Bank Ltd | 23399.00 | 258.00 | 251.00 | 253.00 | 0.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 749.00 | 1390.00 | 1310.00 | 1390.00 | 25.00 |
| 21 | Deprosc Development Bank Limited | 4188.00 | 1465.00 | 1423.00 | 1434.00 | -30.00 |
| 22 | Deva Bikas Bank Limited | 15227.00 | 277.00 | 265.00 | 269.00 | 7.00 |
| 23 | Dibyashwori Hydropower Ltd. | 266.00 | 199.00 | 195.00 | 196.00 | -4.00 |
| 24 | Everest Bank Limited | 14094.00 | 1429.00 | 1405.00 | 1420.00 | 15.00 |
| 25 | Everest Bank Limited Con. Pref. | 20.00 | 806.00 | 806.00 | 806.00 | -11.00 |
| 26 | Everest Insurance Co. Ltd. | 985.00 | 2800.00 | 2750.00 | 2779.00 | 9.00 |
| 27 | Excel Development Bank Ltd. | 12619.00 | 721.00 | 674.00 | 704.00 | 28.00 |
| 28 | First Micro Finance Dev. Bank Ltd. | 9195.00 | 1148.00 | 1130.00 | 1145.00 | -15.00 |
| 29 | Forward Com. Mic. Bittiya San. Ltd. | 5505.00 | 4020.00 | 3951.00 | 3970.00 | -51.00 |
| 30 | Gandaki Bikas Bank Limited | 62668.00 | 457.00 | 420.00 | 420.00 | -46.00 |
| 31 | Garima Bikas Bank Limited | 5979.00 | 291.00 | 286.00 | 286.00 | -9.00 |
| 32 | General Finance Ltd. | 445.00 | 373.00 | 345.00 | 345.00 | -35.00 |
| 33 | Global IME Bank Limited | 14837.00 | 405.00 | 396.00 | 400.00 | -2.00 |
| 34 | Goodwill Finance Co. Ltd. | 350.00 | 200.00 | 200.00 | 200.00 | 0.00 |
| 35 | Green Development Bank Ltd. | 583.00 | 626.00 | 612.00 | 617.00 | -9.00 |
| 36 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 552.00 | 275.00 | 265.00 | 275.00 | 6.00 |
| 37 | Gurans Life Insurance Company Ltd. | 3063.00 | 1200.00 | 1177.00 | 1177.00 | -17.00 |
| 38 | Gurkhas Finance Ltd. | 500.00 | 193.00 | 190.00 | 193.00 | 2.00 |
| 39 | Hamro Bikas Bank Ltd. | 625.00 | 262.00 | 257.00 | 257.00 | -6.00 |
| 40 | Himalayan Bank Limited | 5593.00 | 911.00 | 900.00 | 911.00 | 6.00 |
| 41 | Himalayan Distillery Limited | 1660.00 | 2080.00 | 1977.00 | 2050.00 | 35.00 |
| 42 | Himalayan General Insurance Co. Ltd | 7261.00 | 856.00 | 834.00 | 839.00 | -21.00 |
| 43 | ICFC Finance Limited | 855.00 | 285.00 | 281.00 | 281.00 | -4.00 |
| 44 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 15005.00 | 194.00 | 189.00 | 193.00 | 1.00 |
| 45 | Janaki Finance Ltd. | 1819.00 | 302.00 | 290.00 | 290.00 | -3.00 |
| 46 | Janata Bank Nepal Ltd. | 41452.00 | 290.00 | 285.00 | 285.00 | -5.00 |
| 47 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 280.00 | 3876.00 | 3701.00 | 3750.00 | 0.00 |
| 48 | Jebils Finance Ltd. | 5155.00 | 248.00 | 243.00 | 247.00 | -2.00 |
| 49 | Jyoti Bikas Bank Limited | 13456.00 | 212.00 | 204.00 | 205.00 | 0.00 |
| 50 | Kailash Bikas Bank Ltd. | 4245.00 | 338.00 | 330.00 | 336.00 | 10.00 |
| 51 | Kalika Microcredit Dev. Bank Ltd. | 1722.00 | 2299.00 | 2230.00 | 2295.00 | -8.00 |
| 52 | Kanchan Development Bank Limited | 1302.00 | 275.00 | 272.00 | 272.00 | -8.00 |
| 53 | Kankai Bikas Bank Ltd. | 220.00 | 230.00 | 229.00 | 229.00 | -3.00 |
| 54 | Karnali Development Bank Limited | 2505.00 | 310.00 | 305.00 | 306.00 | -4.00 |
| 55 | Khanikhola Hydropower Co. Ltd. | 592.00 | 205.00 | 196.00 | 198.00 | -6.00 |
| 56 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 661.00 | 3295.00 | 3265.00 | 3265.00 | 35.00 |
| 57 | Kuber Merchant Finance Limited | 1250.00 | 290.00 | 280.00 | 280.00 | 0.00 |
| 58 | Kumari Bank Limited | 24359.00 | 330.00 | 322.00 | 322.00 | -3.00 |
| 59 | Lalitpur Finance Ltd. | 1157.00 | 205.00 | 190.00 | 205.00 | 18.00 |
| 60 | Laxmi Bank Limited | 11315.00 | 362.00 | 355.00 | 359.00 | 1.00 |
| 61 | Laxmi Equity Fund | 6000.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 62 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 2220.00 | 2151.00 | 2111.00 | 2126.00 | -53.00 |
| 63 | Laxmi Value Fund-1 | 317403.00 | 14.59 | 14.15 | 14.42 | 0.20 |
| 64 | Life Insurance Co. Nepal | 606.00 | 2400.00 | 2371.00 | 2400.00 | 0.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 25258.00 | 219.00 | 211.00 | 214.00 | -1.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 3645.00 | 1034.00 | 1009.00 | 1010.00 | -10.00 |
| 67 | Machhapuchhre Bank Limited | 50521.00 | 361.00 | 350.00 | 357.00 | 9.00 |
| 68 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 419.00 | 1241.00 | 1218.00 | 1230.00 | -30.00 |
| 69 | Manjushree Finance Ltd. | 5624.00 | 166.00 | 160.00 | 160.00 | -3.00 |
| 70 | Mero Microfinance Bittiya Sanstha Ltd. | 3983.00 | 2570.00 | 2455.00 | 2455.00 | -85.00 |
| 71 | Mirmire Microfinance Dev. Bank Ltd. | 30.00 | 3179.00 | 3116.00 | 3116.00 | 60.00 |
| 72 | Mission Development Bank Ltd. | 50.00 | 299.00 | 299.00 | 299.00 | -6.00 |
| 73 | Miteri Development Bank Limited | 1974.00 | 557.00 | 550.00 | 552.00 | -3.00 |
| 74 | Muktinath Bikas Bank Ltd. | 34357.00 | 730.00 | 698.00 | 698.00 | -6.00 |
| 75 | Multipurpose Finance Company Limited | 50.00 | 125.00 | 117.00 | 125.00 | 10.00 |
| 76 | Nabil Balance Fund 1 | 564485.00 | 21.88 | 21.10 | 21.10 | 0.05 |
| 77 | Nabil Bank Limited | 18127.00 | 1733.00 | 1700.00 | 1728.00 | 61.00 |
| 78 | NABIL Bank Limited Promotor Share | 19359.00 | 1280.00 | 1263.00 | 1267.00 | 7.00 |
| 79 | Nabil Equity Fund | 55161.00 | 10.10 | 9.95 | 10.10 | 0.10 |
| 80 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 1641.00 | 3649.00 | 3520.00 | 3522.00 | -3.00 |
| 81 | National Hydro Power Co. Limited | 568918.00 | 156.00 | 145.00 | 155.00 | 11.00 |
| 82 | National Life Insurance Co. Ltd. | 2951.00 | 2030.00 | 2000.00 | 2009.00 | -5.00 |
| 83 | National Microfinance Bit. Sanstha Ltd. | 11155.00 | 3855.00 | 3650.00 | 3855.00 | 156.00 |
| 84 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 1728.00 | 2809.00 | 2665.00 | 2809.00 | 64.00 |
| 85 | NB Insurance Co. Ltd. | 2345.00 | 1300.00 | 1285.00 | 1290.00 | 5.00 |
| 86 | Neco Insurance Co. Ltd. | 6041.00 | 1155.00 | 1141.00 | 1143.00 | -10.00 |
| 87 | Nepal Bangladesh Bank Limited | 30104.00 | 398.00 | 385.00 | 392.00 | -2.00 |
| 88 | Nepal Bank Limited | 19900.00 | 368.00 | 359.00 | 367.00 | 3.00 |
| 89 | Nepal Community Development Bank Ltd. | 2471.00 | 334.00 | 330.00 | 330.00 | -1.00 |
| 90 | Nepal Credit And Com. Bank Limited | 17021.00 | 382.00 | 376.00 | 376.00 | -3.00 |
| 91 | Nepal Doorsanchar Comapany Limited | 8749.00 | 697.00 | 685.00 | 694.00 | 6.00 |
| 92 | Nepal Grameen Bikas Bank Ltd. | 13033.00 | 982.00 | 912.00 | 943.00 | -40.00 |
| 93 | Nepal Insurance Co. Ltd. | 7078.00 | 1660.00 | 1625.00 | 1630.00 | -10.00 |
| 94 | Nepal Investment Bank Limited | 15999.00 | 778.00 | 770.00 | 772.00 | -4.00 |
| 95 | Nepal Investment Bank Ltd. Pro. Share | 1809.00 | 688.00 | 685.00 | 688.00 | 0.00 |
| 96 | Nepal Life Insurance Co. Ltd. | 17832.00 | 2270.00 | 2201.00 | 2231.00 | -34.00 |
| 97 | Nepal SBI Bank Limited | 7644.00 | 963.00 | 941.00 | 943.00 | 3.00 |
| 98 | Nerude Laghubita Bikas Bank Limited | 3907.00 | 1485.00 | 1451.00 | 1464.00 | 4.00 |
| 99 | Ngadi Group Power Ltd. | 841.00 | 290.00 | 280.00 | 286.00 | 1.00 |
| 100 | NIBL Pragati Fund | 8587.00 | 10.00 | 9.80 | 9.80 | -0.20 |
| 101 | NIBL Samriddhi Fund 1 | 57000.00 | 13.00 | 12.74 | 12.74 | -0.26 |
| 102 | NIC Asia Bank Ltd. | 18709.00 | 478.00 | 468.00 | 468.00 | -1.00 |
| 103 | Nirdhan Utthan Bank Limited | 1198.00 | 2199.00 | 2161.00 | 2199.00 | 9.00 |
| 104 | NLG Insurance Company Ltd. | 1992.00 | 1640.00 | 1600.00 | 1610.00 | -22.00 |
| 105 | NMB Microfinance Bittiya Sanstha Ltd. | 1306.00 | 3030.00 | 2995.00 | 3010.00 | -28.00 |
| 106 | NMB Bank Limited | 8858.00 | 557.00 | 550.00 | 552.00 | -4.00 |
| 107 | NMB Hybrid Fund L-1 | 9986.00 | 10.00 | 9.90 | 10.00 | 0.05 |
| 108 | NMB Sulav Investment Fund-1 | 170060.00 | 14.49 | 14.06 | 14.49 | 0.44 |
| 109 | Om Development Bank Ltd. | 10754.00 | 445.00 | 430.00 | 431.00 | 1.00 |
| 110 | Oriental Hotels Limited | 6986.00 | 970.00 | 926.00 | 950.00 | -16.00 |
| 111 | Pokhara Finance Ltd. | 1671.00 | 263.00 | 253.00 | 254.00 | -4.00 |
| 112 | Prabhu Bank Limited | 48551.00 | 409.00 | 398.00 | 400.00 | 3.00 |
| 113 | Prabhu Insurance Ltd. | 11508.00 | 1230.00 | 1211.00 | 1212.00 | -20.00 |
| 114 | Premier Insurance Co. Ltd. | 3614.00 | 1850.00 | 1822.00 | 1835.00 | -35.00 |
| 115 | Prime Commercial Bank Ltd. | 138194.00 | 463.00 | 446.00 | 458.00 | 19.00 |
| 116 | Prime Life Insurance Company Limited | 3345.00 | 2719.00 | 2681.00 | 2700.00 | 0.00 |
| 117 | ProgressiveFinance Limited | 1280.00 | 225.00 | 225.00 | 225.00 | 0.00 |
| 118 | Prudential Insurance Co. Ltd. | 978.00 | 1615.00 | 1585.00 | 1585.00 | -15.00 |
| 119 | Purnima Bikas Bank Ltd. | 1430.00 | 312.00 | 306.00 | 310.00 | 0.00 |
| 120 | Rastriya Beema Company Limited | 225.00 | 17850.00 | 17150.00 | 17850.00 | 350.00 |
| 121 | Rastriya Beema Co. Limited Pro. Share | 785.00 | 15901.00 | 15600.00 | 15700.00 | 68.00 |
| 122 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 173.00 | 2219.00 | 2176.00 | 2192.00 | -28.00 |
| 123 | Reliance Finance Ltd. | 2103.00 | 225.00 | 216.00 | 216.00 | -13.00 |
| 124 | Ridi Hydropower Dev. Company Ltd. | 1648.00 | 202.00 | 196.00 | 197.00 | -8.00 |
| 125 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 2167.00 | 3209.00 | 3150.00 | 3151.00 | -23.00 |
| 126 | Rural Microfinance Dev. Centre Ltd. | 7216.00 | 880.00 | 855.00 | 869.00 | 1.00 |
| 127 | Sagarmatha Insurance Co. Ltd. | 3031.00 | 1810.00 | 1790.00 | 1795.00 | -16.00 |
| 128 | Sahayogi Bikas Bank Limited | 180.00 | 379.00 | 377.00 | 377.00 | -7.00 |
| 129 | Sana Kisan Bikas Bank Ltd | 3469.00 | 1693.00 | 1635.00 | 1640.00 | -20.00 |
| 130 | Sanima Bank Limited | 34578.00 | 430.00 | 422.00 | 425.00 | 6.00 |
| 131 | Sanima Mai Hydropower Ltd. | 1954.00 | 605.00 | 595.00 | 595.00 | 0.00 |
| 132 | Saptakoshi Development Bank Ltd. | 1056.00 | 196.00 | 193.00 | 196.00 | 3.00 |
| 133 | Shangrila Development Bank Ltd. | 11935.00 | 426.00 | 417.00 | 417.00 | 2.00 |
| 134 | Shikhar Insurance Co. Ltd. | 3834.00 | 2100.00 | 2066.00 | 2084.00 | -22.00 |
| 135 | Shine Resunga Development Bank Ltd. | 1404.00 | 445.00 | 433.00 | 437.00 | -4.00 |
| 136 | Shree Investment Finance Co. Ltd. | 20268.00 | 519.00 | 481.00 | 499.00 | 27.00 |
| 137 | Shrijana Finance (Bittaya Sanstha) | 250.00 | 480.00 | 472.00 | 472.00 | -9.00 |
| 138 | Siddhartha Bank Limited | 13306.00 | 475.00 | 467.00 | 470.00 | 3.00 |
| 139 | Siddhartha Equity Orineted Scheme | 87100.00 | 13.80 | 13.50 | 13.50 | 0.10 |
| 140 | Siddhartha Insurance Ltd. | 4690.00 | 1655.00 | 1620.00 | 1638.00 | -17.00 |
| 141 | Siddhartha Inv. Growth Scheme-1 | 212800.00 | 25.10 | 24.60 | 25.00 | 0.40 |
| 142 | Soaltee Hotel Limited | 6945.00 | 387.00 | 373.00 | 376.00 | -6.00 |

Total Amount Rs. 1,027,483,433 Total Quantity 3,318,112 Total No of Transactions 10,447

हेटौंडा औद्योगिक क्षेत्रका सडकमा भएका खाल्डा पुर्ने काम शुरु भएको छ। तर, कामले तीव्रता नलिँदा उद्योगीले चिन्ता व्यक्त गरेका छन्। करिब ५ वर्षअघि त्यहाँ २ किमिमा पिच गरिएको थियो। एक सयभन्दा बढी उद्योग सुचारु रहेको औद्योगिक क्षेत्रमा दैनिक सयौं मालवाहक गाडी आवत-जावत गर्छन्।



# सेनाको कल्याणकारी कोषको २२ करोड अझै जोखिममा

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाली सेनाले कल्याणकारी कोषले लगानी गरेको २२ करोड रुपियाँ अझै जोखिममा रहेको छ।

खराब कर्जाका रूपमा रहेको २२ करोड रुपियाँ उठाउने प्रयास भइरहेको नेपाली सेनाले जनाएको छ। कल्याणकारी कोषले आइतबार पत्रकार सम्मेलन गरी उक्त जानकारी दिएको हो। सैनिक कल्याणकारी कोषको नाममा विभिन्न बैंकमा राखिएको रकममध्ये सो रकम उठाउने प्रयास भइरहेको कल्याणकारी कोषका प्रमुख सहायकरथी प्रदीपकुमार अधिकारीले जानकारी दिनुभयो।



सैनिक कल्याणकारी कोषको वर्तमान अवस्था तथा सेनाद्वारा सञ्चालित कल्याणकारी गतिविधिका बारेमा जानकारी गराउने उद्देश्यले आयोजित पत्रकार सम्मेलनमा कल्याणकारी कोषको यथार्थ सम्पत्ति ३९ अर्ब ५५ करोड ५ लाख ७९ हजार पुगेको जानकारी दिइयो। २०७३ असार मसान्तसम्म ३३ अर्ब ६ करोड १० लाख ३६ हजार रुपियाँ रहेको कोषमा गत आवमा ६ अर्ब ४९ करोड थपिएको हो। कोषको सो सम्पत्तिमध्ये ४ अर्ब ९८ करोड ४४ रुपियाँ विभिन्न क्षेत्रमा लगानी गरेको समेत सेनाले जनाएको छ।

कार्यक्रममा कोषबाट कल्याणकारी कार्यअन्तर्गत शिक्षा, स्वास्थ्य, कर्जा सुविधा, बीमा निवृत्तिभरण, तालिमलगायतमा आर्थिक सहयोग गर्ने गरिएको जानकारी दिइयो। सोअन्तर्गत सेनाले गत आवमा भएका उपलब्धि तथा आगामी आवमा सञ्चालनमा रहेका कार्यक्रमका बारेमा समेत जानकारी गराएको थियो।

कार्यक्रमा गत आवमा स्वास्थ्य शिविर, औषधोपचार सेवा तथा सुविधा, छात्रवृत्ति, पेन्सन प्राकृतिक प्रकोप राहत, कानुनी सहायता आदिका लागि सहयोग गरिएको जानकारी दिइयो। सेनाले सहुलियत ऋण योजनाअन्तर्गत सकल दर्जालाई सहुलियत ब्याजदरमा ९ अर्ब ६२ करोड ९४ लाख ५० हजार रुपियाँ ऋण प्रवाह गरेको कल्याणकारी योजना निर्देशक सहायक रथी अधिकारीले जानकारी दिनुभयो।

पत्रकार सम्मेलनमा सेनाले पोखरा र इटहरीमा हिताधिकारीको सुविधाका लागि अस्पताल सञ्चालनमा ल्याउने योजना रहेको जानकारी दिएको छ। त्यसै गरी, सेनाका बहालवालाको हितका लागि कल्याणकारी कोषमार्फत् सेनाले चितवनमा १ हजार ६ सय ४४ वटा घडेरी बिक्री गरेको तथा निकट भविष्यमा काठमाडौंको चोभार र भक्तपुरको दुवाकोटमा पनि त्यो सुविधा प्रदान गर्ने जानकारी दिएको हो।

सामुदायिक चिकित्सा केन्द्र सञ्चालन, त्रिचन्द्र मिलिटरी हस्पिटल निर्माण, पारिवारिक पेन्सनमा वृद्धि, थप बीमा योजना र सहुलियत ऋण योजना रहेको सेनाले जनाएको छ।

वि.सं. २०३२ मा एक करोड २४ लाख जोहो गरेर सैनिक कल्याणकारी कोष स्थापना गरिएको थियो। अहिले कोषको मुख्य आयस्रोतका रूपमा शान्ति सेनामा भाग लिए बापत प्राप्त हुने रकम, बैंक तथा वित्तीय संस्थामा निक्षेप गरिएको रकमबाट प्राप्त हुने ब्याज र नेपाली सेना स्वास्थ्य विज्ञान तथा विभिन्न विद्यालयको शिक्षण शुल्क भएको बताइएको छ।

# पाकिस्तानका जनता नेपाल भ्रमण गर्न आतुर : राजदूत लम्साल

**नेपाल समाचारपत्र**

काठमाडौं

पाकिस्तानका लागि नेपाली राजदूत सेवा लम्सालले प्रचारप्रसारको अभाव तथा हवाईमार्गले जोड्न नसकेका कारण पाकिस्तानी पर्यटकलाई नेपाल भित्र्याउन नसकेको बताउनुभएको छ।

राजदूत लम्सालले पाकिस्तानी नागरिक नेपाल भ्रमणका लागि आतुर रहेकाले सहजरूपमा नेपाल भ्रमणको वातावरण मिलाउन सम्बन्धित निकायलाई आग्रह समेत गर्नुभयो।

नेपाल पर्यटन बोर्डको सहकार्यमा आयोजित भेटघाट कार्यक्रममा पर्यटन क्षेत्रमा संलग्न सरोकारवालाहरूले पाकिस्तानी पर्यटकको नेपालमा भ्रमणको व्यवस्था मिलाउन उहाँले आग्रह समेत गर्नुभयो। राजदूत लम्सालले नेपालको छालाजन्य सामग्रीको पाकिस्तानमा पर्याप्त माग रहेकाले छालाको निर्यात गर्न सके नेपालले ठूलो फाइदा लिनसक्ने बताउनुभयो। पाकिस्तानमा गरगहना, पस्मिना, हस्तकलाका सामग्री, चियालगायत वस्तुको प्रचुर माग रहेको बताउँदै यस्ता सामग्रीको निकासी गर्न सके मुलुकले आर्थिकरूपमा समेत टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

नेपाल वायुसेवा निगमका प्रबन्ध निर्देशक सुगतरत्न कंसाकारले निगमले चाँडै नै सेवा विस्तार गर्दै लाने बताउँदै थप जहाज खरिदका लागि गृहकार्य गरिरहेको बताउनुभयो। कंशाकारले शुरुआत दिनमा घाटा बेहोरेर भए पनि हप्तामा २ पटक पाकिस्तान र नेपाललाई जोड्न सके भोलिका दिनमा पाकिस्तानी पर्यटकको आगमनमा वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव सुरेश आचार्यले सार्कका देशहरूमा पर्यटनको राम्रो सम्भावना रहेकाले, सार्कका सबै देशहरूमा हवाई मार्गले जोड्नका लागि मन्त्रालयले काम गरिरहेको बताउनुभयो। पाकिस्तानसँग पर्यटन क्षेत्रमा मात्र नभएर शिक्षामा हस्पिटालिटी ट्रेनिङ, होटल व्यवसायका विविध क्षेत्रमा सहकार्य गरेर अगाडि बढ्न सकिने बताउनुभयो। पाकिस्तानमा तापक्रम उच्च रहेको र प्राकृतिक सौन्दर्य नभएकाले नेपालका पर्यटन व्यवसायीले जंगल सफारी, धार्मिक स्थल भ्रमणलगायतका प्याकेट बनाएर पाकिस्तानी पर्यटक भित्र्याउन सकिने बताउनुभयो। आगामी दिनमा निगमले साउदी अरबमा उडान भर्ने बताउँदै पाकिस्तानलाई ट्रान्जिट प्वाइट बनाएर पनि जान सकिने बताउनुभयो।

यसैबीच पर्यटन प्रवर्द्धनका लागि सबै खाले सहकार्य र सहयोग गर्न नेपाल पर्यटन बोर्ड सदैव तयार रहेको बोर्डका कार्यकारी अधिकृत दीपकराज जोशीले बताउनुभयो।

साथै उहाँले हवाईमार्गबाट जोड्न सके पनि व्यापार व्यावसायले जोडिने बताउनुभयो। पाकिस्तानमा १९ करोड ३२ लाख जनसंख्या रहेको छ भने त्यहाँका ४३ प्रतिशत नागरिक कृषिमा आधारित छन्। १३ प्रतिशत उत्पादन ९ प्रतिशत ट्रेडमा संलग्न रहेका छन्।

पाकिस्तानी पर्यटकलाई नेपाल आगमनका लागि सहज वातावरण बनाउनको लागि पर्यटन व्यवसाय क्षेत्रमा संलग्न ट्रेकिङ एजेन्सि संघ टान, सोटो, नाटा, होटल संघ नेपाल (हान) लगायतका प्रतिनिधिहरूले सहज वातावरणको स्थिति भएमा आफूहरूले सेवा दिन तयार रहेको बताउनुभयो।

## PRESS RELEASE

### प्रभु इन्स्योरेन्स २२औं वर्षमा प्रवेश




काठमाडौं, (नेस)

प्रभु इन्स्योरेन्स २२औं वर्षमा प्रवेश गरेको छ। कम्पनीको २२औं स्थापना दिवस बीमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाईं प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। सो अवसरमा बोल्दै अध्यक्ष चापागाईंले प्रभु इन्स्योरेन्सको अवस्था राम्रो रहेको तथा सबै बीमा कम्पनीमध्ये अग्रणी भूमिकामा रहन सफल भएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा थप सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो। उहाँले बीमा कम्पनीको पुँजी वृद्धि सम्बन्धमा नयाँ मापदण्ड तय गरिएकोमा तोकिएको समयमै कम्पनीले पुँजी कायम गर्न सफल हुने विश्वास पनि व्यक्त गर्नुभयो।

निर्जीवन बीमाको दायरा वृद्धि गर्न हुलदंगा तथा आतंकवादको बीमा दर परिमार्जन गरिएको उहाँको भनाइ थियो। आगामी दिनमा बीमा कम्पनीको निरीक्षण प्रभावकारी बनाउँदै लगिने बताउँदै बीमा क्षेत्रमा नियम, विधि तथा कानुनअनुसार काम नगर्नेलाई कारबाही गर्न पछि नपर्नेमा उनले जोड दिनुभयो।

कार्यक्रममा कम्पनीका अध्यक्ष कुसुम लामाले कृषि तथा बाली बीमा सम्बन्धमा सहकार्य गरी अगाडि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभएको थियो। त्यसै गरी, बीमा समिति र बीमा कम्पनीले सहकार्य गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी अगाडि बढ्नुपर्ने साथै कृषि तथा बाली बीमाका लागि पूर्वाधार वृद्धि गरी अगाडि बढ्नुपर्ने उहाँ भनाइ थियो।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै कम्पनीका उपाध्यक्ष राजेन्द्र मल्लले बीमा समितिको मार्ग दर्शनमा कम्पनी सुधार गर्दै गएको तथा समितिको निर्देशनबमोजिम पुँजी वृद्धिको योजना पेस गरी सकिएकाले योजनाअनुरूप पुँजी वृद्धि गरिने बताउनुभयो। उहाँले बीमा समितिको स्वीकृतिमा शाखा विस्तार गर्दै लगिने बताउँदै लघु बीमा कम्पनीको गठनको आवश्यकता पनि औंल्याउनुभयो।

कम्पनीको प्रगति विवरण प्रस्तुत गर्दै प्रमुख कार्यकारी अधिकृत सञ्चित वज्राचार्यले नियामक निकायको निर्देशनलाई सदैव पालना गर्दै प्रतिस्पर्धात्मक बजारमा प्रतिस्पर्धा गर्दै अघि बढ्दै गइरहेको बताउनुभयो।

कम्पनीको हाल केन्द्रीय कार्यालयसहित शाखा तथा उपशाखा संख्या २३ रहेको छ।

### रेनिगेड बाइकका दुई मोडल बजारमा

काठमाडौं, (नेस)

आईएमई ग्रुपअन्तर्गत सवारीसाधनको कारोबार गर्ने भगिनी संस्था आईएमई अटोमोटिभ्स प्रालिले भारतमा निर्मित अमेरिकन (यूएम) का मोटरसाइकल रिनिगेड ३०० सिरिज नेपाली बजारमा ल्याएको छ। आईएमई अटोमोटिभ्सले आइतबार एक कार्यक्रमका बीच रेनिगेड कमान्डो ३०० र रेनिगेड स्पोर्ट एस ३०० मोडलको बाइक सार्वजनिक गरेको हो।

कार्यक्रममा आईएमई रूपका कार्यकारी अध्यक्ष चन्द्रप्रकाश ढकाल, आईएमई अटोमोटिभ्सका डाइरेक्टर सन्दीप अग्रवाल र सुमन पोखरेल, प्रमुख कार्यकारी अधिकृत कपिल शिवाकोटी र यूएम भारतबाट आएका पंकज सिंहलगायतको उपस्थिति थियो।

यी बाइकहरू यसअघि नै नाडा अटो शोमा नेपालमा परिचत गराइएको थियो। यी बाइकले बढी माइलेज दिने, आकर्षक डिजाइन भएको र पूर्ण डिजिटल मिटर भएको कम्पनीको दाबी छ। यूएम बाइक बाइक राइडरलाई विश्वस्तरीय बाइकिङ अनुभव दिने आईएमई अटोमोटिभ्सका प्रमुख कार्यकारी अधिकृत कपिल शिवाकोटीले बताउनुभयो।

उहाँले काठमाडौंलगायत देशका अन्य ठाउँमा अवस्थित थ्री एस सेट अपबाट सेल्स, सर्विस र पार्ट्स उपलब्ध हुने र ग्राहकलाई सुविधा दिने कुरा जानकारी गराउनभयो। कार्यक्रममा आईएमई ग्रुपका कार्यकारी अध्यक्ष चन्द्रप्रसाद ढकालले ती बाइक भारतमा उत्पादन भएको हुँदा नेपालीले सहज रूपमा खरिद गर्न सक्ने बताउनुभयो। बजारमा आएकामध्ये 'फिल द फ्रिडम' थिमको 'रेनिगेड कमान्डो ३००' मा ४ स्ट्रोक लिक्विड कुल्ड इन्जिन भएको क्रुजर बाइक हो। यसमा चौडा हयान्डल बार, हाइड्रोलिक टेलिस्कोपिक फ्रन्ट र स्प्रिङ रेयर सस्पेन्सन समावेश छ। १८ लिटर इन्धन क्षमताको यो बाइकको तौल १ सय ७२ किलो रहेको छ। यसको मूल्य ४ लाख ९२ हजार रुपियाँ निर्धारण गरिएको छ।




त्यसैगरी 'रुल द स्ट्रिट' थिमको 'रेनिगेड स्पोर्ट एस ३००' मोडल बल र नियन्त्रणको संयोजन भएको कम्पनीले जनाएको छ। यसमा इलेक्ट्रिक स्टार्टसँगै एयर फिल्टरमा पेपर इलेमेन्टको नवीनता भएको कम्पनीको दाबी छ। यसको अगाडिको चक्कामा टेलिस्कोपिक सस्पेन्सन र पछाडिकोमा ड्युल सक एब्जर्बर रहेको कम्पनीले जनाएको छ। १८ लिटर इन्धन क्षमताको यो बाइकको तौल १ सय ७२ किलो रहेको छ। यसको मूल्य ४ लाख ९९ हजार रुपियाँ निर्धारण गरिएको छ।

### सिप्रदी कार मेला सम्पन्न

काठमाडौं, (नेस)




नेपालका लागि टाटा मोटर्स्को आधिकारिक वितरक सिप्रदी टेडिङ प्रालिद्वारा नक्सालमा आयोजना गरिएको ३ दिने टाटा मोटर्स् कार मेला सिजन ५ सम्पन्न भएको छ। मेला २ हजार ५ सयभन्दा बढी दर्शकले अवलोकन गरेको र १ सय जनाले टाटाका गाडी किन्नका लागि बुकिङ गरेको कमपनीले जनाएको छ।

मेलामा अवलोकनकर्ता टाटाका विभिन्न कारबारे जानकारी लिई टेस्ट ड्राइभलगायत मनोरञ्जनात्मक कार्यक्रममा सहभागी भएका थिए। आयोजक सिप्रदीका अनुसार सो कार मेलामा ६ सय ८० भन्दा बढीले टाटाका विभिन्न मोडलका कारहरू टेस्ट ड्राइभ गरे। साथै ३ सयभन्दा बढी सहभागी दर्शकले एक्स्चेन्जका लागि आफ्नो पुरानो गाडीको मूल्यांकन गराए।

उक्त मेलामा कलाकारहरूले साल्सा डान्स, बेली डान्स लगायत सांगीतिक कार्यक्रमका साथै अन्य मनोरञ्जनात्मक प्रस्तुति दिएका दिए। शनिबार अपराहन हास्य कलाकार जितु नेपालले आफ्नो प्रस्तुतिद्वारा दर्शकलाई भरपुर मनोरञ्जन प्रदान गरेका थिए।

साथै मेलाका अन्य आकर्षणमा टाटा प्यासेन्जर गाडीको प्रदर्शनी, एक्स्चेन्ज सुविधा, अन द स्पट फाइनान्स सुविधा, पेन्ट बल, फुड स्टल, बी-बोइङ, नेल आर्ट, फेस पेन्टिङ, हुभरबोर्ड डान्स र पुरस्कार वितरणलगायतका कार्यक्रम रहेको कमपनीले जनाएको छ।

### माछापुच्छ्रे बैंकको केन्द्रीय कार्यालय लाजिम्पाटमा

काठमाडौं, (नेस)

माछापुच्छ्रे बैंकको केन्द्रीय कार्यालय काठमाडौंमा सरको छ। आइतबार सम्पन्न बैंकको विषेश साधारणसभाले पोखराको नयाँ बजारमा रहेका केन्द्रीय कार्यालय काठमाडौंको लाजिम्पाट सार्ने निर्णय गरेको हो। बैंकको केन्द्रीय लाजिम्पाटस्थित कार्यालय साविकको कर्पोरेट कार्यालय रहेको थियो। बैंकका सञ्चालक समितिका अध्यक्ष रोशन केसीको सभापतित्वमा सम्पन्न बैंकको विशेष साधारणसभाले सो निर्णय गरेको हो। बैंकको विशेष साधारणसभाले नियामक निकायहरूले गरेका परिवर्तित व्यवस्थालाई समेट्न प्रबन्धपत्र तथा नियमावलीका केही व्यवस्था परिमार्जन गर्ने विषयसमेत पारित गरेको छ।

६ अर्ब ५९ करोड ८७ लाख रुपियाँ चुक्ता पुँजी रहेको बैंकले २०७४ आसारमसान्त सम्ममा ५८ अर्ब ६३ लाख रुपियाँ निक्षेप परिचालन गरी ५१ अर्ब ८७ लाख रुपियाँ कर्जा प्रवाह गरेको छ। सो अवधिमा बैंकले १ अर्ब ३० करोड रुपियाँ खुद मुनाफा आर्जन गरेको बैंकले जनाएको छ। बैंकले आफ्नो चुक्ता पूँजी वृद्धि गरी ८ अर्ब पुऱ्याउन १२ प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रक्रिया अगाडि बढाइसकेको जानकारी दिएको छ।

बैंकले आफ्ना ६२ वटा शाखा, ४ वटा एक्स्टेन्सन काउन्टरलगायत ४ शाखारहित बैंकिङ सेवासमेत गरी जम्मा ७० स्थानबाट ग्राहकमा सुविधा प्रदान गरिरहेको जनाएको छ।




# पर्वतारोहण संघमा लामा विजयी

काठमाडौं, (नेस)

नेपाल पर्वतारोहण संघले आगामि ३ वर्षे कार्यकालका लागि नयाँ नेतृत्वका चयन गरेको छ। निकटतम प्रतिद्वन्द्वीलाई ६७ मतले पराति गर्दै संघको अध्यक्षयमा सन्तवीर लामा निर्वाचित हुनुभएको हो।

नवनिर्वाचत अध्यक्ष लामाले संघलाई विधानअनुरूप अगाडि बढाउन आफूले विशेष पहल गर्ने बताउनुभएको छ। नेपाल समाचारपत्रसँग कुरा गर्दै लामाले पर्वतारोही, गाइड, मजदुर तथा आरोहीको हकहितका लागि काम गर्ने बताउनुभयो। त्यसका लागि कोषको विकास गर्दै पुराना रोकिएका काम अगाडि बढाउने, प्रमाणपत्र नपाएका आरोहीलाई प्रमाणपत्र दिलाउने आदि योजना सुनाउनुभयो। आफू संघमा आइसकेपछि शीर्षकअनुसार रकम खर्च गर्ने र आरोहीलाई तालिमका अवसरलाई बराबररूपमा दिलाउने बताउनुभयो।

लामाले ३ सय ८३ मत पाउँदा पराजित जिङ्बा जाङ्बु शेर्पाले ३ सय १६ मत प्राप्त गरेका थिए। त्यस्तै उपाध्यक्षमा दिवसविक्रम शाह ३ सय ७० र द्वितीय उपाध्यक्षमा ३ सय ८४ मत प्राप्त गरी माया शेर्पा विजयी भएका छन्। त्यसै गरी महासचिवमा कुलबहादुर गुरुङले ३ सय ८१ मत, सचिवमा टीकाराम गुरुङ ३ सय ५० मतका साथ विजयी भएका हुन्।

# पुरिँदै खाल्डो

हेटौंडा, (नेस)

हेटौंडा औद्योगिक क्षेत्रका सडकमा भएका खाल्डा पुर्ने काम शुरू भएको छ। तर, कामले तीव्रता नलिँदा उद्योगीले चिन्ता व्यक्त गरेका छन्।

औद्योगिक क्षेत्र व्यवस्थापन अध्यक्ष नन्दकिशोर बस्नेतको निर्देशनमा काम शुरू गरिएको हो। उहाँले सोमबारसम्म सबै खाल्डो पुर्न निर्देशन दिनुभयो। 'उद्योगीकै सहयोगमा पुर्ने काम थालेका छौं' -औद्योगिक क्षेत्रका प्रवन्धक नेपाल भूषण वैद्यले भन्नुभयो। केही स्थानमा खाल्डो पुर्न माटो थुपारिएको छ।

अध्यक्ष बस्नेतले आइतबार अनुगमनका क्रममा सडकमा खाल्डो देखेपछि पुर्न निर्देशन दिनुभएको थियो। उहाँले निर्देशन दिँदै भन्नुभयो- 'सडकमा भएका खाल्डाहरू तत्काल पुर्ने व्यवस्था गर्नूस्। उद्योगीलाई सास्ती हुने अवस्था आउन दिनु हुँदैन। उद्योगीको गुनासो नआओस्, उद्योगका उत्पादन बोकेका र कच्चा पदार्थ बोकेका सवारी खाल्डोमा खस्यो भन्ने सुन्ने अवस्था नआओस्।'

बस्नेतले औद्योगिक क्षेत्रका सडकका खाल्डा पुर्न निर्देशन दिए पनि समयमै सडकको अवस्थामा सुधार देखिएको छैन। सडकको भ्वाङ जोखिमपूर्ण बन्दै गएका छन्। खाल्डा पुर्ने जिम्मा पाएको औद्योगिक क्षेत्र व्यवस्थापनले आफ्नो जिम्मेवारी निर्वाह गरेन।

देशकै ठूलो औद्योगिक क्षेत्रका मुख्य सडकमा उस्तै जोखिमपूर्ण खाल्डा छन्। कतै कतै खाल्डा पुर्ने काम शुरु भए पनि त्यो पूर्ण छैन। औद्योगिक क्षेत्रमा रहेका करिब ७ किमि सडकमध्ये अधिकांशमा पिच छैन। २ किमिमा मात्र पिच छ, त्यो पनि २०३५ साल ताकाको।

करिब ५ वर्षअघि त्यहाँ २ किमिमा पिच गरिएको थियो। एक सयभन्दा बढी उद्योग सुचारु रहेको औद्योगिक क्षेत्रमा दैनिक सयौं मालवाहक गाडी आवत-जावत गर्छन्। औद्योगिक क्षेत्रकै बाटो भएर सार्वजनिक सवारी पनि सञ्चालन हुँदै आएकोले पिच चाँडै भत्किने गरेको छ। यसको मारमा उद्योगी पर्दै आएका छन्।




# भारतले जित्यो श्रीलंकाविरुद्धको सिरिज

नयाँ दिल्ली, (एजेन्सी)

भारतले श्रीलंकाविरुद्धको तीन खेलको टेस्ट सिरिज २-० को अग्रतासँगै हासिल गरेको छ।

कोलम्बोमा भएको दोस्रो टेस्टमा भारतले श्रीलंकालाई एक इनिङ र ५३ रनले हराएर सिरिजमाथि कब्जा गर्‍यो। चेतेश्वर पुजारा र आजिन्क्य रहाणेको सतकको सहयोगमा भारतले पहिलो इनिङ ६२२–९ को स्कोरमा समाप्त भएको घोषणा गरेको थियो। श्रीलंका आफ्नो घरेलु मैदानमा कुनै बेला पनि खेलमा फर्कन सकेन। पहिलो इनिङमा १ सय ८३ रनमा अलआउट हुँदै घरेलु टोली फलो अनमा परेको थियो।



दोस्रो इनिङमा डिमुथ करुणरत्नेले सानदार १ सय ४१ रन र कुशल मेन्डिसले १ सय १० रन बनाए। तर टोली ३ सय ८६ रनमै अलआउट भयो र चौथो दिनमा पराजित हुनुपरेको थियो। भारतीय स्पिनर रवीन्द्र जडेजा ७० रन बनाएर र कूल ७ विकेट लिएर म्यान अफ द म्याच घोषित भए। उनले पहिलो इनिङमा ८४ रन दिएर २ विकेट तथा दोस्रो इनिङमा १ सय ५२ रन दिएर पाच विकेट लिएका थिए। जडेजा ३२ टेस्ट खेलबाटै छिटो १ सय ५० विकेट लिने बलर समेत बने।

श्रीलंकाविरुद्ध भारत पहिलो इनिङमा ४ सय ३९ रनले अग्रता लिएको थियो। भारतको ६ सय २२ रनको बराबरी गर्न श्रीलंका ५३ रनले पछि परेको थियो। यद्दपि करुणरत्ने र मेन्डिसले दोस्रो विकेटका लागि १ सय ९१ रनको ठूलो साझेदारी गरेका थिए। तर दुबै विकेट पतन पछि भारतीय स्पिनरको दवाव श्रीलंकाका अन्य ब्याटसम्यानमाथि भएको थियो।

### विराटको उपलब्धि

भारतले श्रीलंकामा टेस्ट जितेपछि कप्तान विराट कोहलीले लगातार सिरिज जित्ने मामिलामा अस्ट्रेलियाका कप्तान स्टीभ वागलाई पछाडि पारेका छन्। विराटको कप्तानीमा भारतले लगातार आठ सिरिज जितेको छ। पूर्व अस्ट्रेलियाका क्रिकेटरको कप्तानीमा सात सिरिज जितेको थियो।

विराटले सन् २०१५ देखि २०१७ को बीचमा ८ टेस्ट सिरिज जितेको छ। जसमा श्रीलंका, दक्षिण अफ्रिका, वेस्ट इन्डिज, न्युजिल्यान्ड, इंग्ल्यान्ड, बंगलादेश, अस्ट्रेलिया र फेरि श्रीलंकाविरुद्ध विराटको कप्तानीमा टेस्ट सिरिज जितेको हो। तर सबैभन्दा लगातार टेस्ट सिरिज जित्ने रेकर्ड अस्ट्रेलियाका पूर्व कप्तान रिकी पोन्टिङको नाममा रहेको छ। उनले २००५ देखि २००८ बीच लगातार नौ टेस्ट सिरिज जितेको थियो। विराट उनको रेकर्ड निकट पनि पुगेका छन्।


### विराट पहिलो कप्तान

यसै गरी यो नतिजापछि श्रीलंकामा दुई टेस्ट सिरिज जित्नेमा विराट पहिलो भारतीय कप्तान बनेका छन्। उनले यसअघि सन् २०१५ मा भारतलाई श्रीलंकाको भूमिमा २-१ ले टेस्ट सिरिज दिलाएका थिए।

## घरहरा

### राष्ट्रपति कार्यालयको पारा

राष्ट्रपति कार्यालयबाट निकाल्ने कुनै पनि कागजातमा शुद्धाशुद्धीको बारेमा आवश्यक ध्यान दिनुपर्ने हो। तर, गएको शनिबार सो कार्यालयबाट जारी गरिएको वक्तव्यमा


राष्ट्रपतिको कार्यालय

विज्ञप्ति

गल्तीको बाढी लागेको देखियो।



पाठकबृन्दले तस्वीरमा हेर्नुस्त। राष्ट्रपति कार्यालयमा मान्छेको अभाव भएर यस्तो भएको हो भने भाषद्वविद् चढ्हयो भनेर बरु विज्ञापन मागेको भए हुने नि। लोकले हेर्ने कुरामा अलि ध्यान दिऔं न होउ। मुलुकको इज्जतसँग जोडिएको कुरामा मुख्य स्थानबाट अलि ध्यान दिने हो कि ?

# बोल्टलाई उछिन्दै ग्याटलिनलाई स्वर्ण

लन्डन, (एजेन्सी)

दौडेर सनसनी मच्चाउने कीर्तिमानी धावक उसेन बोल्ट शनिबार आफैं स्तब्ध बने।

लन्डनमा जारी विश्व एथ्लेटिक्स च्याम्पियनसिपमा जमैकन धावक उसेन बोल्टलाई उछिन्दै जस्टिन ग्याटलिनले स्वर्ण पदक चुमे। अमेरिकाका ग्याटलिनले १ सय मिटर दौडमा स्वर्ण जितेका हुन्। ३५ वर्षीय ग्याटलिनले ९.९२ सेकेन्डमा उक्त दौड पूरा गरे। उक्त दौडमा बोल्ट अमेरिकाकै क्रिस्यिचन कोलम्यानसंग समेत पछाडि परेपछि तेस्रोमा चित्त बुझाउन बाध्य बने।



बोल्टको अन्तिम प्रतिस्पर्धाको रुपमा रहेको उक्त दौडमा दोस्रो बनेका कोलम्यानले १ सय मिटरको दूरी ९.९४ मा पूरा गर्दा बोल्टले ९.९५ सेकेन्ड्सको समय निकाले। योसंगै ३५ वर्षीय ग्याटलिनले प्रतिबन्धबाट प्रभावित आफ्नो करियरको तितो विगतलाई बिर्साउनुका साथै प्रतिद्वन्द्वी र समर्थकहरुलाई पनि आश्चर्यमा पारे।

आफ्नो करियरको अन्तिम दौड बोल्टका लागि बिर्सन लायक बन्यो। यसअघि बोल्टले सन् २०१५ मा बेइजिङमा सम्पन्न वर्ल्ड च्याम्पियनसिपमा ग्याटलिनलाई पछि पारको थिए। तर यसपटक लन्डनमा जारी प्रतियमेगितामा भने बोल्टले पछिल्लो प्रदर्शन दोहोर्‍याउन सकेनन्। योसंगै करियरको अन्तिम दौडमा राम्रो नतिजा निकालेर करियरको सुखद अन्त्य गर्ने आठ पटकका विश्व विजेतामो ईच्छा भने पूरा हुन सकेन।

३० वर्षीय बोल्टले आफ्नो नतिजाप्रति दुःख नलागेको बताए। उनले भने-'हार, जित वा बराबरीको नतिजाले मलाई केही फरक पर्दैन। मैले आफूले सक्दो प्रदर्शन गरें। यसले मेरो करियरमा केही असर पर्दैन। मेलै खेलमा सबैथोक गरिसकेको छु। अब विदा लिनु छ।'

# आर्सेनलले जित्यो कम्युनिटी सिल्ड

लन्डन, (एजेन्सी)

एफए कम्युनिटी सिल्डअन्तर्गत वेम्बलीमा भएको उपाधि भिडन्तमा आर्सेनलले बाजी मारेको छ।

प्रतियोगिताअन्तर्गत आइतबार भएको उक्त खेलमा गत सिजनको एफए कप च्याम्पियन आर्सेनलले वर्तमान इंग्लिस प्रिमियर लिग च्याम्पियन चेल्सीलाई पराजित गर्दै एफए कम्युनिटी सिल्डको उपाधि जितेको हो। वेम्बली रंगशालामा भएको सो खेलमा आर्सेनलले चेल्सीलाई टाइब्रेकरमा ४-१ ले पराजित गरेको हो।



निर्धारित ९० मिनेटसम्म दुवै टोलीले १-१ गोलको बराबरी खेलेपछि विजेताको टुंगो टाइब्रेकरमार्फत भएको थियो। नयाँ पद्दतिअनुसार गराइएको टाइब्रेकरमा आर्सेनलले बाजी मार्‍यो। आर्सेनलका लागि ठियो वाल्कोट, नाचो मोनरिआल, एलेक्स अक्सलेड चेम्बरलिन र ओलिभिएर गिरौडले गोल गरेका थिए। यता चेल्सीका गेरी काहिलले मात्र गोल गरे। गोलरक्षक थिबाउ कोर्टुआ र अल्भारो मोराटाले आ-आफ्नो प्रहार खेर फालेपछि चेल्सीले हारलाई टार्न सकेनन्।

त्यसअघि चेल्सीका लागि भिक्टर मोसेसले खेलको ४६औं मिनेटमा गोल गर्दै चेल्सीलाई अग्रता दिलाएका थिए। आर्सेनलका ग्रानिट झाकाले राम्रोसँग क्लिएर गर्न नसकेको बललाई मोसेसले जाली चुमाएका थिए। तर खेलको ८० औं मिनेटमा चेल्सी दस खेलाडीमा खुम्चिए।

पेड्रोरोड्रीग्वेजले आर्सेनलका मोहमद एल्नेनीलाई डरलाग्दो ट्याकल हानेपछि रेफ्रीले पेड्रोलाई रातो कार्ड देखाएका थिए। प्रमुख खेलाडीद्वय एलेक्सिस सान्चेज र मेसुट ओजिललाई नखेलाएको आर्सेनलले त्यसको दुई मिनेटपछि नै फाइदा लिन सफल भयो। खेलको ८२औं मिनेटमा चेल्सीले बराबरी गोल बहोर्‍यो। वैकल्पिक खेलाडी सिआड कोलासिनाचले आर्सेनलका लागि फ्रि-किकबाट उपलब्ध बललाई हेडमार्फत गोल गरेका थिए।

# बायर्नले जित्यो जर्मन सुपर कप

डर्टमन्ड (एजेन्सी)

बायर्न म्युनिखले जर्मन सुपर कपको उपाधि जितेका छन्।

बोरुसिया डर्टमन्डसंग दुई पटक खेलमा पछि परेर पनि अन्ततः पेनाल्टी सुटआउटमा बाजी मार्दै म्युनिखले उपाधि चुमेको हो। डर्टमन्डको मैदान सिग्नाल इडुना पार्कमा भएको खेलमा बायर्नले घरेलु टोलीलाई टाइब्रेकरमा ५-४ गोल अन्तरले पराजित गरेको हो। निर्णायक प्रहारमा अलीर्चले मार्क बार्टराको पेनाल्टी जोगाएसागै बायर्नले उपाधि चुमेको हो।

यसअघि निर्धारित ९० मिनेट समयसम्म दुवै टोलीले २-२ गोलको बराबरीमा टुंग्याएपछि खेल टाइब्रेकरसम्म लम्बिएको थियो। यसअघि खेलको १२ औं मिनेटमा क्रिस्टियन पुलिसिकको गोलमार्फत् घरेलु टोलीले सुरुवाती अग्रता लिएका थिए। तर त्यसको ६ मिनेट नबित्दै बायर्नले बराबरी गोल फर्कायो। रोबर्ट लेवानडोस्कीले जोसुवा किम्मिचको पासमा सहजै गोल गर्दै खेललाई बराबरीमा ल्याएका थिए।

दोस्रो हाफमा डर्टमन्डका पिएर एमेरिक औबामेयाङले खेलको ७१औं मिनेटमा उत्कृष्ट गोल गर्दै टोलीलाई पुन अग्रता दिलाए। ओस्मान डेम्बेलेको पासमा औबामेयाङले करिब १३ मिटरको दूरीबाट प्रहार गरेको बल गोलरक्षक स्वेन अर्लीचलाई नाध्दै गोलमा परिणत भएको थियो।

तर खेलको ८८औं मिनेटमा गोल गर्दै बायर्नले पुनः खेललाई बराबरीमा फर्कायो। क्रसबारमा लागेर फर्किएको बललाई क्लियर गर्न नसकेको अवस्थामा किम्मिचको फितलो प्रहार डर्टमण्डका लुकास पिस्जेक र गोलरक्षक रोमन बुर्कीलाई लाग्दै गोलमा परिणत भएको थियो। जसका कारण खेल विजेताको निर्णय टाइब्रेकरमार्फत गर्नुपरेको थियो।

# गोल्डेनगेट र प्राइमलाई नेबा प्रेसिडेन्ट कप

काठमाडौं, (नेस)

आ-आफ्नो टिमलाई निराश पार्दै गोल्डेनगेट 'बी' र प्राइम 'डि' ले नेबा प्रेसिडेन्ट कप थ्री बाइ थ्री राष्ट्रव्यापी पुरुष तथा महिला बास्केटबल प्रतियोगिताको उपाधि आइतबार जितेका छन्। दुवै फाइनल प्रतिस्पर्धात्मक रह्यो।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा भएको प्रतियोगिताको पुरुष फाइनलमा गोल्डेनगेट 'बी' ले गोल्डेनगेट 'ए' लाई २१-२० को झिनो अन्तरले पराजित गर्‍यो। विजयी टिमका लागि अशिम श्रेष्ठ र राजिव जोशीले ७-७, विक्रम डंगोलले ५ तथा अनिश शाहीले २ अंक जोडे। विजेताले ४० हजार नगद पुरस्कार पायो भने उपविजेताले २० हजार नगदमा चित्त बुझायो।

नेपाल बास्केटबल संघ (नेबा) को सहकार्यमा ललितपुर जिल्ला बास्केटबल संघले आयोजना गरेको प्रतियोगिताको महिला उपाधि भिडन्तमा प्राइम 'डि' ले प्राइम 'ए' लाई १३-११ ले हरायो। जितमा लुनिभा सिंहले १०, सिर्जना गिरीले २ र येति क्षेत्रीले १ अंक योगदान गरे। प्राइम 'डि' ले ३० हजार तथा प्राइम 'ए' ले १५ हजार नगद पुरस्कार हात पारे।

पुरुषमा राजिव जोशी र महिलामा लुनिभा सिंह 'मोस्ट भेलुएबल प्लेयर' चुनिए। उपाधि विजेता टोलीका दुवैलाई समान ७-७ हजार नगदबाट पुरस्कृत गरियो।

लिग कम नकआउट आधारमा भएको प्रतियोगिताको अन्तिम दिन आइतबार सबै चरणका नकआउट खेल भएका थिए। पहिलो दिन शनिबार समूह चरणको खेल खेलाइएको थियो।

विजेतालाई नेपाल ओलम्पिक कमिटी (एनओसी) का अध्यक्ष जीवनराम श्रेष्ठ, राखेपका उपाध्यक्ष एवं एनओसीका महासचिवसमेत रहेका नेबाका अध्यक्ष लामा टेन्डी शेर्पा, नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजीबहादुर श्रेष्ठ, नेबाका उपाध्यक्ष भुवनसिंह गुरुङ, महासचिव नरेन्द्र थापा, आयोजक ललितपुर जिल्ला बास्केटबल संघका महासचिव शरद् विष्टलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे। दुईदिने प्रतियोगिताको पुरुषमा ४८ तथा महिलामा १२ गरी ६० टिम सहभागी थिए।

# पूर्ण र सोनीलाई अवार्ड

काठमाडौं, (नेस)

नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघ (आईटीएफ) ले आफ्ना दुई खेलाडीलाई आईटीएफ वर्ष खेलाडी- २०७३ अवार्डबाट सम्मान गरेको छ। पुरुषमा त्रिभूवन आर्मी क्लबका पूर्णबहादुर मगर तथा महिलामा भक्तपुरकी सोनी खड्कालाई नगदसहित वर्ष खेलाडी अवार्डबाट सम्मान गरिएको हो। दुवैले गत वर्ष सातौं राष्ट्रिय खेलकुद र महासंघले आयोजना गरेको दुई राष्ट्रिय प्रतियोगितामा स्वर्ण जितेका थिए। सोही अवसरमा घमबहादुर थापालाई उत्कृष्ट प्रशिक्षकको अवार्डबाट सम्मान गरियो भने सक्रिएताका आधारमा नवलपरासी जिल्ला आईटीएफ संघलाई उत्कृष्ट संघ घोषणा गर्दै पुरस्कृत गरियो। सम्मानित चारैले समान ५-५ हजार नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो। जिल्ला संघको तर्फबाट अध्यक्ष ऋतमान मगरले पुरस्कार थापे।

सातौं राष्ट्रिय खेलकुदमा मध्यमाञ्चल टोलीको प्रशिक्षकको भूमिका निर्वाह गरेका घमले टोलीलाई दोस्रो स्थान दिलाउन सफल भएका थिए। घमले संघले आयोजना गरेको नगद पुरस्कार राशीको प्रोफेसनल प्रतियोगितामा उपाधि जितेका दिनेश बुढालाई प्रशिक्षण दिएका थिए। उत्तर कोरियामा हुने विश्व च्याम्पियनसिपका लागि छनोट भएका दिनेशलाई हाल घमले नै प्रशिक्षण दिइरहेका छन्।

युवा तथा खेलकुद मन्त्री राजेन्द्रकुमार केसीले उनीहरुलाई नगद र सम्मानपत्र प्रदान गरी त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रड सेन्टरमा महासंघको २० औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा पुरस्कृत गरे। त्यस अवसरमा महासंघका अध्यक्ष अञ्जन धमलाले खेलकुद मन्त्री केसीलाई प्रशंसापत्र प्रदान गरी सम्मान गरेका थिए। सोही अवसरमा मृगौला रोगबाट पीडित आईटीएफका पूर्व खेलाडी एवं प्रशिक्षक सुरज थापालाई महासंघले ५० हजार आर्थिक सहयोग उपलब्ध गराएको थियो।


## आवश्यकता

१. **भाषा सम्पादक**
**योग्यता :** नेपाली भाषामा स्नातक
**थप योग्यता :** कम्प्युटरमा नेपाली भाषामा टाइप गर्न सक्ने
**तलब :** आकर्षक
**काम गर्नुपर्ने समय :** साँझ ६ बजेदेखि १० बजेसम्म ।
**आवश्यक संख्या :** ५

२. **फोटो पत्रकार**
**योग्यता :** समाचारमूलक फोटो खिच्न सक्ने
**तलब :** आकर्षक
**आवश्यक संख्या :** २

(इच्छुक महानुभावहरुले यही साउन ३० गतेभित्र nightnews100@gmail.com मा आवेदन गर्नुहुन सूचित गरिन्छ ।)

**कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.**
भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ